# अध्याय एक
# शोध परिचय

## १. शोध परिचय

## १.१ शोध शीर्षक

यस शोधको शीर्षक **'सिन्धुली जिल्लाका निम्न माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन'** रहेको छ ।

### १.२ शोध प्रयोजन

प्रस्तुत शोध त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम.एड. नेपाली दोस्रो वर्षको नेपा.शि. ५९८ को पाठ्यांशको प्रयोजनको लागि तयार पारिएको हो ।

### १.३ समस्याकथन

यस शोध सिन्धुली जिल्लाका निम्न माध्यमिक तहमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीसम्बन्धी निम्न समस्याहरूमाथि अध्ययन गरिएको छ :

(क) नेपाली भाषा शिक्षण गर्दा के-कस्ता शैक्षिक सामग्रीहरू प्रयोग भएका छन्?

(ख) नेपाली भाषा शिक्षणमा प्रयोग गरिएका शैक्षिक सामग्रीलाई के कति भागमा वर्गीकरण गर्न सकिन्छ ?

(ग) नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको महत्व के कस्तो रहेको छ?

(घ) सिन्धुली जिल्लाका विद्यालयहरूमा नेपाली भाषा शिक्षण गर्दा शैक्षिक सामग्रीहरूको प्रयोग गर्ने वातावरण छ/छैन ?

(ङ) सिन्धुली जिल्लाका विद्यालयहरूमा भाषा शिक्षणका लागि आवश्यक पर्ने शैक्षिक सामग्री निर्माण र खरिद भएका छन्/छैनन् ?

(च) सिन्धुली जिल्लामा नेपाली भाषा शिक्षण गर्दा शिक्षकहरूबाट शैक्षिक सामग्रीहरूको प्रयोग तथा उपयोग भएका छन्/छैनन् ?

(छ) सिन्धुली जिल्लामा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोगका समस्या के के रहेका छन्? साथै उक्त समस्या समाधानका उपायहरू के के हुन सक्छन् ?

## १.४ शोध अध्ययनका उद्देश्यहरू

यस अध्ययनका निम्न उद्देश्यहरू रहेका छन्:

प्रस्तुत शोधपत्रका निम्नलिखित उद्देश्यहरू रहेका छन्:

(क) नेपाली भाषा शिक्षणमा प्रयोग गरिने शैक्षिक सामग्रीको परिचय दिनु,

(ख) नेपाली भाषा शिक्षणअन्तर्गत प्रयोग गरिने शैक्षिक सामग्रीहरूको वर्गीकरण गर्नु,

(ग) नेपाली भाषा शिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीहरूको महत्वमाथि प्रकाश पार्नु,

(घ) सिन्धुली जिल्लाका विद्यालयमा शैक्षिक सामग्री प्रयोगको वातावरण कस्तो छ? पत्ता लगाउनु,

(ङ) सिन्धुली जिल्लामा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोगको वास्तविक स्थिति पत्ता लगाउनु,

(च) सिन्धुली जिल्लामा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोगका समस्या र समाधानका उपायबारे चर्चा गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

पूर्वकार्यको समीक्षा भन्नाले समान विषयमा आफूभन्दा अगाडि भए गरेका कार्यहरूको सकारात्मक र नकारात्मक पक्षको विश्लेषण गर्ने कार्य हो । यसले आफूले कार्य गर्नुभन्दा पूर्वका समान कार्यसँग सम्बन्धित नकारात्मक पक्षहरूलाई त्याग्दै सकारात्मक पक्षको अनुकरण गर्न अनुसन्धानकर्तालाई प्रेरित गर्दछ । फेरि एउटै विषयवस्तुप्रतिको पटक-पटकको खोज-अनुसन्धान र विश्लेषणले विषयको गरिमालाई पनि घटाउने भएकाले शोधकर्ताले आफूलाई नयाँ विषयवस्तुको माध्यमबाट प्रस्तुत गराई पृथक पहिचान कायम गर्नु राम्रो हुने भएकाले शोधका सम्बन्धमा पूर्वकार्यको समीक्षा अनिवार्य मानिन्छ । यो शोधपत्र निम्न माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीमा केन्द्रित रहेकाले पूर्वकार्यको समीक्षा पनि यस विषयको सेरोफेरोमा रहेर गरिएको छ ।

शैक्षिक उद्देश्य प्राप्तिका लागि कक्षाकोठाभित्र शिक्षणका सन्दर्भमा प्रयोग गरिने सामग्रीहरूलाई शैक्षिक सामग्री भनिन्छ । नेपाली भाषा शिक्षकले कक्षाकोठामा सम्बन्धित पाठको व्याख्या, विवेचना र वर्णन मात्र गरेर पुग्दैन । यसबाट विद्यार्थीहरूलाई दिन खोजेको विषयवस्तु स्पष्ट पार्न पनि सकिंदैन । सहज र सरल रूपमा विद्यार्थीहरलाई ज्ञान, सीप र धारणाको विकास गराउन शिक्षणको क्रममा शैक्षिक सामग्रीको प्रयोग आवश्यक हुन्छ ।

शैक्षिक सामग्रीको प्रयोगले शिक्षण कार्यलाई रोचक, जीवन्त र सार्थक पनि तुल्याउँछ । नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । यो भाषा नेपाली कला, संस्कृति, इतिहास र साहित्य जस्ता विषयहरूको प्रचारको माध्यम पनि हो । भाषिक क्षेत्रमा यसको प्रभाव र महत्व जुन रूपमा बढेको छ, त्यसैअनुरूप शैक्षणिक क्षेत्रमा पनि परिवर्तन हुन जरूरी छ । नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोग कस्तो छ? शैक्षिक सामग्रीको प्रयोगबाट भाषा शिक्षणमा कस्तो फाइदा हुन्छ ? यसको आवश्यकता किन महसुस गरिएको हो? भन्ने बारेमा अध्ययन गरिनु पर्दछ तर यस्तो महत्वपूर्ण विषयमा पनि तुलनात्मक रूपमा अध्ययन अनुसन्धान कम नै भएको पाइन्छ । विभिन्न तहका पाठ्यपुस्तक तथा अन्य सन्दर्भ सामग्रीहरू प्रकाशन गर्ने क्रममा शैक्षिक सामग्रीको प्रयोग आवश्यकता र महत्वसम्बन्धमा विशेष चर्चा गरिएको पाइन्छ । यसरी शैक्षिक सामग्रीको महत्व आफ्ना ग्रन्थहरूमा उल्लेख गर्नेहरूमा प्रा.डा. हेमाङ्गराज अधिकारी, प्रा.डा.केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेल, सह प्रा.डा. यादवप्रकाश लामिछाने, प्रा. भोजराज ढुङ्गेल, दुर्गाप्रसाद दाहाल, प्रा.डा. रामचन्द्र लम्साल, वासुदेव गौतम र गणेशराज अधिकारी, डा. माधवप्रसाद आचार्य र रामप्रसाद गौतम, लेखनाथ पौडेल र नेत्रप्रसाद पौडेल प्रमुख रहेका छन् ।

वि.सं. २०४१ सालमा शिक्षा अनुसन्धान तथा विकास केन्द्र सेरिडले गरेको **प्राथमिक शिक्षामा प्रभावकारिता अध्ययन प्रतिवेदनमा** केही जिल्लाको केही विद्यालयहरूमा मात्र शैक्षिक सामग्री प्रयोगको सामान्य अवस्थालाई देखाइएको छ ।

त्यसैगरी सन् १९८६ मा त्रि.वि.शिक्षा अनुसन्धान तथा विकास केन्द्र सेरिडले इन्टरनेशनल डेभलपमेन्ट रिसर्च सेन्टर क्यानाडाको संयुक्त प्रयासमा **प्राथमिक विद्यालयमा शैक्षणिक सुधार भन्ने अन्तिम प्रतिवेदन** प्रकाशित गरेको पाइन्छ । उक्त सर्वेक्षणमा प्राप्त निष्कर्षमा भनिएको छ- 'नेपाली भाषा शिक्षण गर्दा पाठ्यपुस्तकका अतिरिक्त शब्दपत्ती, वाक्यपत्ती, चार्टहरू, चित्रहरू प्रयोग गरेको पाइयो ।'

यसरी उक्त अनुसन्धान सहरबजारका प्राथमिक विद्यालयहरूमा केन्द्रित भएर गरिएको हो । यसले नेपाली भाषा शिक्षणमा प्रयोग भएका शैक्षिक सामग्रीसम्बन्धी एक आंशिक खोज र अध्ययन मात्र गरेको छ ।

शैक्षिक सामगीको प्रयोगसँग सम्बन्धित नरेन्द्रप्रसाद शर्माले **शैक्षिक सामग्रीको प्रयोग एक अध्ययन** (**२०५४**) शीर्षकको अनुसन्धानमा भाषा शिक्षणमा शैक्षिक सामग्रीको अनिवार्य आवश्यकता हुने निष्कर्ष निकालिएको छ ।

शैक्षिक सामग्री विषयमा विष्णु घिमिरेले वि.सं. २०५४ सालमा **कक्षा १, २, ३ का नेपाली भाषा पाठ्यपुस्तकमा राखिएका चित्रहरूको अध्ययन** शीर्षकमा शोधपत्र तयार गरेको पाइन्छ । यसमा शैक्षिक सामग्रीको अध्ययनभन्दा पनि पाठ्यपुस्तक भित्रका चित्रको मात्र व्याख्या गरिएको देखिन्छ । उनको अध्ययन प्राथमिक तह १,२,३ कक्षाका पाठ्यपुस्तकमा रहेका चित्रहरूको परिचय दिने, भाषा शिक्षणमा चित्रहरूको आवश्यकताको पहिचान दिने, प्रयुक्त चित्रहरूको वर्गीकरण र विश्लेषण गर्ने प्रमुख उद्देश्यमा केन्द्रित छ । शोधका प्रमुख निष्कर्षहरूमा कक्षा १ को तुलनामा समष्टिमा २ र ३ कक्षाका पाठ्यपुस्तकमा दिइएका चित्रहरू अपेक्षित रूपमा उपयोगी भएका,साना कक्षाहरूका चित्रहरूको साइज अलि ठूलो र स्पष्ट नभएको कतिपय चित्रहरू पाठको मर्मभन्दा भिन्न प्रकृतिका रहेका र पाठको प्रयोजनभन्दा चित्रकारको स्वविवेकबाट चित्रको निर्माण भएको देखिन्छ ।

वि.सं. २०५५ सालमा महेन्द्ररत्न ताहाचलका एम्.एड्. द्वितीय वर्षका विद्यार्थी तोयानाथ खनालले **कक्षा ५ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधिहरूको अध्ययन** नामक शोध पत्र तयार पारेको पाइयो । उक्त शोधपत्रमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग भएका शैक्षिक सामग्रीको अंश समेत प्रस्तुत गरेको पाइयो । शोधकार्यलाई पूर्णता दिनका लागि तथा सामग्री सङ्कलनका क्रममा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका जम्मा ४० ओटा विद्यालयहरूलाई जनसङ्ख्याको रूपमा लिइएको पाइयो साथै तुलनात्मक अध्ययनका लागि सहरी क्षेत्रका २२, ग्रामीण क्षेत्रका १८, सरकारी स्वामित्वका २०, निजी तथा आवासीय २० गरी जम्मा ८० जना विद्यार्थीबाट तथ्य प्राप्त गरिएको छ । उक्त शोध अध्ययनमा नेपाली भाषा शिक्षण गर्दा सहायक सामग्रीको रूपमा कालोपाटी समेत प्रयोग नगर्ने शिक्षकहरू ६ जना, कालोपाटीमा पाठ शीर्षक मात्र लेख्ने शिक्षकहरू १३ जना, विधा र उद्देश्य अनुसार आवश्यक मात्रामा कालोपाटीको उच्चतम प्रयोग गर्ने शिक्षकहरू ५ जना र विविध शैक्षिक सामग्री प्रयोग गर्ने शिक्षक एक जना मात्र पाइयो ।

उक्त शोध अध्ययन विशेषगरी नेपाली भाषा शिक्षण गर्दा कक्षा ५ मा प्रयोग भएका शिक्षण विधिहरूको एक अध्ययन भएको हुँदा यसमा शैक्षिक सामग्रीसम्वन्धी सामान्य अंश मात्र प्रस्तुत गरेको पाइन्छ । शिक्षकहरूले कक्षामा प्रयोग गरेका शैक्षिक सामग्रीको व्यापक अध्ययन र वर्गीकरण गरिएको छैन र सामान्य रूपमा केही विद्यालयको स्थिति मात्र देखाइएको छ ।

शैक्षिक सामग्रीसम्वन्धी शोध अनुसन्धान गर्ने क्रममा महेन्द्ररत्न क्याम्पस ताहाचल, काठमाडौँका विद्यार्थी ज्ञानप्रसाद भट्टराईले **कक्षा १ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग भएका शैक्षिक सामग्रीहरूको सर्वेक्षण** (२०५६) शीर्षकमा अनुसन्धान गरेका छन् । उनको अध्ययन नेपाली भाषा शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग भएको छ/ छैन सर्वेक्षण गर्ने सरकारी र निजी विद्यालयका शिक्षककहरूले नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरेका शैक्षिक सामग्रीका बीचमा भिन्नता छ/छैन पत्ता लगाउने, सहरी र ग्रामीण क्षेत्रमा सञ्चालित विद्यालयका शिक्षककहरूले नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरेका शैक्षिक सामग्रीहरू बीच भिन्नता छ वा छैन पत्ता लगाउने, शैक्षिक सामग्रीको प्रयोगका सम्बन्धमा शिक्षकको काम गराइ र कुरा गराइबीच भिन्नता छ वा छैन पत्ता लगाउनुजस्ता मुख्य उद्देश्यमा शोधकार्य केन्द्रित रहेको छ । यो शोध मुख्यतः क्षेत्रीय अध्ययन विधिमा आधारित छ । यसका लागि काठमाडौँ र ओखलढुङगा जिल्लाका १० वटा विद्यालयलाई प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ । यसबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी तुलनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ । यस शोधका प्रमुख निष्कर्षहरूमा नेपाली भाषा शिक्षण गर्दा शिक्षकले सबैभन्दा बढी कालोपाटीको प्रयोग गरिएको सरकारी विद्यालयको तुलनामा निजी विद्यालयमा शैक्षिक सामग्रीको बढी प्रयोग गरिएको, पाठ्यक्रम, विषय, विस्तृतीकरण, शिक्षक निर्देशिका आदिको प्रयोग नगरेको साथै शैक्षिक सामग्रीका सन्दर्भमा शिक्षकको कुरा गराइ र काम गराइ बीच प्रशस्त भिन्नता पाइयो ।

शैक्षिक सामग्री प्रयोगको अनुसन्धानकै क्रममा निमानन्द भुषालले **अर्घाखाचीका मा.वि. तहमा नेपाली शिक्षणमा शैक्षिक सामग्री प्रयोगको वर्तमान स्थिति** (२०५९) शीर्षकमा अनुसन्धान गरेका छन् । उनले शोधपत्र तयार पार्ने क्रममा अर्घाखाँची जिल्लाका १२ ओटा विद्यालयमा अध्ययन अनुसन्धान गरी मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्दा उपयोगमा ल्याइएका र ल्याउन सकिने शैक्षिक सामग्री तथा तिनको महत्व दर्शाउने काम गरिएको छ । शोधमा विद्यालयको कमजोर आर्थिक अवस्था, सामग्रीहरूको निर्माण र प्रयोगबारे अनभिज्ञ शिक्षक, पर्याप्त तालिम तथा अनुगमनको अभाव आदि समस्याले गर्दा सम्बद्ध जिल्लामा अत्यन्त न्यून सामग्रीहरू प्रयोग हुने गरेको निष्कर्ष निकालिएको छ ।

त्यसैगरी शैक्षिक सामग्रीसँग सम्बन्ध राख्ने गरी प्रयागराज खड्काले **कक्षा ६ को हाम्रो नेपाली कितावमा समाविष्ट चित्रहरूको अध्ययन** (२०५९) शीर्षकमा अनुसन्धान गरेका छन् । शोधमा पाठ १, ८, ९ र १० का चित्रहरू अस्पष्ट रहेको तथा २ र ७ पाठका

चित्रहरूको रखाइको ढाँचा नमिलेको, पाठ ७ को चित्र अस्पष्ट रहेको , ३, ७, ८ र ९ का चित्रहरू त्यति उपयुक्त नरहेको भौगोलिक तथा जातीय विविधताका आधारमा महिलाहरूको प्रतिनिधित्व चित्रमा हुन नसकेको र कतिपय चित्रहरूको रङ आकर्षक नभएको निष्कर्ष निकालिएको छ ।

त्यस्तै मानबहादुर रानाले जाजरकोट जिल्लाका विद्यालयहरूमा **कक्षा १ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन** (२०६०) शीर्षकमा अनुसन्धान गरेका छन् । मूल रूपमा क्षेत्रीय अध्ययन विधिमा आधारित यस शोधपत्रमा जाजरकोट जिल्लाका ३० ओटा विद्यालयहरूलाई प्रतिनिधि नमुनाको रूपमा छनोट गरी सामग्री निर्माण, अध्ययन, तथ्य सङ्कलन र व्याख्या, विश्लेषण गरी प्रतिवेदन तयार पारिएको छ । शोधमा जाजरकोट जिल्लाका अधिकांश विद्यालयमा कक्षा १ मा नेपाली भाषा शिक्षण गर्दा शैक्षिक सामाग्रीका रूपमा कालोपाटी र पाठ्यपुस्तक मात्र प्रयोग गरिएको, तालिम अप्राप्त शिक्षकलाई शैक्षिक सामग्रीको बारेमा ज्ञान नभएको तर तालिम प्राप्तलाई ज्ञान भएपनि प्रयोग नगरेका, कुनै विद्यालयमा कालोपाटी पनि उचित मात्रामा प्रयोग नगरिएको र खुला चौरमा विद्यार्थीहरुलाई राखेर शिक्षण गरिएको निष्कर्ष निकालिएको छ ।

शोध अध्ययनकै क्रममा राधारमण खतिवडाले **नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोगसम्वन्धी एक अध्ययन** (२०६१) शीर्षकमा अनुसन्धान गरेका छन् । शोधमा आर्थिक अभावको कारण शैक्षिक सामग्री निर्माण र प्रयोग गर्न नसकिएको, तालिम नलिएका नेपाली भाषा शिक्षकहरूमा शैक्षिक सामग्री सङ्कलन, निर्माण र प्रयोगबारे यथेष्ट जानकारी नभएको, ग्रामीण क्षेत्रका विद्यालयहरूमा शैक्षिक सामग्रीहरूको नमूनासम्म पाउन नसकिएको स्थानीय स्रोत र साधनबाटै प्राप्त हुने शैक्षिक सामग्रीलाई शिक्षकहरूले सङ्कलन , निर्माण र प्रयोग गर्नुपर्नेमा त्यसो नगरिएको निष्कर्ष निकालिएको छ ।

शैक्षिक सामग्रीको अध्ययनसँग सम्बन्धित भएर यज्ञबहादुर खत्रीले **दोलखा जिल्लाका कक्षा ८ का नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीहरूको अध्ययन** (२०६४) शीर्षकमा शोधपत्र तयार पारेका छन् । शोधमा दोलखा जिल्लाका नि.मा.वि. र मा.वि. तहका १० वटा विद्यालयका कक्षा ८ मा नेपाली भाषा अध्यापन गर्ने शिक्षकहरूलाई प्रतिनिधि नमूना बनाइएको छ । उक्त अध्ययनबाट दोलखा जिल्लामा शैक्षिक सामग्री प्रयोग गर्ने शिक्षक सङ्ख्या न्यून रहेको, विद्यालयमा शैक्षिक सामग्री भएर पनि प्रयोग नगरिएको, सामग्रीको संरक्षणमा विद्यालयले ध्यान नदिएको, पुरानै विधिबाट र दैनिक प्रयोगका सामग्री

चक, डस्टर र कालोपाटीको भरमा व्याख्यान विधिबाट शिक्षण गरिएको ८० प्रतिशत शिक्षक तालिम प्राप्त भएपनि तालिम प्राप्त र तालिम अप्राप्त बीचमा फरक नदेखिएको निष्कर्ष निकालिएको छ ।

२०६४ सालमै लक्ष्मीमाया श्रेष्ठले **गोरखा जिल्लाको प्रा.वि.तहमा नेपाली शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति एक अध्ययन** शीर्षकमा शोध तयार पारेको पाइन्छ । शोधमा आर्थिक अभावका कारण शैक्षिक सामग्री निर्माण र प्रयोग गर्न नसकिएको, विद्यालयमा उपलब्ध शैक्षिक सामग्री पनि शिक्षकद्वारा प्रयोग नगरिएका शैक्षिक सामग्रीको महत्व शिक्षकले बुझ्न नसकेको हुँदा शैक्षिक सामग्रीहरूको न्यून रूपमा मात्र प्रयोग गरिएको शैक्षिक सामग्रीलाई भाषा शिक्षणको अभिन्न र अनिवार्य पाटोको रूपमा विकसित गर्न सकिएमा अपेक्षित शैक्षिक उद्देश्य हासिल हुने निष्कर्ष निकालिएको छ ।

शोध अध्ययनकै क्रममा उर्मिला पोखरेलले **सर्लाही जिल्लाका विद्यालयहरूमा कक्षा १ मा नेपाली भाषा शिक्षणमा प्रयुक्त शैक्षिक सामग्रीको अध्ययन** (२०६६) शीर्षकमा शोधपत्र तयार पारेकी छन् । सर्लाही जिल्लाका कक्षा १ पढाइ हुने २० ओटा विद्यालयका शिक्षक, शिक्षिकाहरूलाई प्रतिनिधि नमूना बनाई गरिएको यो अध्ययनमा पाठ्यपुस्तक र कालोपाटी नै प्रमुख शैक्षिक सामग्रीको रूपमा प्रयोग गरिएको, तालिम प्राप्त र तालिम अप्राप्त शिक्षक प्रतिशत समान रहेको पाइएको, तालिम प्राप्त शिक्षकबाट शैक्षिक सामग्री निर्माण र प्रयोगको जानकारी भएर पनि चासो नदेखाइएको, तालिम अप्राप्त शिक्षकद्वारा शैक्षिक सामग्रीको सम्बन्धमा आवश्यक ज्ञान, सीप र तालिमको अभावले सामग्रीको प्रयोग नगरिएको, शैक्षिक सामग्री प्रयोग गर्ने र नगर्ने शिक्षकहरूलाई दण्ड वा पुरस्कारको कुनै व्यवस्था नभएकोले सामग्री प्रयोग शिक्षकहरूको स्वेच्छामा भर परेको, समय-समयमा कक्षा अवलोकन गरी आवश्यक सल्लाह, सुझाव नदिइनु जस्ता कुराहरूले शिक्षण प्रक्रिया झन खस्किदो अवस्थामा गइरहेको शिक्षकहरूको शैक्षिक सामग्री प्रयोगको बारेमा भनाइ र गराइकाबीच प्रशस्त भिन्नता रहेको निष्कर्ष निकालिएको छ ।

शैक्षिक सामग्रीको अध्ययनसँग सम्बन्धित भएर दिलभक्त राईले **खोटाङ जिल्लाका प्रा.वि. तहमा नेपाली शिक्षणका सन्दर्भमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति : एक अध्ययन** (२०६७) शीर्षकमा अनुसन्धान गरेका छन् । खोटाङ जिल्लाको प्रा.वि., नि.मा.वि. र मा.वि. गरी १० वटा विद्यालयका प्राथमिक तहमा अध्यापन गराउने नेपाली भाषा शिक्षकलाई जनसङ्ख्याका रूपमा लिएर गरिएको अध्ययनमा आर्थिक स्रोतको अभावमा

शैक्षिक सामग्रीको उपयोग गर्न नसकिएको , शिक्षक तालिम प्राप्त भएता पनि सामग्री सङ्कलन, निर्माण र प्रयोगबारे अनभिज्ञ पाइएको, नेपाली शिक्षणलाई अबहेलना गरिएको भौगोलिक विकटता भएको क्षेत्र हुनाले पाठ्यपुस्तक समेत समयमा विद्यालयमा पुऱ्याउन नसकिएको अवस्थामा अन्य विषयहरू गौण बन्न पुगेको निष्कर्ष निकालिएको छ ।

शोध अध्ययनकै क्रममा महेश्वर घिमिरेले **गुल्मी जिल्ला स्थित नि.मा.वि. तहको नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति** (२०६७) शीर्षकमो शोधपत्र तयार पार्ने क्रममा गुल्मी जिल्लाका ७ वटा विद्यालयमा नि.मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षक शिक्षिकालाई जनसङ्ख्याको रूपमा लिइएको छ । प्रस्तुत अध्ययनमा आर्थिक अवस्था कमजोर र शिक्षक दरबन्दी कमी भएका विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगमा समस्या रहेको निष्कर्ष निकालिएको छ ।

शोध अध्ययनकै क्रममा सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर मोरङका एम.एड. दोस्रो वर्षका विद्यार्थी सूर्यप्रसाद सापकोटाले **झापा जिल्लाका निम्न माध्यमिक तह (कक्षा ६-८) मा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन** (२०६७) शीर्षकमा शोधपत्र तयार पारेका छन् । झापा जिल्लाका १० ओटा सरकारी र १० जना नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूले भरेका प्रश्नावली र कक्षा अवलोकनको आधारमा विश्लेषणात्मक ढङ्गले निष्कर्ष निकालिएको छ । शोधमा आर्थिक समस्याको कारण शैक्षिक सामग्रीको प्रबन्ध गर्न विद्यालय असमर्थ भएको, शिक्षकहरू तालिम प्राप्त र स्थायी भएपनि तालिममा प्राप्त गरेको सैद्धान्तिक ज्ञान र व्यावहारिक सीपको प्रयोग कक्षाकोठामा गर्न पूर्ण रूपमा सफल नभएका, कार्यदक्षताको आधारमा मूल्याङ्कन एवम् मूल्याङ्कन पश्चात् पुरस्कार र दण्डको उचित व्यवस्था नहुँदा शैक्षिक सामग्रीको प्रयोगमा प्रभावकारिता ल्याउन नसकिएको विद्यालय शिक्षक दरबन्दी कम भएका हुँदा शिक्षकको कार्यबोझ बढी भएर शैक्षिक सामग्री छनोट, निर्माण र प्रयोगमा पछिपरेका स्थानीय स्तरका सामग्रीप्रति शिक्षकको ध्यान गएको नपाइएको, शिक्षक निर्देशिका समयमै शिक्षकलाई उपलब्ध गराउनु पर्ने साथै व्याख्यान विधिको प्रयोगमा कम गरी शैक्षिक सामग्रीको प्रयोगमा जोड दिइनुपर्ने निष्कर्ष निकालिएको छ ।

शैक्षिक सामग्रीको अध्ययनसँग सम्बन्धित भएर त्रि.वि. कीर्तिपुरका एम्.एड्. दोस्रो वर्षका विद्यार्थी ललितप्रकाश चन्दले **बाँके जिल्लाका विद्यालयहरूमा कक्षा ९ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको उपयोगिता अध्ययन** (२०६७) शीर्षकमा

शोधपत्र तयार पारेका छन् । उक्त शोधपत्रमा जनसङ्ख्याका रूपमा बाँके जिल्लाका १० ओटा सरकारी विद्यालयका कक्षा ९ मा नेपाली भाषा शिक्षण गर्ने शिक्षक र प्रत्येक विद्यालयका कक्षा ९ मा अध्ययनरत १० जना विद्यार्थीले भरेका प्रश्नावली र अवलोकनकर्ताले भर्ने अवलोकन फारमबाट निष्कर्ष निकालिएको छ । उक्त शोधमा आर्थिक समस्याको कारण शैक्षिक सामग्री खरिद गर्न सरकारबाट छुट्टै बजेटको व्यवस्था गरिनुपर्ने, तालिम प्राप्त शिक्षकहरूलाई मात्र शिक्षण सेवामा प्रवेश दिइनु पर्ने, शिक्षकहरूको ज्ञान, सीप र वृत्ति विकासको लागि विभिन्न समयमा दिइएका तालिमहरूको कार्यान्वयन भए/नभएको मूल्याङ्कन गरी सल्लाह दिइनु पर्ने विद्यालयमा उपलब्ध हुन नसक्ने शैक्षिक सामग्री शिक्षा कार्यालयमार्फत् वितरणको व्यवस्था मिलाउने, शैक्षिक सामग्री प्रयोग नगर्ने प्रचलनको अन्त्यका लागि शिक्षा कार्यालयमार्फत् कडा नीति अवलम्बन गर्नुपर्ने निष्कर्ष निकालिएको छ ।

शोध अध्ययनकै क्रममा हिरण्यप्रसाद बरालले **सर्लाही जिल्लाका कक्षा ६ मा भाषा शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययन** (२०६८) शीर्षकमा शोधपत्र तयार पारेका छन् । यस अध्ययनको जनसङ्ख्याको रूपमा सर्लाही जिल्लाका ८ ओटा निम्न माध्यमिक विद्यालयका कक्षा ६ मा नेपाली भाषा अध्यापन गर्ने शिक्षकहरूलाई लिई प्राप्त तथ्याङ्कलाई तालिकीकरण, वर्गीकरण, विश्लेषण गरेर निष्कर्षमा पुग्ने काम भएको छ । उक्त शोधपत्रमा विद्यालयमा दरबन्दी कम भएर निजीस्रोतबाट शिक्षक राखिनु पर्ने भएकाले आर्थिक अभावका कारण शैक्षिक सामग्री खरिद र उपयोग गर्न नसकिएको, राम्रो काम गर्ने शिक्षकलाई पुरस्कार नराम्रो काम गर्ने शिक्षकलाई दण्डको व्यवस्था नगरिएको हुँदा शैक्षिक सामग्रीको प्रयोगमा कमी आएको, विकट पहाडी क्षेत्रका विद्यालयमा शैक्षिक सामग्रीको नमुना पाउन समेत नसकिएको, शिक्षक निर्देशिकाको विद्यालयमा अभाव भएको, तालिममा प्राप्त ज्ञान र सीप शिक्षकबाट उपयोग नगरिएको, स्थानीय शैक्षिक सामग्रीमा शिक्षकहरूको ध्यान नगएको, शिक्षकको कार्यबोझ बढी भएको हुँदा शैक्षिक सामग्री प्रयोग गर्न नसकिएको, राजनैतिक भागवण्डामा शिक्षक नियुक्ति हुने भएकाले योग्य शिक्षकको अभावका कारण शैक्षिक सामग्रीको प्रयोगमा कमी आएको निष्कर्ष निकालिएको छ ।

शैक्षिक सामग्री प्रयोगको अनुसन्धानको क्रममा गोविन्दप्रसाद पौडेलले **माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन** (२०६८) शीर्षकमा शोधपत्र तयार पारेका छन् । यस अध्ययनको जनसङ्ख्याका रूपमा सर्लाही जिल्लाका

माध्यमिक तहका निजी ५ तथा सरकारी ५ ओटा गरी जम्मा १० ओटा विद्यालयका नेपाली भाषा अध्यापन गर्ने १० जना शिक्षकहरूलाई लिई प्राप्त तथ्याङ्कलाई तालिकीकरण वर्गीकरण, विश्लेषण गरेर निष्कर्षमा पुग्ने काम भएको छ । उक्त शोधमा अधिकांश विद्यालयहरू आर्थिक स्रोतको अभावले शैक्षिक सामग्रीको उपयोग गर्न असमर्थ भएका, शिक्षकहरू तालिम प्राप्त भएपनि सामग्री सङ्कलन, निर्माण र प्रयोगबारे धेरै अनभिज्ञ भएका, शिक्षणमा पुरस्कार र दण्डको व्यवस्था नहुँदा शिक्षणमा परम्परागत धारणा विद्यमान भएको, स्थानीय स्रोत र साधनको उपयोग शैक्षिक सामग्रीको रूपमा नगरिनु, अधिकांश विद्यालयमा शिक्षक निर्देशिका पुऱ्याउन नसकिएको, व्याख्यान विधिलाई कम गर्ने प्रयासको थालनी नगरिएको, शिक्षक दरबन्दी कमी भएका कारण शिक्षकको कार्यबोझ बढी भई शैक्षिक सामग्री प्रयोग गर्न नसकिएको, विशेषगरी शैक्षिक सामग्रीको रूपमा कालोपाटी र पाठ्यपुस्तकको प्रयोग गरिएको शैक्षिक सामग्री सम्बन्धी आधुनिक उपकरणको प्रयोग भएको नपाइएको निष्कर्ष निकालिएको छ ।

शैक्षिक सामग्री प्रयोगको अनुसन्धानको क्रममा चतुर्भुज नेपालले **ता.न.पा. भित्रका संस्थागत माध्यमिक विद्यालयमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था** (२०६८) शीर्षकमा शोधपत्र तयार पारेका छन् । यस अध्ययनको जनसङ्ख्याको रूपमा पाल्पा जिल्लाको तानसेन नगरपालिकाअन्तर्गत पर्ने माध्यमिक तहका ७ ओटा संस्थागत विद्यालय, सम्बन्धित विद्यालयका ७ जना प्र.अ., नेपाली विषय अध्यापन गर्ने शिक्षकहरू र प्रतिनिधिमूलक विद्यार्थीहरूलाई आधार मानी प्राप्त तथ्याङ्कलाई तालिकीकरण, वर्गीकरण, विश्लेषण र व्याख्या गरी निष्कर्षमा पुग्ने काम भएको छ । शोधमा धेरै निजी विद्यालयहरूमा विद्यार्थी सङ्ख्या थोरै भएकाले संस्थागत विद्यालयहरू आर्थिक समस्याले ग्रस्त भएका र शैक्षिक सामग्रीहरू खरिद गरी शिक्षण गर्न विद्यालयहरू असमर्थ भएका, विद्यालयमा अस्थायी र तालिम नलिएका शिक्षकहरू प्रशस्त भएका, जतिसुकै योग्य र दक्ष भएपनि नेपाली भाषा शिक्षकलाई कमजोर शिक्षकका रूपमा हेर्ने परिपाटीले हीनताबोधको भावना नेपाली भाषा शिक्षकमा पैदा भएको, शिक्षकहरूलाई बेलाबेलामा पुनर्ताजगी तालिम दिने काम प्रभावकारी रूपमा हुन नसकेको, स्थानीय स्रोत साधनको उपयोग गरी शैक्षिक सामग्री सङ्कलन र निर्माण नगरिएको, निष्पक्ष मूल्याङ्कनको अभाव भएको, विद्यालयमा उपलब्ध सामग्री व्यवस्थित रूपमा संरक्षण हुन नसकेको हुँदा शैक्षिक सामग्रीको उचित प्रयोग गरी शिक्षण गर्न नसकिएको निष्कर्ष निकालिएको छ ।

शैक्षिक सामग्रीको विषयमा टेवा पुग्ने गरी सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुलीका एम.एड. द्वित्तीय वर्षका विद्यार्थी नारायणदत्त कोइरालाले **सिन्धुली जिल्लामा कक्षा ८ मा व्याकरण शिक्षण गर्दा अपनाइने कार्यकलापको अध्ययन** (२०६८) शीर्षकमा शोधपत्र तयार पारेको पाइयो । उक्त शोधपत्रमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग भएका शैक्षिक सामग्रीको अंश समेत प्रस्तुत गरेको पाइयो । उक्त शोध अध्ययनमा सिन्धुली जिल्लाका ५ ओटा सामुदायिक र ५ ओटा संस्थागत विद्यालयका कक्षा ८ मा अध्यापन गर्ने नेपाली विषयका शिक्षकले भरेका प्रश्नावली र कक्षा अवलोकनका आधारमा विश्लेषण गरिएको पाइयो । अध्ययन गरिएका अधिकांश विद्यालयहरूमा दैनिक उपयोगको सामग्रीबाहेक अन्य सामग्री प्रयोग नगरिएको, कक्षाभित्र पर्याप्त शैक्षिक सामग्री सजाएर राखिएको नपाइएको निष्कर्ष निकालिएको छ ।

त्यसैगरी जनजागृति उ.मा.वि. भिमानका शिक्षक एवम् सिन्धुली बहुमुखी क्याम्पसका उपप्राध्यापक कृष्णप्रसाद निरौलाले हालसालै प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिमको अवसरमा शैक्षिक सामग्रीसँग सम्बन्ध राख्ने **शैक्षिक सामग्री प्रयोगमा वृद्धि** (२०६९) शीर्षकमा अध्ययन प्रतिवेदन प्रस्तुत गरेको पाइयो । यस अध्ययन प्रतिवेदनको जनसङ्ख्याको रूपमा सिन्धुली जिल्लाअन्तर्गत जनजागृति उ.मा.वि. भीमानका कक्षा ८, ९ र १० का छात्रछात्रालाई २/२ समूहमा विभाजन गरी एक समूहलाई न्यून शैक्षिक सामग्री र अर्को समूहलाई अधिकतम शैक्षिक सामग्री प्रयोग गरी लिइएको परीक्षामा न्युनतम सामग्री प्रयोग गरिएको समूहले भन्दा अधिकतम सामग्री प्रयोग गरिएको समूहले औसत सिकाइ उपलब्धिमा उल्लेख्य वृद्धि गरेको पाइयो । उनको अर्को प्रयोग टिफिनपछि विद्यार्थी विद्यालय छाड्ने कुरामा सम्बन्धित छ । यस अध्ययनमा शैक्षिक सामग्रीको अधिकतम प्रयोग गर्दाको विद्यार्थी समूहको तुलनामा शैक्षिक सामग्री न्यूनतम प्रयोग गर्दाको समूह टिफिनपछि विद्यार्थी भाग्नेदर बढेको निष्कर्ष निकालिएको छ ।

यसरी शैक्षिक सामग्री सम्बन्धमा विभिन्न विद्वानहरूले विभिन्न तह र विषयका पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री लेख्ने क्रममा र उच्च तहमा अध्ययनरत विद्यार्थीहरूले निश्चित तहको योग्यता प्राप्त गर्न शोध पत्र तयार गर्ने क्रममा शैक्षिक सामग्रीको परिचय, महत्व र प्रयोगका सम्बन्धमा विभिन्न कोणबाट चर्चा गरिदै आएको पाइन्छ । शैक्षिक सामग्रीका सम्बन्धमा खोज र लेखनहरूले शिक्षण कार्यमा यसको अपरिहार्यतालाई पुष्टि गर्दछ । विभिन्न कक्षा, तह र विषयलाई आधार बनाएर शैक्षिक सामग्रीका सम्बन्धमा

गरिएको माथिका प्रयास र कार्यहरूले नेपाली भाषा शिक्षणमा संलग्न शिक्षकहरूलाई विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति लगायत सबै सरोकारवालाहरूमा आवश्यक मार्गनिर्देशन, सल्लाह, सुझाव प्राप्त हुने विश्वास गरिएको छ ।

शैक्षिक सामग्रीका सम्बन्धमा भए/गरेका माथिका कार्यहरूमा आधारित हुँदै माथि नसमेटिएका सिन्धुली जिल्लाको सन्दर्भमा निम्न माध्यमिक तहमा नेपाली भाषा शिक्षणमा प्रयोग गरिने शैक्षिक सामग्रीको अवस्थामा केन्द्रित रहेर हालसम्म कुनै शोधपत्र तयार नभएकाले यो शोधपत्र तयार पारिएको छ । विभिन्न कक्षाका नेपाली विषयसँग सम्बन्धित भएर तयार पारिएका माथिका शोधपत्रको तुलनामा यो शोधपत्र एउटा तहसँग सम्बन्धित भएर तयार गरिएको हुनाले तुलनात्मक रूपमा नवीन ठहरिनेछ । अग्रज विद्वानहरूको कार्य र प्रयासलाई आधार बनाएर नै शोधपत्र तयार गरिएको छ ।

### १.६ अध्ययनको औचित्य

सामान्य अर्थमा सामग्री भन्नाले औजार वा हतियारलाई बुझिन्छ । औजार भन्नाले कुनै कार्य गर्न सहयोग गर्ने साधन हो । तसर्थ शिक्षाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ति गर्न औजारको रूपमा प्रयोग गरिने वस्तुलाई शैक्षिक सामग्री भनिन्छ ।
शिक्षण सामग्रीको महत्व सम्बन्धमा कन्फ्युसियस भन्दछन्-" हजार शब्द बोलेर बुझाउने कुरा एउटै चित्रबाट बुझाउन सकिन्छ ।" (श्रीप्रसाद खनाल, शैक्षणिक विधि, २०६६, पृ.१२१)। एउटा उखान छ–"सुनेको कुरा बिर्सन्छ, देखेको कुरा सम्झिन्छ र गरेको कुरा बुझिन्छ ।" तसर्थ विद्यार्थीले देख्न सक्ने सामग्रीहरूको प्रयोग गरिएमा विद्यार्थीको स्मृतिलाई बढाउन सकिन्छ ।

आधुनिक समयमा शिक्षण सिकाइ प्रक्रियामा शैक्षिक सामग्रीलाई ज्यादै महत्व दिएको पाइन्छ । वैज्ञानिक-प्राविधिक विकाससँगै धेरै प्रकारका शिक्षण मेशिन तथा साधनहरू विकास गरिएका छन् । मनोवैज्ञानिक शैक्षिक सामग्रीहरूको पनि विकास गरिएको छ । सामग्री निर्माणमा प्राविधिक विकास भएको छ । तल्लो कक्षामा खेल सामग्रीदेखि लिएर उच्च तहमा मल्टिमिडियासम्मको प्रयोग थालिएको छ । नेपाली भाषा शिक्षणमा पनि भाषिक सीपको विकासका लागि आवश्यक र उपयोगी सामग्रीहरूको प्रयोग अनिवार्य मानिन्छ ।

शैक्षिक सामग्रीको विकास र आवश्यकताको सन्दर्भमा यसको अपरिहार्यतालाई प्रस्तुत शोधले स्पष्ट पार्ने भएकाले यस अध्ययनको औचित्य स्पष्ट हुन्छ ।

## १.७ अध्ययनका सीमाहरू

यस अध्ययनका निम्न सीमाहरू रहेका छन्:

(क) यस अध्ययनले निम्न माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने सामग्रीहरूलाई मात्र अध्ययनको परिधिमा राखिएको छ ।

(ख) यसमा सिन्धुली जिल्लाका १० ओटा सरकारी विद्यालयहरू श्री बेङ्कटेश्वर उच्च माध्यमिक विद्यालय बाहुनतिल्पुङ, श्री जनप्रेमी उच्च माध्यमिक विद्यालय स्याङ्ती, श्री प्रकाशोदय माध्यमिक विद्यालय खुरहरी, श्री निम्न माध्यमिक विद्यालय जोगीडाँडा, श्री भिमसेन निम्न माध्यमिक विद्यालय तिल्पुङडाँडा, श्री हिराथुम्की माध्यमिक विद्यालय तोश्रामखोला, श्री उच्च माध्यमिक विद्यालय लाम्पन बतासे, श्री माध्यमिक विद्यालय बाङरिङफेदी, श्री माध्यमिक विद्यालय महभीर तथा श्री उच्च माध्यमिक विद्यालय मझुवादोभान र यिनै विद्यालयमा नेपाली भाषा शिक्षण गर्ने १० जना शिक्षकहरू र १० जना प्रधानाध्यापकहरुका दृष्टिकोणका आधारमा मात्र विश्लेषणात्मक ढङ्गले निष्कर्ष निकालिएको छ ।

(ग) यस अध्ययनलाई सबै क्षेत्रका विद्यालयहरूमा सामान्यीकरण गर्न सकिएको छैन ।

## १.८ शोधविधि

यस शोधपत्रको तयारीका क्रममा निम्न विधिको प्रयोग गरिएको छ :

**(क) अध्ययन स्रोतहरू**

**(अ) प्राथमिक स्रोत**

प्राथमिक स्रोतअन्तर्गत प्रश्नावली, अन्तर्वार्ता, अवलोकन र प्रत्यक्ष सम्पर्कको माध्यमबाट प्राप्त शिक्षकहरूका दृष्टिकोण तथा अनुभवहरू र शोध निर्देशकका सुझावहरू रहेका छन् ।

### (आ) द्वितीय स्रोत

द्वितीय स्रोतअन्तर्गत पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका र प्रकाशित तथा अप्रकाशित शोध प्रबन्धहरू, लघु अध्ययन प्रतिवेदन रहेका छन् ।

### (ख) अध्ययन जनसङ्ख्या

यस अध्ययनको जनसङ्ख्याको रूपमा सिन्धुली जिल्लाका १० ओटा सामुदायिक विद्यालयका नेपाली भाषा शिक्षण गर्ने १० जना शिक्षकहरू र तिनै विद्यालयका १० जना प्रधानाध्यापकहरूलाई लिइएको छ ।

### (ग) सामग्री निर्माण र तथ्याङ्क सङ्कलन

प्रस्तुत अध्ययनको आवश्यक सूचना प्राप्तिका लागि ३ किसिमका फारमहरूको निर्माण गरिएको थियो । जसमा पहिलो प्रश्नावली फारम निर्माण गरेर निम्न माध्यमिक तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूलाई भर्न लगाइयो । जसमा १३ ओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू समावेश गरिएको थियो । त्यस्तै दोस्रो कक्षा अवलोकन फारम निर्माण गरी नेपाली भाषा शिक्षकहरूको प्रत्यक्ष कक्षा अवलोकन गरी अवलोकन फारम भरियो । अवलोकन फारममा भएका बुँदाहरूलाई अति उत्तम, उत्तम, मध्यम र निम्न गरी चार श्रेणीमा मापन गरिएको छ । त्यसैगरी तेस्रो फारम उक्त विद्यालयका प्रधानाध्यापकहरूले लिखित रूपमा भर्ने, अन्तर्वार्ता फारम निर्माण गरी १० जना प्रधानाध्यापकहरूलाई भर्न लगाइयो । जसमा १६ ओटा प्रश्नहरू समावेश गरिएका छन् । जसमध्ये ६ ओटा वस्तुगत र १० ओटा विषयगत प्रश्नहरू राखिएका थिए ।

### (घ) व्याख्या तथा विश्लेषण

शिक्षकहरूबाट भरिएका प्रश्नावली फारमबाट प्राप्त सूचनाहरूलाई विभिन्न पक्ष/विधाहरूमा विभाजन गरी साङ्ख्यिकीय व्याख्या, विश्लेषण गरियो । यी व्याख्या, विश्लेषण भाषा शिक्षणका विविध विधा/क्षेत्रहरूमा शैक्षिक सामग्री प्रयोगका सम्बन्धमा गरियो । त्यसक्रममा प्राप्त भएका तथ्यहरूमध्ये शोधकार्यमा प्रत्यक्ष सहयोग पुग्ने सूचनाहरूलाई मात्र उपयुक्त अंश मानेर व्याख्या तथा विश्लेषण गरिएको छ । शोध सामग्रीबाट प्राप्त तथ्यहरूलाई व्याख्या विश्लेषण गर्नका लागि तिनीहरूलाई उपयुक्त शीर्षक

दिई तालिकामा आवद्ध गरियो । त्यसैगरी प्रश्नावली, अन्तर्वार्ता र कक्षा अवलोकनबाट प्राप्त तथ्यहरूको सङ्ख्या उल्लेख गरी उक्त सङ्ख्याबाट प्रतिशत निकाल्नुका साथै प्रश्नावलीबाट प्राप्त तथ्यहरू र कक्षा अवलोकनबाट प्राप्त तथ्यहरूको सङ्ख्या एवम् प्रतिशतका आधारमा तुलना तथा व्याख्या विश्लेषण गरिएको छ । यसरी साङ्ख्यिकीय व्याख्या तथा विश्लेषण गर्दा तथ्याङ्कशास्त्रीय साधन प्रतिशत र औसतलाई प्रयोग गरिएको छ ।

### १.९ शोधपत्रको रूपरेखा

**अध्याय एक** शोधपरिचय

**अध्याय दुई** नेपाली भाषा शिक्षणमा उपयोग हुने शैक्षिक सामग्रीको परिचय

**अध्याय तीन** विद्यालयमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति

**अध्याय चार** निष्कर्ष, सुझावहरू

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

# अध्याय दुई

## नेपाली भाषा शिक्षणमा उपयोग हुने शैक्षिक सामग्रीको परिचय

### २.१ विषय प्रवेश

शिक्षण सिकाइ क्रियाकलापमा सहयोग पुऱ्याउने सामग्री नै शैक्षणिक सामग्री हुन् । शैक्षिक सामग्री प्रयोग गरेर गरिएको शिक्षण रोचक, प्रभावकारी र चिरस्थायी हुन्छ । शिक्षकले विषयवस्तुको मौखिक जानकारी दिएर मात्र शिक्षण कार्य पूरा नहुने भएकाले शिक्षणलाई सफल तुल्याउन शैक्षिक सामग्रीको प्रयोग अनिवार्य तथा महत्वपूर्ण मानिन्छ । परम्परागत शिक्षणमा पाठ्यपुस्तकलाई मात्र शिक्षण गर्ने माध्यम बनाइन्थ्यो । त्यसैले शिक्षण अप्रभावकारी, अस्थायी तथा विद्यार्थीको सक्रियता कम हुन्थ्यो । थोरै परिश्रमबाट धेरै कुरा सिकाउन, विद्यार्थीहरूको ध्यान पढाइप्रति केन्द्रित गराउन, सिकेको कुरा चिरस्थायी तुल्याउन अनि विद्यार्थीहरूमा सुषुप्त अवस्थामा रहेको जिज्ञासा जागृत गराउन पनि शिक्षण सामग्रीको प्रयोग आवश्यक हुन्छ । पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू पूरा गर्न, शिक्षण प्रक्रियालाई रोचक, सहज, सरल र प्रभावकारी बनाउन, सिकाइलाई उद्देश्यमूलक बनाउन कक्षा कोठामा प्रयोगमा आउने सम्पूर्ण साधन वा सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । नेपाली भाषा शिक्षणपश्चात् विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ गरी ४ सीपको विकास हुनु जरूरी हुन्छ । यसको निम्ति शैक्षिक सामग्रीको अपरिहार्यता रहन्छ । शैक्षिक सामग्रीलाई विभिन्न शिक्षाविद् तथा विद्वानहरूले आ-आफ्नै किसिमले परिभाषित गरेका छन् जुन निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

'कक्षामा अध्यापन गर्दा विद्यार्थीहरूलाई सजिलो किसिमबाट बुझ्ने गरी सिकाउन हामी जे-जे प्रयोग गर्छौं ती सबैलाई शैक्षिक सामग्री भनिन्छ', (रेडियो शिक्षण तालिम पुस्तिका, २०४८) ।

'पाठ्यपुस्तकमा दिइएका पाठका अतिरिक्त ती पाठलाई स्पष्ट गर्न, त्यसरी स्पष्ट गर्दा चाहिने उपयुक्त वातावरण बनाउन र सिकाइलाई स्थायी रूप दिन उपयोग हुने सामग्री नै शैक्षिक सामग्री हुन्' (प्राथमिक शिक्षक तालिम पुस्तिका, २०५५:१८४) ।

'भाषिक सीपहरूमा सक्षम बनाउन तथा तिनका पूरकका रूपमा भाषा तत्वहरूको स्तरअनुकूल सुझ बढाउन उपयोगी हुन सक्ने जुनसुकै साधन वा सामग्रीहरू व्यापक अर्थमा भाषा शिक्षणका सामग्री हुन् (अधिकारी, २०६३:२२४) ।

भाषाका विभिन्न सीप तथा पक्ष एवम् साहित्यका विविध पाठ्यवस्तुहरूको प्रभावकारी शिक्षण गर्न शिक्षकले पाठ प्रस्तुतिका क्रममा सहायक सामग्रीका रूपमा प्रयोग गर्ने जुनसुकै सामग्रीलाई शिक्षण सामग्री भन्न सकिन्छ (शर्मा र पौडेल, २०६०:२०३) ।

माथिका परिभाषाबाट भाषिक सीपहरूमा सक्षम बनाउन, भाषा तत्वहरूको स्तरअनुसार सुझ बढाउन एवम् अभिव्यक्ति क्षमताको वृद्धि गर्न, विद्यार्थीहरूलाई सजिलो किसिमबाट बुझ्ने गरी सिकाउन, पाठलाई स्पष्ट पार्न र सिकाइलाई स्थायी रूप दिन उपयोग हुने सामग्रीहरू नै शैक्षिक सामग्री हुन् भनेर बुझ्नु पर्ने हुन्छ । आजको एक्काइसौं शताब्दीमा हिजोको व्याख्यान विधि सर्वस्वीकार्य हुन सक्दैन त्यसैले वर्तमान समयमा भाषा शिक्षणमा प्रयोग गर्ने शैक्षिक सामग्रीहरूको निर्माण दिन प्रतिदिन बढ्दै गइरहेको छ ।

## २.२ भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोगिता एवम् आवश्यकता

भाषा शिक्षण भनेको कुनैपनि भाषाको बारेमा शिक्षण गर्नु होइन । भाषा शिक्षण भनेको सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपहरूको शिक्षण गर्नु हो । अन्य विषयको सन्दर्भमा भाषा साधन वा माध्यम हो भने भाषा शिक्षणमा भाषा साधन र साध्य दुवै हो ।

थोरै परिश्रमद्वारा धेरैकुरा सिकाउन, विद्यार्थीको ध्यान विषयवस्तुप्रति केन्द्रित गर्न, शिक्षणलाई सरल, सरस र प्रभावकारी बनाउन र सिकाइलाई स्थायित्व दिन शैक्षिक सामग्री आवश्यक हुन्छ । यसको प्रयोगबाट विद्यार्थीहरूको सहभागिता बढेर शिक्षकको कार्यबोझ घट्न जान्छ र कक्षा शिक्षण सजीव बन्न पुग्दछ । विद्यार्थीको सुषुप्त अवस्थामा रहेको जिज्ञासालाई जागृत गराउन शिक्षण सामग्रीको प्रयोग आवश्यक हुन्छ । कतिपय शिक्षक तथा अभिभावकहरूमा नेपाली भाषा शिक्षणका लागि शैक्षिक सामग्री आवश्यक पर्दैन भन्ने गलत धारणा व्याप्त रहेको पाइन्छ । जसरी विज्ञान, भूगोल जस्ता विषयहरूमा शैक्षिक सामग्री विनाको शिक्षण निरर्थक

हुन्छ, त्यस्तै निरर्थक भाषा शिक्षणमा पनि हुन्छ । भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपहरूका साथै अक्षर चिनारीदेखि लिएर शब्द भण्डार, बोध, व्याकरण विभिन्न रचना आदि सबै कुराको अभ्यासमा शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सय पटक भनेको कुरा भन्दा एकपटक देखेको कुरा चिरस्थायी र बढी स्मरणीय हुने भएकाले सिकाइलाई दिगो बनाउन शैक्षिक सामग्रीको महत्वपूर्ण भूमिका हुन्छ ।

यसप्रकार विद्यार्थीले शैक्षिक सामग्रीको माध्यमबाट प्रत्यक्ष रूपमा ठोस र व्यावहारिक ज्ञान प्राप्त गर्दछन् । भाषा शिक्षणमा भाषिक सीपहरूको अत्यधिक अभ्यासद्वारा नै भाषा सिकाइ हुन्छ । अभ्यासको क्रममा शैक्षिक सामग्रीको प्रयोग र सामीप्यताले अभ्यासलाई स्मरणीय बनाउँछ ,। भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगले सिकाइमा सहजता ल्याई सिकाइ पूर्ण र दिगो बनाउन विशेष भूमिका खेल्दछ । त्यसैले भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोगिता एवम् आवश्यकता दिनप्रतिदिन बढ्दो छ ।

### २.३ शैक्षिका सामग्रीको प्रयोगबाट हुने फाइदा

शैक्षिक सामग्रीको प्रयोगद्वारा शिक्षण सिकाइ कार्य सञ्चालन गर्दा हुने फाइदा निम्नानुसार छन्:

१. सामग्रीको प्रयोगले शिक्षण सिकाइ क्रियाकलापप्रति रूचि जगाउँछ ।
२. विषयवस्तु स्पष्टसँग बुझ्न मद्दत पुग्दछ ।
३. विद्यार्थीलाई सिकाइको लागि अभिप्रेरित गर्दछ ।
४. शिक्षण सिकाइलाई रोचक र सुगम बनाउँछ ।
५. सिकाई व्यावहारिक र सार्थक हुन्छ ।
६. सिकाइलाई चिरस्थायी बनाउन सिहयोग गर्दछ ।
७. सिकाइको उपयोग र स्थानान्तरणमा मद्दत गर्दछ ।
८. विद्यार्थीमा सिजर्नात्मकताको विकास गराउँछ ।
९. शिक्षकको शिक्षण सीपमा अभिवृद्धि हुन्छ ।
१०. शिक्षक र विद्यार्थीमा सुसम्बन्ध कायम गराउन सहयोग पुग्दछ (पौडेल, २०६०: १०२) ।

## २.४ असल शैक्षिक सामग्रीका प्रमुख विशेषताहरू

प्रत्येक शिक्षण सिकाइ सामग्रीको कुनैपनि विषयवस्तुका शिक्षणमा के कति उपयोगिता छ भन्ने विचार गरेर सामग्री छनोट गर्नु आवश्यक हुन्छ । शिक्षणबाट अधिकतम फाइदा लिनका लागि सामग्रीको छनोटमा विशेष ध्यान पुऱ्याउनु पर्दछ । विद्यार्थीको स्तर, रूचि, विषयवस्तुको स्वरूप, शिक्षकको क्षमता र रूचि, शिक्षणका उद्देश्य, सामग्रीको उपलब्धता जस्ता तत्वहरूलाई विचार गरेर सामग्रीको छनोट गर्नुपर्दछ । यहाँ असल शिक्षण सिकाइ सामग्रीका सामान्य विशेषता उल्लेख गरिएका छन् । यी विशेषताहरूले सामग्री छनोटका लागि केही आधार तयार गर्नेछन् ।

असल शिक्षण सिकाइ सामग्रीका प्रमुख विशेषताहरू निम्नानुसार छन्:

१. उद्देश्यमूलक र अर्थपूर्ण,

२. प्रयोग गर्न सकिने,

३. टिकाउपूर्ण,

४. विद्यार्थीहरूलाई अभिप्रेरित गर्ने,

५.विद्यार्थीको स्तर अनुकूल,

६. सञ्चालन गर्न, प्रयोग गर्न र लैजान सजिलो,

७. उपयुक्त रङ, र आकारको,

८. सामान्य किसिमको तर आकर्षक,

९. सस्तो मूल्यमा प्राप्त गर्ने र स्थानीय रूपमा उपलब्ध हुनसक्ने,

१०. पूर्ण हुनुपर्दछ । (पौडेल, २०६०:१०२) ।

## २.५ शैक्षिक सामग्रीको वर्गीकरण

भाषा शिक्षण विषयवस्तुको शिक्षण नभएर भाषिक सीपको शिक्षण भनिन्छ । भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइ विकासका लागि र भाषा तत्वको स्तरअनुसार सुझ बढाउन उपयोगी हुन सक्ने जनुसुकै साधन वा सामग्री शैक्षिक सामग्रीका रूपमा उपयोगमा ल्याउन सकिन्छ । यस सम्बन्धमा हेमाङ्गराज अधिकारीले नेपाली भाषा शिक्षण (२०६३) मा कालोपाटी, चित्रहरू, गोजीतालिका र प्रश्नहरूको उल्लेख गरेका छन् । यादवप्रकाश लामिछानेले नेपाली

भाषा शिक्षण (२०६७) मा श्रव्य, दृश्य र पाठ्य गरी शैक्षिक सामग्रीहरूलाई तीन भागमा वर्गीकरण गरेका छन् भने केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेलले नेपाली भाषा र साहित्य शिक्षण (२०६०) मा मौखिक, दृश्य, श्रव्य, श्रव्यदृश्य र स्पर्श गरी ५ भागमा शैक्षिक सामग्रीलाई वर्गीकरण गरेका छन् । सबै विद्वानका विचारलाई समेट्ने काम गरिएको छ ।

## तालिका नं. १

## शैक्षिक सामग्रीको वर्गीकरण

| मौखिक सामग्री | दृश्यसामग्री | श्रव्य सामग्री | श्रव्यदृश्य सामग्री | पर्श सामग्री |
|---|---|---|---|---|
| प्रश्नहरू उदाहरणहरू | कालोपाटी, फलाटिन पाटी, श्वेतपाटी, प्रदर्शनपाटी, प्रक्षेपक, शब्दकोश, तस्वीर, मानचित्र, नक्सा, सन्दर्भ पुस्तकहरू, निर्देशिका, पत्रपत्रिका, कक्षा पुस्तकालय, टुक्रे अक्षर, वास्तविक वस्तु, | रेडियो, टेपरेकर्डर, ग्रामोफोन, टेलिफोन | सिनेमा टेलिभिजन भिडियो कम्प्युटर भाषा प्रयोगशाला शिक्षक | निलो ातो चसो परो रम डा, गलो, मिलो, ाऱ्हो, चल्लो, स्रो |

| | | | | |
|---|---|---|---|---|
| | प्र<br>तिमूर्ति,<br>ि<br>चत्रकथा,<br>प<br>त्तीहरू<br>च<br>ार्टहरू | | | |

### २.५.१ मौखिक सामग्री

भाषा शिक्षणका क्रममा कक्षाकोठामा मौखिक रूपमा प्रस्तुत गरिने सामग्रीलाई मौखिक सामग्री भनिन्छ । यस्ता सामग्रीहरूको प्रयोगले विद्यार्थीमा ध्यानपूर्वक सुन्ने, बुझ्ने र चनाखो रहने बानीको विकास भई सिकाइ प्रभावकारी हुन्छ । जटिल कुरालाई सरल र अमूर्त कुरालाई मूर्त रूपमा प्रस्तुत गर्न तथा सिकारूलाई सिकाइप्रति अभिरूचि जगाउन मौखिक सामग्रीको महत्वपूर्ण भूमिका हुन्छ । मौखिक सामग्रीहरूलाई २ भागमा विभाजन गर्न सकिन्छ, ती हुन्: प्रश्नहरू र उदाहरणहरू ।

### २.५.१.१ प्रश्नहरू

भाषा शिक्षणमा भाषिक सीपको विकासको लागि र प्राप्त भाषिक सीपको लेखाजोखा गर्नका लागि प्रश्नको प्रयोग गरिन्छ । यो मौखिक सामग्रीअन्तर्गतको महत्वपूर्ण र भरपर्दो साधन हो । यसबाट विद्यार्थीहरूको सक्रियता बढ्ने, कल्पना शक्ति र तर्कशक्ति बढ्ने, शिक्षक-विद्यार्थीबीच अन्तर्क्रियाको अवसर मिल्ने जस्ता फाइदा हुन्छन् । शिक्षण सामग्रीका रूपमा प्रयोग गरिने प्रश्नहरू छोटा, मीठा, सरल, प्रासङ्गिक, स्पष्ट, स्वभाविक स्तरअनुकूल, उद्देश्यमूलक हुनुपर्दछ ।

### २.५.१.२ उदाहरणहरू

उदाहरण पनि एक मौखिक सामग्री हो । उदाहरणको प्रयोगले पाठलाई सरल रूपमा प्रस्तुत गर्न, विद्यार्थीको ध्यानाकर्षण गरी शिक्षण प्रति रूचि जगाउन, अज्ञात र अमूर्त कुरालाई ज्ञात र मूर्त बनाउन सहयोग पुग्दछ । उदाहरणहरू रोचक, विद्यार्थीको स्तरअनुरूप, सरल, स्पष्ट, हुनुपर्दछ । भाषा शिक्षणको प्रसङ्गमा उदाहरणको उचित प्रयोग, उचित सन्दर्भ र उचित समयमा गरियो भने त्यसले विद्यार्थीमा भाषा सम्वन्धी ज्ञान र भाषिक,सीप विकासमा ठूलो सहयोग मिल्दछ ।

### २.५.२. दृश्य सामग्रीः

आँखाले हेरेर देख्न सकिने सामग्री दृश्य सामग्री हो । दृश्य सामग्रीको प्रयोगले ठोस धारणाको विकास गर्न मद्दत पुग्दछ । भाषा शिक्षणका सन्दर्भमा हेर्दा यस प्रकारका सामग्रीहरूको प्रयोगको सम्भाव्यता बढी छ र बढी मात्रामा प्रयोग पनि हुँदै भएको पाइन्छ । दृश्य सामग्रीको सहयोगले विद्यार्थीहरूले धारणात्मक विकास गर्न सक्छन् । मौखिक सामग्रीबाट स्पष्ट पार्न नसकिने कतिपय अवस्थामा यस्ता दृश्य सामग्री प्रयोग गरिन्छ ।

### २.५.२.१. पाटीहरू

शिक्षण क्रियाकलापको निम्ति अत्यन्तै आवश्यक शैक्षिक सामग्री पाटीहरू हुन् । शिक्षण सिकाइका क्रममा पाटीलाई लेख्ने शैक्षिक सामग्री प्रस्तुत गर्ने

प्रयोजनले उपयोग गरिन्छ । यस्ता पाटीहरू विभिन्न प्रकारका हुन्छन् । ती हुन्: कालोपाटी, फलाटिन पाटी, चुम्वकीय पाटी, श्वेतपाटी आदि ।

**क) कालोपाटी**

शिक्षणमा अत्याधिक प्रयोगमा आउने सामग्री कालोपाटी हो । हाम्रो देशका शिक्षण संस्थाहरूमा यसकै प्रयोगबाट शिक्षण कार्य सञ्चालन गरिन्छ । कालोपाटी फल्याक वा प्लाइउडबाट बनेको वा कक्षाकोठाको भित्तामा बालुवा सिमेन्टले प्लास्टर गरेर कालो रङ लगाएर बनाइन्छ । कालोपाटीको प्रयोग पाठको शीर्षक लेख्न, प्रमुख बुँदा टिपोट गर्न चित्र, नक्सा बनाइ कुनै कुरा स्पष्ट पार्न, परिभाषा लेख्न, उच्चारण, वर्ण विन्यास, शब्दार्थ, शब्द प्रयोग, व्याकरण, सारांश, नमुना, निबन्ध, चिठीका ढाँचा, अनुच्छेद लेखन, शुद्धाशुद्धि, प्रश्नोत्तर आदिको अभ्यास गराउन, एकाइ परीक्षाका प्रश्नहरू लेख्न, आदि सम्पूर्ण कार्यमा यसको प्रयोग गरिन्छ ।

**ख) फलाटिन पाटी**

फलाटिनको सादा कपडाबाट बनाइएको पाटीलाई फलाटिन पाटी भनिन्छ । कालोपाटीमा लेखेर देखाउँदा बढी समय लाग्ने हुँदा चित्र तालिका पोष्टर आदि सामग्रीहरू तुरून्तै आकर्षक र नाटकीय पाराले फलाटिन पाटीमा प्रदर्शन गर्न सकिन्छ । फलाटिन पाटी निर्माण गर्दा प्लाइउडमा फलाटिनको कपडा मोडेर वा फलाटिन कपडाका तल र माथि लट्ठी राख्ने घर बनाइ लट्ठी राखेर भुण्ड्याउनका लागि डोरीको प्रयोग गर्न सकिन्छ । सामान्यतया फलाटिन पाटी २४×३० इन्चको हुनुपर्दछ । फलाटिन बोर्ड आफैंमा सहायक सामग्री भने होइन । शिक्षकले वाक्यपत्ती र चित्रहरू तुरून्त देखाउन फलाटिन पाटीको सहयोग नलिई देखाउन अप्ठ्यारो पर्दछ । यसमा देखाइने सामग्रीका पछाडिपट्टि आवश्यकतानुसार दुईतीन ओटा खाक्सीका साना टुक्रा टाँसिन्छ । खाक्सीको खस्रोपनाले सामग्रीलाई अड्याउन सजिलो पर्न जान्छ ।

**(ग) चुम्बकीय पाटी**

भाषा शिक्षणको लागि फलाटिन पाटी जस्तै चुम्बकीय पाटी पनि एक उपयोगी सामग्री हो । यस्तो पाटीको निर्माण गर्दा पाटीको पछाडिपट्टि चुम्बकको

पाता राखिएको हुन्छ र यसमा प्रदर्शन गर्ने सामग्रीको पछाडि फलामको पाता जडान गरिएको हुन्छ । यसले गर्दा सामग्रीलाई चाहेको ठाउँमा सजिलै अड्याउन सकिन्छ । यस प्रकारका सामग्रीहरू बजारमा किन्न पाइन्छ ।

**(घ) श्वेतपाटी (मार्कर बोर्ड)**


श्वेतपाटी (मार्कर बोर्ड) कालोपाटीको विकल्पमा प्रयोग हुने पाटी हो । यसको निर्माण काठ वा प्लाइउडमा सेता सनमाइका टाँसेर बनाइएको हुन्छ र मार्कर पेनको सहायताले आवश्यक कुराहरू कालोपाटीमा जस्तै लेखेर प्रस्तुत गरिन्छ । वर्तमान समयमा सुविधा सम्पन्न विद्यालय तथा क्याम्पसहरूमा यसको प्रयोग बढी गरिन्छ । यसको प्रयोगबाट विद्यार्थी तथा शिक्षकको स्वास्थ्यमा अनुकूल प्रभाव पर्दछ ।

### २.५.२.२ गोजीतालिका

भाषा शिक्षणको कक्षामा प्रयोग गरिने विभिन्न सामग्रीहरूमध्ये गोजी तालिका एक महत्वपूर्ण सामग्री हो । गोजी तालिकाको सहयोगबाट कक्षाकोठामा विद्यार्थीहरूलाई पाठमा भएका कठिन शब्दहरूको अर्थ लेखेर गोजी तालिकाको गोजीमा राखी देखाइन्छ । कार्डबोर्डका टुक्राहरूमा शब्द, अक्षर, वर्ण, आदि लेखेर गोजी तालिकामार्फत् प्रस्तुत गर्न सकिन्छ ।

**(क) बनाउने तरिका**

गोजी तालिका बनाउँदा २४×२४ इन्चको एउटा बाक्लो कार्डबोर्ड छाप्नु पर्दछ । त्यसलाई तेस्रो र ठाडो लहर पर्ने गरी ५ इन्च चौडाइ र २ इन्च गहिराइको गोजी बनाएर गुँदले त्यसलाई टाँस्नु पर्दछ । यसरी टाँस्दा प्रत्येक दुइओटा गोजीबीच एक इन्च जति ठाउँ छाड्नु पर्दछ । गोजीको आकार अनुसार ४ हरफ अटाउने र ५ इन्चको बाक्लो कागज तयार पारेका अक्षर, शब्द, वाक्य आदि लेख्नु पर्दछ । गोजी तालिका आफ्नो आवश्यकतानुसार कपडाको पनि सिलाएर बनाउन सकिन्छ ।



गोजी तालिकाको प्रयोग गरी शब्दार्थ शिक्षण, व्याकरणअन्तर्गत काल, पक्ष, कारक, पदसङ्गति आदिको शिक्षण गर्न सकिन्छ । उदाहरणका लागि सम्बन्धवाचक कारकका बारेमा विद्यार्थीहरूलाई धारणा स्पष्ट पार्न निम्नलिखित शब्दपत्ती गोजी तालिकामा राख्नु पर्दछ ।

| स्तम्भ 'क' | स्तम्भ 'ख' | स्तम्भ 'ग' |
|---|---|---|
| श्याम | का | भाइ |
| मोहन | को | छोरी |
| पवना | की | दिदीहरू |

भाषा शिक्षकले कक्षामा गोजी तालिकाको उपयोग गर्दा एउटा विद्यार्थीलाई 'क' स्तम्भको कुनै एउटा शब्दपत्ती झिकी गोजी तालिकामा राख्न लगाउने, अर्को विद्यार्थीलाई 'ख' स्तम्भको एउटा शब्दपत्ती झिकी त्यसैको सिधा दायापट्टि राख्न लगाउने र तेस्रो विद्यार्थी विद्यार्थीलाई 'ग' स्तम्भको शब्दपत्ती झिकी त्यही लाइनको सिधा दायापट्टि राख्न लगाउने गर्नुपर्छ । शब्दपत्तीबाट वाक्य गठन ठीक भयो कि भएन अरू विद्यार्थीहरूलाई सोध्ने  गर्नुपर्दछ । यसरी सबै विद्यार्थीलाई पालैपालो अभ्यास गराएर सम्बन्ध कारकको धारणा स्पष्ट पार्न सकिन्छ । यसैगरी वाक्यगठन पदसङ्गति, काल, पक्ष, भाव, वाच्य आदिको शिक्षणमा गोजी तालिका बढी उपयोगी हुन्छ, (प्रा.डा. लम्साल र अन्य, २०६६:१८९) ।

**२.५.२.३ प्रक्षेपक (प्रोजेक्टर)**

दृश्य सामग्रीअन्तर्गतको एउटा महत्वपूर्ण सामग्री प्रक्षेपक पनि हो । यो एक विद्युतीय सामग्री हो । पाटीबाट प्रस्तुत गर्न सकिने कुराहरू प्रक्षेपकमार्फत् देखाउन सकिन्छ । नेपाली भाषा शिक्षणका अनेकौं पाठ्यवस्तुलाई कक्षामा प्रस्तुत गर्न यस सामग्रीले सहयोग पुऱ्याउँछ । उपयोगको प्रयोजनअनुसार प्रक्षेपक विभिन्न प्रकारका हुन्छन् ।

**(क) उर्ध्वशीर प्रक्षेपक (ओभरहेड प्रोजेक्टर)**

विभिन्न प्रकारका चित्र, नक्सा, तालिका, मानचित्र, रेखाचित्र, पाठका प्रमुख बुँदा, उत्तरका नमुना, अभ्यासहरू आदि पारदर्शी प्लाष्टिकमा विशेष खाले कलमले लेखी प्रस्तुत गर्न सकिने प्रक्षेपकलाई उर्ध्वशीर प्रक्षेपक भनिन्छ । यसको प्रयोगले शिक्षणमा रोचकता ल्याउँछ र सिकाइ प्रभावकारी हुन्छ । उर्ध्वशीर प्रक्षेपक बोकेर सार्न सकिने सामान्य साधन हो । यसको प्रयोग गर्दा विद्यार्थीहरूतिर फर्किएर लेख्न सकिन्छ । साथै सानो आकारको सामग्रीलाई ठूलो आकारमा प्रस्तुत गर्न सकिने, फोटोकपी गरेका सामग्री पनि प्रयोग गर्न सकिने यसका फाइदा हुन् । उर्ध्वशीर प्रक्षेपक बजारबाट किनेर ल्याउन सकिन्छ । वर्तमान नेपाली बजारमा एउटा उर्ध्वशीर प्रक्षेपकको मूल्य १०-१५हजारदेखि एक डेढ लाखसम्म पर्दछ, (आचार्य र गौतम, २०६५:१९१) ।

**(ख) स्लाइड प्रक्षेपक**

विभिन्न उद्देश्यका लागि स्लाइडमा कोरेर तयार पारिएका स्लाइडहरूलाई प्रदर्शन गर्न सकिने प्रक्षेपकलाई स्लाइड प्रक्षेपक भनिन्छ । यसलाई हलुका ढङ्गले यताउता लैजान सकिन्छ । शब्द निर्माण, वाक्य निर्माण तथा व्याकरण शिक्षणमा यो बढी उपयोगी हुन्छ ।

**(ग) अपारदर्शी प्रक्षेपक**


अपरादर्शी प्रक्षेपक सामग्रीलाई यसको प्रदर्शन ट्रेमा राखी प्रस्तुत गर्न मिल्ने प्रक्षेपकलाई अपारदर्शी प्रक्षेपक भनिन्छ । यसमा राखिएका सामग्रीहरू आवश्यकता अनुसार ठूलो वा सानो आकारमा देखाउन सकिन्छ ।

प्रक्षेपकहरू भाषा शिक्षणका लागि उपयोगी सामग्री हुन् तर यस्ता सामग्रीहरू महङ्गो पर्ने, ग्रामीण क्षेत्रका विद्यालयहरूमा प्रयोग गर्न विद्युतको आवश्यकता पर्ने, सामग्री निर्माणको लागि विशेष सीपको आवश्यकता पर्ने आदि कारणले नेपाली भाषा शिक्षणमा यसको उपयोग प्रभावकारी हुन सकेको छैन ।

### २.५.२.४ सूचना/प्रदर्शन पाटी/(बुलेटिन/डिस्प्ले बोर्ड)

विद्यार्थीहरूद्वारा तयार गरिएका चित्र, रचना लगायत अन्य उपयोगी चित्र, पत्रिकाका कटिङ् तथा अन्य पढ्नका लागि उपयोगी हुने सामग्रीहरू प्रदर्शनको लागि कक्षाकोठाको भित्तामा टाँसिएको बोर्डलाई सूचना अथवा प्रदर्शन पाटी भनिन्छ । फोटो, चित्र, समाचार, कार्टुन, लघुकथा, कविता जस्ता सामग्रीहरू प्रदर्शन गर्ने बुलेटिन बोर्डलाई कक्षाको कुनै भित्तामा करिब ३ फिटको उचाइमा राखिनु पर्दछ । बोर्डमा प्रदर्शन गरिएका सामग्रीहरूलाई आवश्यकतानुसार सम्बन्धित विषय शिक्षणमा पनि प्रयोग गर्न सकिन्छ । त्यसैगरी विद्यार्थीको आवश्यक जानकारीका लागि सामग्री प्रदर्शन गर्न सकिन्छ । कक्षाकोठाको आवश्यकतानुसार बोर्डलाई सानो ठूलो बनाउन सकिन्छ तापनि सामान्यतया ३.५ फिट×५ फिटको बोर्ड उपयुक्त हुन्छ । बुलेटिन बोर्ड फल्याक, प्लाइउड आदिको बनाउन सकिन्छ । यसको नमुना निम्नानुसार छ :

चित्र नं. २



**प्रदर्शन/सूचना पाटीको प्रयोग गर्ने तरिका**

**प्रदर्शन/सूचना पाटीको प्रभावकारी प्रयोग निम्नानुसार गर्नुपर्दछ :**

१. कक्षाकार्यलाई सहयोग पुग्नेगरी सामग्री प्रदर्शन गर्नुपर्दछ ।

२. एउटा मुख्य विचार छनोट गरी बीचमा राख्नु पर्दछ ।

५. सामग्री प्रदर्शन गर्नु अघि त्यसको योजना बनाउनु पर्दछ ।

४. प्रत्येक सामग्रीको उपयुक्त शीर्षक राख्नुपर्दछ ।

५. शीर्षक र सामग्री उपयुक्त आकारको हुनुपर्दछ जसलाई केही टाढाबाट हेर्न सकियोस् ।

६. शीर्षक सङ्क्षिप्त र स्पष्ट हुनुपर्दछ ।

७. सामग्री सफा हुनुपर्दछ ।

८. लामो समयसम्म एउटै सामग्री राख्नु हुँदैन, नयाँ र उपयोगी सामग्री व्यवस्थित गर्नुपर्दछ ।

९. विद्यार्थीहरूबाट बुलेटिन बोर्ड व्यवस्थापन समिति बनाउनु उपयुक्त हुन्छ ।

१०. प्रदर्शन गरिएको चित्र वा सामग्रीहरूलाई सुरक्षित गर्न फलामे तारको जाली अथवा प्लाष्टिक राख्नु पर्दछ ।

**२.५.२.५ टुक्रे अक्षर**

साना कक्षामा शिक्षण गर्दा र अक्षर चिनाउनका लागि टुक्रे अक्षर उपयोगी हुन्छन् । साना कक्षामा विद्यार्थीलाई अक्षर कसरी बन्दछ भनेर देखाउन टुक्रे अक्षर उपयोगी मानिन्छ । टुक्रे अक्षर बनाउँदा बाक्लो कागजमा टुक्रा बनाएर अक्षर टुक्रामा लेखेर देखाउनु पर्दछ । जस्तैः 'ग' अक्षर बनाउँदा तीन भागमा 'ग' लेखी त्यसलाई बेग्लाबेग्लै भागमा देखाएर जोडेर अक्षर बनाउनु पर्दछ । विद्यार्थीलाई पनि यसमा अभ्यास गराउनु पर्दछ । यस्ता अक्षरका टुक्रालाई फलाटिन पाटीमा पहिले शिक्षकले जोडाएर देखाएपछि विद्यार्थीलाई पनि जोड्न लगाएर सिकाउनु पर्दछ ।

### २.५.२.६ पत्तीहरू

भाषा शिक्षणका क्रममा शिक्षण गर्दा शब्दपत्ती, वाक्यपत्ती, अक्षरपत्ती आदिको महत्वपूर्ण स्थान रहन्छ । यी सामग्रीहरू सजिलै बनाउन र प्रयोग गर्न सकिने भएकाले यिनको महत्व बढेको छ । यिनलाई थोरै खर्चमा शिक्षकले तयार गरेर प्रयोग गर्न सक्दछन् । अक्षरपत्ती, शब्दपत्ती र वाक्यपत्तीहरू भाषा शिक्षणमा धेरैजसो प्रयोग भइराख्ने पत्तीहरू हुन् । बेग्लाबेग्लै कागजको बेग्लाबेग्लै टुक्रामा लेखिएका अक्षरलाई अक्षरपत्ती, बेग्लाबेग्लै टुक्रामा लेखिएका शब्दहरुलाई शब्दपत्ती र त्यस्तै टुक्रामा लेखिएका वाक्यलाई वाक्यपत्ती भनिन्छ । पत्तीहरूलाई गोजीतालिका तथा फलाटिन पाटीमा राखेर देखाउन सकिन्छ । यसप्रकारका पत्तीहरू कक्षाको विद्यार्थी सङ्ख्याका आधारमा सबैले देख्ने गरी आकर्षक र स्पष्ट बुझिने खालको हुनुपर्दछ । तल्ला कक्षादेखि माथिल्ला कक्षासम्म प्राय हरेक विधामा प्रयोग गर्न सकिने यी सामग्रीहरू नेपाली भाषा शिक्षणका बहु उपयोगी र लोकप्रिय सामग्री हुन् । अक्षर, शब्द र चित्रका लागि ४"×५" नापको पत्ती र वाक्यका लागि ८"×५" को पत्तीहरू प्रयोग गर्न सकिन्छ ।

### २.५.२.७ चित्रहरू

चित्रहरू भाषा शिक्षणमा धेरै प्रयोगमा आउने सामग्री हुन् । कक्षा शिक्षणलाई आकर्षक र रोचक बनाउन चित्रको प्रयोग गर्न सकिन्छ । चित्रहरू प्रसङ्ग अनुकूल भाषिक पाठ्यवस्तुको अभ्यास तथा प्रयोग गराउन, भाव तथा विचारलाई प्रष्ट्याउन, उपयुक्त सन्दर्भहरू सिर्जना गर्न, पाठलाई रोचक बनाउन, शब्द, अर्थ र व्याकरणिक नियमको धारणा बसाल्न, खास वातावरणको कुनै दृश्य वा दृश्यावली प्रस्तुत गरी सिकाइलाई अर्थपूर्ण बनाउन चित्रहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस्ता चित्रहरू स्पष्ट देख्न सकिने, विषयवस्तु अनुकूल, उद्देश्य हासिल गर्न सहायक हुने खालको हुनुपर्दछ । चित्रहरू शिक्षक आफैंले बनाएर वा विभिन्न पत्रिकाबाट सङ्कलन गरी प्रयोग गर्न सकिन्छ । चित्रहरू बनाउन विद्यार्थीहरूको सहयोग पनि लिन सकिन्छ । पाठ्यपुस्तकका पाठ, अभ्यास आदिमा पनि चित्र समावेश गरिएका हुन्छन् । यस्ता चित्रहरू अस्पष्ट र पाठसँग असम्बन्धित भएमा शिक्षकले त्यस्ता चित्रको उपयोग नगरी पाठका आधारमा अन्य उपयुक्त चित्रहरू बनाइ वा सङ्कलन गरी शिक्षणमा उपयोग गर्नुपर्छ ।

### २.५.२.८ चार्ट/ग्राफ

दृश्य सामग्रीअन्तर्गत चार्टहरूलाई उपयोगमा ल्याउन सकिन्छ । यसमा तथ्य र चित्रको समन्वय हुन्छ । यसमा तार्किक पद्दति र क्रमबद्धता हुन्छ । पाठको प्रकृति र प्रसङ्ग अनुसार विभिन्न प्रकारका चार्टहरू निर्माण गरी प्रयोगमा ल्याउँदा कक्षा शिक्षण सरल भई लक्षित उद्देश्यमा सजिलै पुग्न सकिन्छ । राम्रो चार्ट सुन्दर, सरल र आकर्षक हुन्छ । ग्राफ, चार्टहरूको मद्दतले प्रस्तुत गरिएका तथ्याङ्क विद्यार्थीले सहज र रूचिपूर्वक ग्रहण गर्न र तुलना गर्न सक्ने हुन्छन् । यस्ता सामग्रीहरू शिक्षक र विद्यार्थी आफैंले निर्माण गर्न वा तयारीका रूपका उपयुक्त चार्ट/ग्राफ फलाटिन बोर्डमा प्रदर्शन गर्न अथवा भित्ता वा श्वेतपाटी (मार्कर बोर्ड) मा देखाउन सकिन्छ । यसको लागि बुलेटिन बोर्डको पनि प्रयोग गर्न सकिन्छ । ग्राफ/चार्टहरू विद्यार्थीको स्तरअनुरूप र उपयोगी विषयवस्तुमा मात्र तयार गर्नुपर्छ । साहित्य शिक्षण गर्दा साहित्यिक धाराको चार्ट, साहित्यको इतिहास पढाउँदा समय चार्ट, वृक्षचार्ट आदि बनाउन सकिन्छ ।

### २.५.२.९ तालिका

पाठमा आधारित प्रमुख बुँदा वा तथ्यलाई छुट्टै कागजमा क्रमबद्ध रूपमा गरिने रेखीय प्रस्तुति नै तालिका हो । व्याकरणका नियम, भाषा, साहित्यका सैद्धान्तिक विशेषता, विकासक्रम, साहित्यकारका प्रवृत्ति आदि कुराहरूलाई तालिकाको माध्यमद्वारा प्रभावकारी रूपमा शिक्षण गर्न सकिन्छ । तालिकामा देखाउँदा विभिन्न विषयवस्तु एवम् तथ्यहरू बढी रोचक हुन पुग्छन् ।

### २.५.२.१० प्रतिमूर्ति

कुनै ठूलो वस्तुको सानो नमुना नै प्रतिमूर्ति हो । त्यस्तो वस्तु जुन कक्षा भित्र ल्याएर शिक्षणमा उपयोग गर्न सकिंदैन । त्यसको दुरूस्त मूर्ति बनाई काम चलाउन सकिन्छ । अपरिचित वस्तुको धारणा बसाल्नका लागि प्रतिमूर्ति उपयोगी हुन्छन् । भाषा शिक्षणमा खासगरी तल्ला कक्षामा शब्द भण्डारको शिक्षण तथा विकासका लागि मौखिक तथा लिखित वर्णनका लागि विभिन्न जनावर एवम् पशुपंछीसम्बन्धी, यातायातका साधनसम्बन्धी, विभिन्न हिमाल एवम् मठ, मन्दिर आदिको धारणा बसाल्नका लागि वा पाठ शिक्षण गर्नका लागि प्रतिमूर्तिको उपयोग गरिन्छ । प्रतिमूर्ति सम्बन्धित वस्तुसँग दुरूस्त वा समरूप देखिने हुँदा शिक्षणमा यसको सहयोगबाट प्रभावकारी शिक्षण गर्न सकिन्छ ।

### २.५.२.११ व्यङ्ग्य चित्र (कार्टुन)

व्यङ्ग्यचित्रले शिक्षणमा मनोरञ्जन प्रदान गर्नुका साथै कुनैपनि विकृतिप्रति व्यङ्ग्य गरिने चित्रले एकातर्फ विद्यार्थीहरूलाई मनोरञ्जन प्रदान गर्दछ भने अर्कोतर्फ तर्क र कल्पनाको माध्यमबाट मानसिक क्षमता वृद्धि गराउन मद्दत पुऱ्याउँछ । यस्ता चित्रहरू विशेष गरी कथा र नाटक शिक्षणमा प्रयोग गर्न सकिन्छ । शिक्षणप्रति यस्ता चित्रले उत्सुक गराइ शिक्षण फलदायी बनाउन सहयोग पुऱ्याउँछ ।

### २.५.२.१२ तस्वीर (फोटो)

कुनै साहित्यकार, लेखक, वैज्ञानिक, राजनैतिक व्यक्तित्व, कलाकार, अभिनेता, अभिनेत्री, सहिद, खेलाडी, गायक वा चर्चित व्यक्तिको जानकारी गराउन तस्वीरको प्रयोग गर्नुपर्छ । तस्वीरले शिक्षणमा अभिप्रेरणा जगाई शिक्षण प्रभावकारी एवम् रूचिपूर्ण बनाउन मद्दत गर्दछ ।

### २.५.२.१३ चित्रकथा

भाषा शिक्षणमा चित्रकथाको पनि महत्वपूर्ण स्थान रहेको हुन्छ । चित्रकथाले बालबालिकाहरूमा बौद्धिक क्षमताको वृद्धि गराउनुका साथै विषयवस्तु वा घटनाक्रमलाई सिलसिलाबद्ध रूपमा वर्णन गर्ने क्षमताको विकास गराउँछ । चित्रको सहायताबाट बालबालिकाहरूले राम्रो र मीठो कथा/कहानी बनाउन सक्छन् । चित्र वर्णनमा समस्या देखिए शिक्षकले बीच-बीचमा मार्गनिर्देशन दिनुपर्दछ । तल्ला कक्षाहरूमा चित्रकथा बढी उपयोगी मानिन्छ ।

### २.५.२.१४ मानचित्र

मानचित्रको प्रयोग गरेर त्यस ठाउँको जीवन्त प्रस्तुति दिन सकिन्छ । विशेषगरी भूगोल, इतिहास, संस्कृति, जनसङ्ख्या विषयको शिक्षणमा मानचित्र बढी उपयोगी मानिन्छ । भाषा शिक्षण गर्दा, इतिहास, भूगोल, धार्मिक स्थलको बारेमा स्पष्ट पार्न मानचित्र उपयोगी सिद्ध हुन्छ । उदाहरणका लागि पोखरा, सिन्धुलीगढी, गोरखा, लुम्बिनी आदि जस्ता पाठको जानकारी गराउन मानचित्र प्रयोग गर्नु उपयुक्त हुन्छ ।

### २.५.२.१५ पोष्टर

विज्ञापनको लागि बढी प्रयोग गरिने एकप्रकारको चित्र पोस्टर हो । यसले व्यक्तिको ध्यान केन्द्रित गर्न सहयोग पुऱ्याउँछ । पोस्टरले छिटो सन्देश प्रवाह गर्न सहयोग पुऱ्याउँछ । पोस्टरहरू विभिन्न उद्देश्यले टाँसिन्छन् । भाषा शिक्षणमा कक्षा सजाउन, बोधको अभ्यास गराउन पोस्टरको महत्वपूर्ण भूमिका रहन्छ ।

### २.५.२.१६ वास्तविक वस्तु

भाषा शिक्षणका लागि कतिपय वास्तविक वस्तु कक्षाकोठामा ल्याएर विद्यार्थीहरूलाई देखाइ त्य वस्तुको वास्तविक धारणा बसाल्न सकिन्छ । यस्ता वास्तविक वस्तुको माध्यमबाट कक्षा शिक्षणलाई रोचक बनाइ प्रभावकारी शिक्षण गर्न सकिन्छ ।

**२.५.२.१७ पाठ्यपुस्तक**

पाठ्यपुस्तक धेरै अगाडिदेखि हालसम्म निरन्तर रूपमा प्रयोग हुँदै आएको सामग्री  हो । यो पाठ्य एवम् दृश्य सामग्रीका रूपमा रहेको छ । भाषा पाठ्यपुस्तक हरेक कक्षाका लागि भिन्न-भिन्न तयार पारिएको हुन्छ । नेपाली भाषा शिक्षणमा नयाँनयाँ तरिका र सामग्रीहरूको प्रयोग गर्न थालिएपछि पाठ्यपुस्तक मात्र प्रयोग गर्ने परम्परामा अन्य सामग्रीहरूले स्थान लिन थालेको पाइन्छ । भाषा पाठ्यपुस्तकमा विभिन्न विधा, व्याकरण अभ्यास तथा अन्य अभ्यासहरू समावेश गरिने हुनाले यसको प्रयोग अनिवार्य र महत्वपूर्ण मानिन्छ ।

**भाषा पाठ्यपुस्तकमा हुनुपर्ने आवश्यक गुणहरू:**

भाषा पाठ्यपुस्तकमा निम्न गुणहरू हुन आवश्यक मानिन्छ :

१. विषय विविधता, २. उद्देश्यपरकता, ३. उपयुक्तता, ४. रोचकता,

५ उपयोगी, ६. व्यावहारिक, ७. स्तरअनुकूल, ८. शुद्धता,

९. सरल, १० सार्थक, ११. भाषिक सीपबर्द्धक, १२. मौलिक,

१३. शैलीगत विविधता, १४. आकर्षक, १५ आदर्शोन्मुख, १६. क्रमबद्धता ।

**२.५.२.१८ कक्षा पुस्तकालय**

कक्षा पुस्तकालयले पनि भाषा शिक्षणको क्षेत्रमा सहयोगी सामग्रीको रूपमा भूमिका निर्वाह गर्दछ । विद्यार्थीहरूलाई कक्षा समयको अतिरिक्त खाली पिरियडमा पुस्तकालयमा लगी उनीहरूको इच्छाअनुसारका पुस्तक तथा पत्रिका अध्ययन गर्ने अवसर प्रदान गर्न सकिन्छ । पाठ्यपुस्तकलाई सहयोग पुग्ने र अतिरिक्त ज्ञान प्राप्त

गर्ने भरपर्दो माध्यम पुस्तकालय बन्न सक्छ । विद्यार्थीको पठन क्षमता विकासमा महत्वपूर्ण भूमिका कक्षा पुस्तकालयले निर्वाह गर्दछ । कविताहरू, कथा, कहानी, उपन्यास आदि विषयका पुस्तकहरूको सङ्कलन गरी तिनीहरूलाई दर्ताक्रमअनुसार मिलाएर राख्नुपर्छ । कक्षा पुस्तकालयबाट विद्यार्थी एवम् शिक्षकहरूलाई लाभ पुग्दछ ।

### २.५.२.१९ नक्सा/ग्लोव

नक्सा र ग्लोवको प्रयोग विशेषगरी भूगोल शिक्षणमा बढी उपयोगी हुन्छ । भाषा शिक्षणमा पनि ऐतिहासिक र भौगोलिक स्थलको वर्णन गर्न नक्सा र ग्लोवको उपयोग गर्न सकिन्छ ।

### २.५.२.२० स्थानीय वातावरण

मन्दिर, बजार, खोलानाला, धाराकुवा, खेतीपाती, कक्षाकोठा, विद्यालय हाताभित्रका विषयवस्तुहरू, स्थानीय चाडपर्वहरू आदिलाई स्थानीय वातावरणको रूपमा प्रयोग गर्न सकिन्छ । यी सामग्रीहरूको उपयोगबाट बालबालिकामा शब्दभण्डार वृद्धि, मौखिक तथा लिखित अभिव्यक्तिको अभ्यास गराउन सकिन्छ ।

### २.५.२.२१ इमेल

इमेल भनेको विद्युतीय हुलाक हो । यसको लागि कम्प्युटरको आवश्यकता पर्दछ । यसका आफ्नै वैज्ञानिक प्रविधि छन् । जसअनुसार मोडेम भन्ने एउटा संयन्त्र कम्प्युटरमा जडान गरिन्छ । इमेल केन्द्रबाट यसको सञ्चालन गरिन्छ । चिठीपत्र, सूचना, निवेदन अथवा कुनै लिखित सामग्री विश्वका कुन ठाउँमा पठाउनु छ, त्यसलाई सर्वप्रथम कम्प्युटरमा हालिन्छ । यसबाट मूल सामग्री नै प्रापकसँग पुग्ने होइन त्यसको नक्कल मात्र चमत्कारी ढङ्गबाट पुग्दछ । भाषा शिक्षणमा आवश्यक पर्ने अनेकौं लिखित सामग्रीहरू तुरुन्तै एकठाउँबाट अर्को ठाउँमा लगी प्रयोग गर्न सकिने यो सामग्री आर्थिक दृष्टिले खर्चिलो देखिए पनि उपयोगको दृष्टिले महत्वपूर्ण मानिन्छ ।

### २.५.२.२२ इन्टरनेट

विश्वभरिका कम्प्युटरहरूको सम्पर्कबाट जहाँसुकै पनि सूचना वा सन्देश पठाउन सकिने सञ्चार माध्यमलाई इन्टरनेट भनिन्छ । यसबाट विश्वका कुनैपनि ठाउँमा घटेका घटनाहरू घरमै बसीबसी कम्प्युटरको पर्दामा पढ्न सकिन्छ । यति मात्र नभएर आजकल यसबाट टेलिफोन सम्पर्क पनि गर्न सकिन्छ । शिक्षण सिकाइको क्रममा विश्वमा आएका अनेकौं विधिहरूको अनुकरण गर्न, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सूचनाहरू आदान-प्रदान गर्न इन्टरनेट महत्वपूर्ण सामग्री बन्ने देखिन्छ ।

### २.५.२.२३ शब्दकोश

शब्दकोश पनि एक दृश्य वा पाठ्य सामग्री हो । यसको प्रयोग विशेषगरी मा.वि., उ.मा.वि. र क्याम्पसमा गरिन्छ । शब्दकोशको प्रयोगले विद्यार्थीहरूलाई शब्दको अर्थ बुझ्न, शब्दनिर्माण प्रक्रिया थाहा पाउन, पदवर्ग ठम्याउन, पर्यायवाची शब्द थाहा पाउन सहयोग पुग्दछ ।

### २.५.२.२४ शिक्षक निर्देशिका, पाठ्यक्रम र पाठ्यक्रम विस्तृतीकरण पुस्तिका

शिक्षक निर्देशिका, पाठ्यक्रम र पाठ्यक्रम विस्तृतीकरण पुस्तिकाबाट शिक्षकलाई शैक्षणिक उद्देश्य, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप र विद्यार्थीको उपलब्धि मूल्याङ्कन गर्न सहयोग पुऱ्याई शिक्षण सिकाइलाई उपलब्धिमूलक बनाउन सहयोग पुऱ्याउँछ ।

### २.५.३ श्रव्य सामग्री

सुन्ने, सुनाउने र सुनाइको माध्यमबाट शिक्षण गर्ने सामग्रीहरू नै श्रव्य सामग्रीहरू हुन् । यस्ता सामग्रीहरू कुनै स्रोत वा साधनबाट रेकर्ड गरिएका वा कार्यक्रमको रूपमा विकसित गरिएका हुन्छन् । रेडियो, टेपरेकर्डर, ग्रामोफोन, टेलिफोनजस्ता सामग्री श्रव्य वर्गमा पर्दछन् । यस्ता सामग्रीहरूमार्फत् विद्यार्थीहरूले आवाज सुन्न सक्छन् तर दृश्य देख्न सक्दैनन् । यस्ता सामग्री आफैंले रेकर्ड गरेर वा तयार गरिएको कार्यक्रम खरिद गरेर वा प्रसारण संस्थाहरूको प्रसारण प्रत्यक्ष सुनाएर प्रयोग गर्न सकिन्छ । वर्तमान वैज्ञानिक एवम् प्राविधिक विश्वमा रेडियो,

टेपरेकर्डर, ग्रामोफोन आदिको प्रयोग गरी शिक्षक तालिम, विषयगत शिक्षण तथा भाषिक सीप विकास तालिम आदि प्रदान गरिन्छ ।

श्रव्य सामग्रीले श्रवण क्षमता र बुझाइ क्षमताको विकास गर्दछन् । सिकारू आफैं स्वाध्ययन गर्न सक्दछन् । नयाँनयाँ सामग्री र तरिकाको प्रयोगले विद्यार्थी उत्प्रेरित र सक्रिय हुन्छन् । भाषागत समस्या भएका विद्यार्थी र शिक्षकहरूका लागि श्रव्य सामग्री ज्यादै प्रभावकारी हुन्छन् । पूर्ण तयारीका साथ सामग्री वा विषयवस्तुको प्रस्तुति गरिने हुँदा त्रुटिको सम्भावना कम हुन्छ ।

### २.५.३.१ रेडियो

रेडियो श्रव्य सामग्रीको आधुनिक विद्युतीय उपकरण हो । भाषा शिक्षणका लागि रेडियो अत्यन्त महत्वपूर्ण सामग्रीका रूपमा रहेको हुन्छ । रेडियोमा प्रयोग गरिने भाषा शुद्ध हुने भएकाले बालबालिकामा रेडियोबाट सुनेका भाषाहरू शुद्ध मानी प्रयोग गर्ने सीपको विकास हुन्छ । अपाङ्ग तथा अन्य विविध कारणले विद्यालय जान नसक्नेहरूका लागि रेडियो उपयोगी साधन हो भने विद्यालयमा पनि भाषा शिक्षणको क्रममा यसको उपयोग गर्न सकिन्छ । रेडियोबाट विश्वमा भएका विज्ञान र प्रविधिको विकासले गरेका उपलब्धिहरू, आविष्कार भएका नयाँनयाँ कुराको प्रसारणले विद्यार्थीले आफ्नो बौद्धिक विकास एवम् शब्द भण्डारमा वृद्धि गर्न सक्छन् । भाषा शिक्षणका सन्दर्भमा सुनाइ र बोलाइ सीपको विकासका लागि रेडियो एक प्रभावकारी माध्यम बन्न सक्छ । रेडियोबाट सुगम तथा दुर्गम सबै ठाउँमा मानिसहरूको एकै किसिमको भाषिक ज्ञान हासिल गर्न सक्दछन् । यसबाट एकै समयमा धेरै विद्यार्थीलाई शिक्षा दिन सकिन्छ । रेडियोबाट कतिपय तालिम अप्राप्त शिक्षकहरूलाई तालिम दिने काम नेपालमा विगतदेखि हालसम्म भइरहेको देखिन्छ । रेडियोबाट कुन-कुन कुरा कतिबेला प्रसारण हुन्छ भनेर त्यही समयमा कक्षामा सुनाउन सकिन्छ । यसरी कक्षामा रेडियो प्रयोग गरेपछि लक्षित उद्देश्य पूरा भयो वा भएन भन्ने थाहापाउन प्राप्त उपलब्धिलाई दिगो बनाउन उचित छलफल र प्रश्नोत्तरका कार्यक्रमहरू गर्नुपर्छ ।

### २.५.३.२ टेपरेकर्डर

टेपरेकर्डर महत्वपूर्ण श्रव्य सामग्री हो । विभिन्न प्रकारका श्रव्य सामग्रीलाई रेकर्ड गरी आवश्यकतानुसार विद्यार्थी सामु हुबहु प्रस्तुत गर्न यसको प्रयोग गरिन्छ । यसको माध्यमबाट रोचक ढङ्गमा श्रुतिबोध, वक्तृता, सस्वरवाचन, उच्चारण, श्रुतिलेखनजस्ता पाठ्यवस्तुको शिक्षण गर्न सकिन्छ । यसलाई आवश्यक समयमा खोल्न र बन्द गर्न सकिने, दोहोऱ्याएर सुन्न, काम सकिएपछि मेटेर अन्य सामग्रीहरू रेकर्ड गर्न सकिने हुनाले यो निकै उपयोगी साधन मानिन्छ । साथै एकस्थानबाट अर्को स्थानमा लगेर प्रयोग गर्न सकिने, सहज रूपमा लैजान र ल्याउन सकिने, सबै स्थानमा उपयोगमा ल्याउन सकिने तथा कम खर्चिलो हुने यसका विशेषता हुन् । शिक्षकले आफूले पढाउने पाठको रेकर्ड गरी कक्षामा प्रस्तुत गर्न, महान व्यक्तिको आवाज लामो समयसम्म सुरक्षित राख्न र कविताको लयबोध शिक्षणका लागि उपयोग गर्न टेपरेकर्डर प्रयोग गरिन्छ ।

**२.५.३.३ ग्रामोफोन**

ग्रामोफोन पनि भाषा शिक्षणमा उपयोगी शैक्षिक सामग्रीका रूपमा प्रयोग गर्न सकिन्छ । ग्रामोफोनका सहायताले कविता, एकाङ्की, सम्वाद, उच्चारण सस्वरवाचन बोलाइका विभिन्न शैली आदिको अभ्यास गराउन सकिन्छ । यो स्थायी रेकर्ड हो र बनिबनाउ बजारबाट किनेर उपयोग गर्नुपर्दछ । यो भाषा शिक्षणका लागि उपयोगी शैक्षिक सामग्री भएपनि नेपाली भाषा शिक्षणका लागि भने यस्ता सामग्रीहरू बजारमा आइसकेका छैनन् ।

**२.५.३.४ टेलिफोन**

टेलिफोनलाई पनि शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ । अन्य सामग्रीजस्तो यसलाई कक्षामा लगेर शिक्षण गर्न त्यति प्रभावकारी नभएपनि आवश्यक परेको बेलामा खासखास कुराहरू सोधर बौद्धिक ज्ञान लिन सकिन्छ । 'नेपाली भाषा शिक्षणमा उच्चारण अभ्यास गराउन, श्रुतिबोध अभ्यास गराउन आदि विभिन्न उद्देश्यहरूका लागि टेलिफोन पनि उपयोग गर्न सकिन्छ, (शर्मा र पौडेल, २०६०:२०८) ।

**२.५.४ श्रव्यदृश्य सामग्री**

भाषा शिक्षणका सन्दर्भमा एकसाथ सुन्न र हेर्न सकिने सहायक सामग्रीहरू नै श्रव्यदृश्य सामग्री हुन् । यस्ता सामग्रीहरू चित्र र ध्वनियुक्त हुन्छन् । मानिसले सुनेर जुन मात्रामा सिक्छ, बुझ्छ र सम्झन्छ त्यो भन्दा धेरै गुणा बढी सुनेर र हेरेर सिक्ने गर्दछ । सिकारूका कान र आँखाजस्ता ज्ञानेन्द्रियहरूलाई सक्रिय बनाइ, सिकाइ अर्थपूर्ण र प्रभावकारी बनाउन श्रव्यदृश्य सामग्री महत्वपूर्ण हुन्छ । विषयवस्तुलाई सजीव रूपमा प्रस्तुत गर्न शब्द मात्र पर्याप्त हुँदैन । यसका लागि प्रत्यक्ष दृश्य पनि चाहिन्छ । श्रव्यदृश्य सामग्रीले सुन्ने र हेर्ने दुबै अवसर दिन्छन् । कुनैपनि शिक्षण सिकाइ क्रियाकलापमा सुन्ने र हेर्ने दुबै अवसर पाउँदा सिकारूले एउटै विषयवस्तुलाई दुई तरिकाबाट स्मरण गर्न सक्दछ । यस्ता सामग्रीको प्रयोग गर्न सकिएमा मनोरञ्जनपूर्ण वातावरणले विद्यार्थीको ध्यानाकर्षण गरी सिकाइलाई सरल र सहज बनाउन सहयोग मिल्दछ । यसमा दुई वा दुईभन्दा बढी इन्द्रियहरूले समन्वयात्मक काम गर्नुपर्ने भएकाले समन्वयात्मक सिकाइ प्राप्त हुन्छ । समय, साधन स्रोत र सुविधा अनुसार यसको छनोट र प्रयोग गरिनु पर्दछ ।

**श्रव्यदृश्य सामग्रीको महत्व**

श्रव्यदृश्य सामग्री आधुनिक शैक्षिक सामग्री हो, यसको महत्वलाई तलका बुँदाहरूबाट स्पष्ट पार्न सकिन्छ :

१. श्रव्यदृश्य सामग्रीले विद्यार्थीहरूलाई शिक्षण सिकाइमा उत्प्रेरित गर्दछ ।

२. यसले शाब्दिक सञ्चार कम गरी क्रियाकलापतर्फ केन्द्रित गर्दछ ।

३. यसले सिकाइलाई स्थायी र अर्थपूर्ण बनाउँछ ।

४. प्रत्यक्ष सिकाइको अवसर प्रदान गर्दछ ।

५. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित तुल्याउँछ ।

६. सिकाइको सकारात्मक स्थानान्तरणमा सहयोग पुऱ्याउँछ ।

७. शिक्षकको प्रस्तुति र आत्मविश्वास बढाउँछ ।

८. विद्यार्थीहरूको ज्ञानेन्द्रियहरूलाई सक्रिय पार्दछ ।

९. स्पष्ट धारणा बसाउँछ ।

**केही श्रव्यदृश्य सामग्रीहरू**

### २.५.४.१ चलचित्र

चलचित्र एक सशक्त मनोरञ्जनपूर्ण श्रव्यदृश्य सामग्री हो । यसलाई भाषा शिक्षण सिकाइमा पनि उपयोग गर्न सकिन्छ । चलचित्र विद्यार्थीको भाषिक सीप अभिवृद्धिका लागि सहयोगी हुने खालको हुनुपर्दछ । नेपालको वर्तमान परिप्रेक्ष्यमा विभिन्न विषयमा चलचित्रको निर्माण भएपनि शिक्षणीय प्रयोजनले हालसम्म नेपाली भाषामा चलचित्रको निर्माण भएको पाइँदैन । भाषा शिक्षणको क्षेत्रमा एक सफल शैक्षिक सामग्रीको रूपमा चलचित्र प्रदर्शन गर्नेबारे पाठ्यक्रममा पनि उल्लेख हुनुपर्दछ । विद्यार्थीको तह वा स्तरअनुसार उनीहरूको भाषिक सीपको अभिवृद्धि हुनेगरी चलचित्रको निर्माण गर्नुपर्दछ । पाठ्यक्रममा राखिएको कुनै खास कृति वा विषयवस्तुसँग मिल्ने चलचित्र प्रदर्शन भइरहेको भए चलचित्रमा विद्यार्थीलाई लैजानु अगाडि त्यसमा निहित विषयवस्तुको बारेमा पहिले नै प्रश्नहरू दिने र चलचित्र प्रदर्शनको क्रममा त्यसको उत्तर खोज्न लगाउनु राम्रो हुन्छ । चलचित्र देखाइसकेपछि पनि त्यसका बारेमा छलफल गराउनु पर्छ र आवश्यक परेमा एउटै चलचित्र पनि एक भन्दा बढी पटक पुनरावृत्ति गरी देखाउन सकिने हुँदा विषयवस्तुप्रतिको अस्पष्टता पूर्ण रूपले हटाउन सकिन्छ । चलचित्रबाट विद्यार्थीहरूमा सुनाइ, भाषिक र भाषिकेत्तर बोलाइ, लेखाइ सीपहरू र वाचनकला, अभिनयकला जस्ता कुराहरूको विकास गराउन सकिन्छ ।

#### २.५.४.२ टेलिभिजन

भाषा शिक्षण गर्दा टेलिभिजनलाई पनि एक महत्वपूर्ण श्रव्यदृश्य शैक्षिक सामग्रीको रूपमा उपयोग गर्न सकिन्छ । टेलिभिजनको माध्यमबाट शिक्षण गर्दा एकसाथ देख्न र सुन्न सकिन्छ । एकसाथ देखे, सुनेका कुराहरू दीर्घकालीन हुने गर्दछन् । यसको प्रयोगले विद्यार्थीको ध्यानाकर्षण हुने सिकाइ रूचिपूर्ण एवम् प्रभावकारी हुन्छ । चलचित्रको तुलनामा मध्यम वर्गीय परिवारले पनि उपयोग गर्न सकिने साधन हो । प्रत्यक्ष रूपमा हेर्न तथा सुन्न सकिने हुनाले यसको सहायताबाट विद्यार्थीहरू उच्चारण, हाउभाउ, बोध तथा अभिव्यक्ति, वाक्यगठन आदि क्षमताको विकास गर्न सक्दछन् । टेलिभिजन एक महत्वपूर्ण मनोरञ्जनको सामग्री भएकाले विद्यार्थीहरूको थाहै नपाई रोचक ढङ्गले भाषिक सीप, बौद्धिक ज्ञान एवम् शब्दभण्डारमा वृद्धि भइरहेको हुन्छ । तर नेपालको सन्दर्भमा भन्नुपर्दा पाठ्यक्रमलाई मध्यनजर गरेर वा नेपाली भाषा शिक्षणलाई सहयोग पुऱ्याउने टेलिफिल्म बनेको छैन । भौगोलिक विकटताका कारण यहाँका प्रत्येक ठाउँमा टेलिभिजन प्रसारण पुगेको छैन । हरेक नेपालीको आर्थिक स्थिति कमजोर रहेकाले टेलिभिजन किनेर हेर्ने क्षमता पनि छैन ।

#### २.५.४.३ भि.सि.डि, डि.भि.डि. र भिडियोडेक

केही वर्ष अघिसम्म पनि शिक्षकको नियन्त्रणमा रहने सबभन्दा महत्वपूर्ण श्रव्यदृश्य सामग्रीको रूपमा भिडियो डेकलाई लिइन्थ्यो । तर वर्तमान समयमा विज्ञान र प्रविधिको बढ्दो उन्नतिले ल्याएका परिवर्तनसँगै यसको ठाउँ भि.सि.डि र अझ डि.भि.डि.ले लिन थालेको देखिन्छ ।

कम्प्युटरमार्फत् सानो हल्का र स्थानान्तरणीय डिस्कका भरिएका सामग्रीलाई भि.सि.डि. र डि.भि.डि.मार्फत् प्रस्तुत गर्ने गरिन्छ । यी सामग्रीहरू सस्ता र भरपर्दो हुनाका साथै प्रयोग गर्न पनि सजिला हुन्छन् । कुनै सामान्य शिक्षकले विशेष तालिम विना नै यी सामग्रीहरूको प्रयोग कक्षामा गर्न सक्दछन् । प्रदर्शित सामग्रीमार्फत छलफल गराउन पनि सकिन्छ । यसरी यी सामग्रीहरू सुनाइ, बोलाइ, पढाइ लेखाइ जस्ता भाषिक सीपका निम्ति उपयोगी देखिन्छन् । यिनीहरू शब्दार्थ शिक्षण र व्याकरण शिक्षणमा पनि उपयोगी हुन्छन्, (डा. आचार्य र गौतम, २०६५:१९३) ।

### २.५.४.४ कम्प्युटर

शिक्षण कार्यमा प्रयोग गर्न सकिने सामग्रीहरूमा कम्प्युटर सबैभन्दा प्रभावकारी साधन हो । यसबाट भाषा, साहित्य, समाजशास्त्र, मनोविज्ञान, दर्शनशास्त्र, गणित, विज्ञान प्रविधि लगायत संसारमा सिकाइने जनुसुकै क्षेत्र वा ज्ञान सिकाउन सकिन्छ । भाषा कक्षामा कम्प्युटर महत्वपूर्ण सामग्री मानिनुका कारणहरू निम्नानुसार छन् :

१. यसमा कुनैपनि प्रकारको शिक्षण सामग्री निर्माण गर्न सकिन्छ ।

२. ती सामग्रीहरूलाई सुरक्षित रूपमा स्टोर गर्न सकिन्छ ।

३. ती सामग्रीहरूलाई चाहेको जनुसुकै बखत पनि प्रयोगमा ल्याउन सकिन्छ ।

४. ती सामग्रीहरूलाई आवश्यकतानुसार जत्रो आकारमा पनि प्रयोग सकिन्छ ।

५. यसबाट श्रव्यदृश्य र दुबै सामग्रीहरू प्रयोग गर्न सकिन्छ ।

६. कम्प्युटरबाट एनिमेटेड भिडियो, कार्टुन आदिको माध्यमबाट पनि शिक्षण गर्न सकिन्छ ।

७. इमेल, इन्टरनेटमार्फत् संसारमा पाइने झन्डै सम्पूर्ण कुराहरूलाई श्रव्य र दृश्य रूपमा प्रस्तुत गर्न सकिन्छ, (डा. आचार्य र गौतम, २०६५:९४) ।

यति धेरै फाइदाहरूका बाबजुद यसका केही बेफाइदाहरू पनि छन् । यसलाई प्रभावकारी रूपमा चलाउनका लागि महिनौंसम्म तालिम लिनुपर्ने, बिजुलीको आवश्यकता पर्ने, महङ्गो हुने र दिनदिनै थपिएका नयाँ प्रविधिलाई कम्प्युटरमा समावेश गर्न यसका सफ्टवयरलाई अप-टु-डेट गर्न निकै मेहनत गर्नु पर्ने र चनाखो हुनुपर्ने हुन्छ । जे होस् यसबाट केही दशकअघिसम्म कल्पना पनि गर्न नसिकएका कामहरू आजभोलि सामान्य भइसको छ । यो भाषा शिक्षणको सबभन्दा प्रभावकारी माध्यमको रूपमा रहेको छ ।

### २.५.४.५ भाषा प्रयोगशाला

भाषा प्रयोगशाला भनेको भाषाको कक्षाभन्दा भिन्नै विशेषता भएको विशेष कक्षा हो । यस कक्षामा प्रत्येक विद्यार्थीका निम्ति अलग अलग सिटको व्यवस्था

गरिएको हुन्छ । प्रत्येक सिटमा बस्ने विद्यार्थीलाई लेखपढमा अवरोध नहोस् भनेर प्रत्येक सिटको दुबैपट्टि काठले बारेको हुन्छ । लेखपढ गर्दा कुनै पनि विद्यार्थीले एक अर्कोलाई देख्न सक्दैन । भाषा प्रयोगशालाको प्रत्येक सिटमा अलग अलग विद्यार्थीको निम्ति अलग अलग टेपरेकर्डर र शीर्षध्वनि नियन्त्रण (हेडफोन) को व्यवस्था गरिएको हुन्छ । कक्षा सञ्चालन गर्ने शिक्षकको सिट अगाडि प्रयोगशाला कक्षामा रहेका प्रत्येक विद्यार्थीको सिटमा जडित माइक्रोफोन र टेपरेकर्डरको बोर्ड रहन्छ । यसैको सहयोगबाट शिक्षकले आवश्यक निर्देशन दिने र विद्यार्थीलाई प्रश्नहरू सोध्ने गर्दछन् । विद्यार्थी चाँहि आवश्यक जानकारी लिने वा सोध्ने गर्दछन् । यसरी भाषा प्रयोगशाला भाषा शिक्षणलाई बढी प्रभावकारी, रोचक र अर्थपूर्ण बनाउनका लागि विकास गरिएको अवधारणा हो, (आचार्य र गौतम, २०६५:२०८) ।

**भाषा प्रयोगशालाबाट हुने बेफाइदा**

भाषा प्रयोगशालामा भाषा विज्ञानको पनि आफ्नै सीमा छ । भाषा प्रयोगशालामा विद्यार्थीहरू आफ्ना साथीहरूसँग नियमित रूपमा सम्पर्क कायम गर्न सक्दैनन् । यसले गर्दा उनीहरू आ-आफूबीचको अभिव्यक्ति शैलीसँग अपरिचित रहन्छन् । शिक्षकसँग पनि उनीहरूको गहिरो सम्पर्क कायम हुन पाउँदैन । विद्यालयको अधिकांश समय उनीहरू प्रयोगशालामा नै बिताउँछन् । भाषा प्रयोगशालामा उनीहरूको हात, आँखा भाषिक यन्त्रहरूमा र कान शीर्षध्वनि यन्त्रमा केन्द्रित रहन्छ । शिक्षणको क्रममा शिक्षकबाट हुने हाउभाउलाई पनि उनीहरूले देख्न सक्दैनन् । यसले गर्दा भाषा प्रयोगशालाको प्रयोगले विद्यार्थीहरूले बढी मात्रामा मौखिक अभिव्यक्ति सुधार गर्ने सम्भावना देखिन्छ । भने लिखित रचनाको विकासमा यसको उपयोगिता एकदमै न्यून देखिन्छ । लिखित रचनाको प्रमुख उद्देश्य विद्यार्थीहरूको व्यक्तिगत विचारमा क्रमबद्धता कायम गरी उनीहरूलाई आफ्नै भाषाशैलीको माध्यमबाट प्रभावशाली विचार व्यक्त गर्ने सीपमा निपूण बनाउनु हो । भाषा प्रयोगशालमा शिक्षक-विद्यार्थीबीच र विद्यार्थी-विद्यार्थीबीच अन्तर्क्रिया नहुने हुँदा यसले विद्यार्थीहरूमा क्रमबद्ध तरिकाले उपयुक्त भाषाशैली प्रयोग गरी विचार व्यक्त गर्ने सीपको विकास गर्न अप्ठ्यारो पर्दछ ।

#### २.५.४.६ शिक्षक

शिक्षक स्वयम् पनि एक महत्वपूर्ण श्रव्यदृश्य सामग्री हो । कक्षामा सदासर्वदा उपलब्ध सबैभन्दा प्रभावशाली सामग्री शिक्षक हो । शिक्षकले भाषा शिक्षणका क्रममा हाउभाउ, उच्चारण, लय, आघात आदिले भाषिक सीप सिकाइ प्रक्रियामा दृश्य श्रव्यात्मक उत्प्रेरकको भूमिका निर्वाह हुन सक्दछ । नेपाली भाषामा रहेका अनुकरणात्मक शब्द, उखान, क्रियापद आदि शब्दको उच्चारणका साथै हाउभाउसहित क्रियाकलापको माध्यमबाट विद्यार्थीहरूलाई बुझाउने, सिकाउने र अभिनयमार्फत् विद्यार्थीहरूलाई रोचक तरिकाले शिक्षण गर्ने भएकाले शिक्षकलाई जीवन्त श्रव्यदृश्य सामग्री मानिन्छ ।

### २.५.५ स्पर्श सामग्री

भाषा शिक्षणको क्रममा त्यस्तो अवस्था पनि आउन सक्दछ जहाँ मौखिक, श्रव्य, दृश्य कुनैपनि सामग्रीको प्रयोगले शिक्षण गर्न खोजिएका कुरा वा अनुभव गराउन खोजिएका धारणाहरूलाई स्पष्ट गर्न सकिँदैन । यस्तो अवस्थामा वास्तविक वस्तुको स्पर्श गरी धारणालाई स्पष्ट गर्न सकिन्छ । त्यस्ता सामग्री नै स्पर्श सामग्री हुन् । नरम, कडा, गिलो, साह्रो, तातो, चिसो, चिल्लो, खस्रो, अमिलो, नुनिलो, तितो, पिरो जस्ता धारणा स्पष्ट पार्न स्पर्श सामग्रीको प्रयोग गर्नु आवश्यक हुन्छ । खासगरी प्रारम्भिक तहका विद्यार्थीहरूका निम्ति यस्ता सामग्रीहरू उपयोगी हुन्छन् । उच्च कक्षामा भने यस्ता सामग्रीको खासै महत्व रहदैन ।

### २.५.६ शैक्षिक सामग्री निर्माणका लागि स्थानीय सामग्रीको प्रयोग

शैक्षिक सामग्री जुटाउन ठूलो धनराशी नै खर्च गर्नुपर्ने र बाहिरबाट झिकाउनु पर्छ भन्ने छैन । यसका लागि स्थानीय क्षेत्रमा उपलब्ध सामग्रीहरू सस्तो मूल्यमा वा निःशुल्क रुपमा प्राप्त गर्न सकिन्छ । नेपालका ग्रामीण विद्यालयहरूमा महङ्गा सामग्रीको पहुँचभन्दा बाहिर रहेको स्थितिमा स्थानीय सामग्रीबाट शिक्षण सिकाइ कार्य सञ्चालनलाई प्राथमिकता दिनु अनिवार्य छ । यस्ता स्थानीय रूपमा सङ्कलित र निर्मित सामग्रीको प्रयोगले वातावरण अनुकूलको सिकाइलाई प्रोत्साहन गर्दछ । त्यस्तैगरी सामग्री निर्माण र प्रयोगले शिक्षकलाई व्यावहारिक रूपमा शिक्षण गर्ने र शिक्षण सीपलाई बढी व्यावहारिक बनाउन सहयोग प्राप्त हुन्छ ।

स्थानीय रूपबाट शैक्षिक सामग्री सङ्कलन, निर्माण र प्रयोग गर्नाले हुने मुख्य फाइदाहरू निम्नानुसार छन् :

१. कम खर्च वा लागतमा सामग्री निर्माण गर्न सकिने,

२. विद्यार्थी र शिक्षक दुबैमा सिर्जनात्मकताको विकास हुने,

३. सिकाइ व्यावहारिक हुने,

४. सिकाइप्रति रूचि जागृत हुने,

५. शिक्षण सिकाइमा विद्यार्थी र शिक्षक दुबैको सहभागिता कायम गराउन सकिने ।

(पौडेल, २०६०:१२७) ।

### २.५.७ अन्य विषय र शैक्षिक सामग्रीको प्रयोग

शैक्षिक सामग्रीको प्रयोग नेपाली भाषा शिक्षणमा एवम् भाषिक सीपहरूको शिक्षणमा जति धेरै महत्व छ, त्यत्ति नै महत्व अन्य विषयहरू जस्तैः गणित, विज्ञान, सामाजिक, अङ्ग्रेजी, स्वास्थ्य जनसङ्ख्या तथा वातावरण, अर्थशास्त्र, शिक्षा, कार्यालय सञ्चालन र लेखा, गृह विज्ञान लगायत सम्पूर्ण विषयहरूमा रहेको छ । हिजोका दिनमा उपयोग गरिएको व्याख्यान विधि, शिक्षक केन्द्रित विधिलाई आज पनि निरन्तर दिइएमा वा शैक्षिक सामग्रीको कमभन्दा कम प्रयोग गरिएमा सबै विषयको शिक्षण सिकाइ रूचिकर एवम् प्रभावकारी बन्न सक्दैन । यस्तो सिकाइले विद्यार्थीको ध्यान शिक्षणतर्फ केन्द्रित नगर्ने एवम् सिकाइ अस्थायी हुने तथा सिकाइ उपलब्धिमूलक नभई शिक्षणका उद्देश्यहरू प्राप्त हुन सक्दैनन् । शैक्षिक सामग्रीको महत्व कुनै एक विषयमा बढी र कुनै अर्को विषयमा कम हुन्छ भन्ने भनाइ सत्य मान्न सकिदैन । प्रत्येक विषयमा शैक्षिक सामग्रीको अहम् भूमिका हुन्छ । शैक्षिक सामग्रीको उचित प्रयोगले सबै विषयहरूमा विद्यार्थीको ज्ञान, सीप एवम् अभिवृत्तिलाई विकसित गराउँछ । सिकाइलाई दिगो र प्रभावकारी बनाउँदै शिक्षणका निर्दिष्ट उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउँछ ।

### २.५.८ सारांश

शिक्षण सिकाइलाई रोचक, प्रभावकारी, दिगो र उद्देश्यमूलक बनाउने सामग्रीलाई नै शैक्षिक सामग्री भनिन्छ । मौखिक, दृश्य, श्रव्य, श्रव्यदृश्य र स्पर्श सामग्री गरी शैक्षिक सामग्रीलाई पाँच भागमा विभाजन गर्न सकिन्छ । यी शैक्षिक

सामग्रीहरूको भाषा शिक्षणमा र अन्य विषयको शिक्षणमा महत्वपूर्ण भूमिका रहन्छ । यी सामग्रीको प्रयोगबाट सिकाइ सरल, सहज, रूचिपूर्ण, प्रभावकारी र दिगो हुन्छ । वर्तमान समयमा विद्यार्थीहरूमा भाषिक सीप एवम् क्षमताको अभिवृद्धि गर्न र निर्दिष्ट उद्देश्य प्राप्तिमा यी सामग्रीहरूको विशेष भूमिका हुन्छ ।

चित्रहरू भाषा शिक्षणमा धेरै प्रयोगमा आउने सामग्री हुन् । कक्षा शिक्षणलाई आकर्षक र रोचक बनाउन चित्रको प्रयोग गर्न सकिन्छ । चित्रहरू प्रसङ्ग अनुकूल भाषिक पाठ्यवस्तुको अभ्यास तथा प्रयोग गराउन, भाव तथा विचारलाई प्रष्ट्याउन, उपयुक्त सन्दर्भहरू सिर्जना गर्न, पाठलाई रोचक बनाउन, शब्द, अर्थ र व्याकरणिक नियमको धारणा बसाल्न, खास वातावरणको कुनै दृश्य वा दृश्यावली प्रस्तुत गरी सिकाइलाई अर्थपूर्ण बनाउन चित्रहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस्ता चित्रहरू स्पष्ट देख्न सकिने, विषयवस्तु अनुकूल, उद्देश्य हासिल गर्न सहायक हुने खालको हुनुपर्दछ । चित्रहरू शिक्षक आफैंले बनाएर वा विभिन्न पत्रिकाबाट सङ्कलन गरी प्रयोग गर्न सकिन्छ । चित्रहरू बनाउन विद्यार्थीहरूको सहयोग पनि लिन सकिन्छ । पाठ्यपुस्तकका पाठ, अभ्यास आदिमा पनि चित्र समावेश गरिएका हुन्छन् । यस्ता चित्रहरू अस्पष्ट र पाठसँग असम्बन्धित भएमा शिक्षकले त्यस्ता चित्रको उपयोग नगरी पाठका आधारमा अन्य उपयुक्त चित्रहरू बनाइ वा सङ्कलन गरी शिक्षणमा उपयोग गर्नुपर्छ ।

### २.५.२.८ चार्ट/ग्राफ

दृश्य सामग्रीअन्तर्गत चार्टहरूलाई उपयोगमा ल्याउन सकिन्छ । यसमा तथ्य र चित्रको समन्वय हुन्छ । यसमा तार्किक पद्दति र क्रमबद्धता हुन्छ । पाठको प्रकृति र प्रसङ्ग अनुसार विभिन्न प्रकारका चार्टहरू निर्माण गरी प्रयोगमा ल्याउँदा कक्षा शिक्षण सरल भई लक्षित उद्देश्यमा सजिलै पुग्न सकिन्छ । राम्रो चार्ट सुन्दर, सरल र आकर्षक हुन्छ । ग्राफ, चार्टहरूको मद्दतले प्रस्तुत गरिएका तथ्याङ्क विद्यार्थीले सहज र रूचिपूर्वक ग्रहण गर्न र तुलना गर्न सक्ने हुन्छन् । यस्ता सामग्रीहरू शिक्षक र विद्यार्थी आफैंले निर्माण गर्न वा तयारीका रूपका उपयुक्त चार्ट/ग्राफ फलाटिन बोर्डमा प्रदर्शन गर्न अथवा भित्ता वा श्वेतपाटी (मार्कर बोर्ड) मा देखाउन सकिन्छ । यसको लागि बुलेटिन बोर्डको पनि प्रयोग गर्न सकिन्छ । ग्राफ/चार्टहरू विद्यार्थीको स्तरअनुरूप र उपयोगी विषयवस्तुमा मात्र तयार गर्नुपर्छ । साहित्य शिक्षण गर्दा साहित्यिक धाराको चार्ट, साहित्यको इतिहास पढाउँदा समय चार्ट, वृक्षचार्ट आदि बनाउन सकिन्छ ।

### २.५.२.९ तालिका

पाठमा आधारित प्रमुख बुँदा वा तथ्यलाई छुट्टै कागजमा क्रमबद्ध रूपमा गरिने रेखीय प्रस्तुति नै तालिका हो । व्याकरणका नियम, भाषा, साहित्यका सैद्धान्तिक विशेषता, विकासक्रम, साहित्यकारका प्रवृत्ति आदि कुराहरूलाई तालिकाको माध्यमद्वारा प्रभावकारी रूपमा शिक्षण गर्न सकिन्छ । तालिकामा देखाउँदा विभिन्न विषयवस्तु एवम् तथ्यहरू बढी रोचक हुन पुग्छन् ।

### २.५.२.१० प्रतिमूर्ति

कुनै ठूलो वस्तुको सानो नमुना नै प्रतिमूर्ति हो । त्यस्तो वस्तु जुन कक्षा भित्र ल्याएर शिक्षणमा उपयोग गर्न सकिँदैन । त्यसको दुरूस्त मूर्ति बनाई काम चलाउन सकिन्छ । अपरिचित वस्तुको धारणा बसाल्नका लागि प्रतिमूर्ति उपयोगी हुन्छन् । भाषा शिक्षणमा खासगरी तल्ला कक्षामा शब्द भण्डारको शिक्षण तथा विकासका लागि मौखिक तथा लिखित वर्णनका लागि विभिन्न जनावर एवम् पशुपंछीसम्बन्धी, यातायातका साधनसम्बन्धी, विभिन्न हिमाल एवम् मठ, मन्दिर आदिको धारणा बसाल्नका लागि वा पाठ शिक्षण गर्नका लागि प्रतिमूर्तिको उपयोग गरिन्छ । प्रतिमूर्ति सम्बन्धित वस्तुसँग दुरूस्त वा समरूप देखिने हुँदा शिक्षणमा यसको सहयोगबाट प्रभावकारी शिक्षण गर्न सकिन्छ ।

### २.५.२.११ व्यङ्ग्य चित्र (कार्टुन)

व्यङ्ग्यचित्रले शिक्षणमा मनोरञ्जन प्रदान गर्नुका साथै कुनैपनि विकृतिप्रति व्यङ्ग्य गरिने चित्रले एकातर्फ विद्यार्थीहरूलाई मनोरञ्जन प्रदान गर्दछ भने अर्कोतर्फ तर्क र कल्पनाको माध्यमबाट मानसिक क्षमता वृद्धि गराउन मद्दत पुऱ्याउँछ । यस्ता चित्रहरू विशेष गरी कथा र नाटक शिक्षणमा प्रयोग गर्न सकिन्छ । शिक्षणप्रति यस्ता चित्रले उत्सुक गराइ शिक्षण फलदायी बनाउन सहयोग पुऱ्याउँछ ।

### २.५.२.१२ तस्वीर (फोटो)

कुनै साहित्यकार, लेखक, वैज्ञानिक, राजनैतिक व्यक्तित्व, कलाकार, अभिनेता, अभिनेत्री, सहिद, खेलाडी, गायक वा चर्चित व्यक्तिको जानकारी गराउन तस्वीरको प्रयोग गर्नुपर्छ । तस्वीरले शिक्षणमा अभिप्रेरणा जगाई शिक्षण प्रभावकारी एवम् रूचिपूर्ण बनाउन मद्दत गर्दछ ।

### २.५.२.१३ चित्रकथा

भाषा शिक्षणमा चित्रकथाको पनि महत्वपूर्ण स्थान रहेको हुन्छ । चित्रकथाले बालबालिकाहरूमा बौद्धिक क्षमताको वृद्धि गराउनुका साथै विषयवस्तु वा घटनाक्रमलाई सिलसिलाबद्ध रूपमा वर्णन गर्ने क्षमताको विकास गराउँछ । चित्रको सहायताबाट बालबालिकाहरूले राम्रो र मीठो कथा/कहानी बनाउन सक्छन् । चित्र वर्णनमा समस्या देखिए शिक्षकले बीच-बीचमा मार्गनिर्देशन दिनुपर्दछ । तल्ला कक्षाहरूमा चित्रकथा बढी उपयोगी मानिन्छ ।

### २.५.२.१४ मानचित्र

मानचित्रको प्रयोग गरेर त्यस ठाउँको जीवन्त प्रस्तुति दिन सकिन्छ । विशेषगरी भूगोल, इतिहास, संस्कृति, जनसङ्ख्या विषयको शिक्षणमा मानचित्र बढी उपयोगी मानिन्छ । भाषा शिक्षण गर्दा, इतिहास, भूगोल, धार्मिक स्थलको बारेमा स्पष्ट पार्न मानचित्र उपयोगी सिद्ध हुन्छ । उदाहरणका लागि पोखरा, सिन्धुलीगढी, गोरखा, लुम्बिनी आदि जस्ता पाठको जानकारी गराउन मानचित्र प्रयोग गर्नु उपयुक्त हुन्छ ।

### २.५.२.१५ पोष्टर

विज्ञापनको लागि बढी प्रयोग गरिने एकप्रकारको चित्र पोस्टर हो । यसले व्यक्तिको ध्यान केन्द्रित गर्न सहयोग पुऱ्याउँछ । पोस्टरले छिटो सन्देश प्रवाह गर्न सहयोग पुऱ्याउँछ । पोस्टरहरू विभिन्न उद्देश्यले टाँसिन्छन् । भाषा शिक्षणमा कक्षा सजाउन, बोधको अभ्यास गराउन पोस्टरको महत्वपूर्ण भूमिका रहन्छ ।

### २.५.२.१६ वास्तविक वस्तु

भाषा शिक्षणका लागि कतिपय वास्तविक वस्तु कक्षाकोठामा ल्याएर विद्यार्थीहरूलाई देखाइ त्य वस्तुको वास्तविक धारणा बसाल्न सकिन्छ । यस्ता वास्तविक वस्तुको माध्यमबाट कक्षा शिक्षणलाई रोचक बनाइ प्रभावकारी शिक्षण गर्न सकिन्छ ।

### २.५.२.१७ पाठ्यपुस्तक

पाठ्यपुस्तक धेरै अगाडिदेखि हालसम्म निरन्तर रूपमा प्रयोग हुँदै आएको सामग्री हो । यो पाठ्य एवम् दृश्य सामग्रीका रूपमा रहेको छ । भाषा पाठ्यपुस्तक हरेक कक्षाका लागि भिन्न-भिन्न तयार पारिएको हुन्छ । नेपाली भाषा शिक्षणमा नयाँनयाँ तरिका र सामग्रीहरूको प्रयोग गर्न थालिएपछि पाठ्यपुस्तक मात्र प्रयोग गर्ने परम्परामा अन्य सामग्रीहरूले स्थान लिन थालेको पाइन्छ । भाषा पाठ्यपुस्तकमा विभिन्न विधा, व्याकरण अभ्यास तथा अन्य अभ्यासहरू समावेश गरिने हुनाले यसको प्रयोग अनिवार्य र महत्वपूर्ण मानिन्छ ।

**भाषा पाठ्यपुस्तकमा हुनुपर्ने आवश्यक गुणहरू:**

भाषा पाठ्यपुस्तकमा निम्न गुणहरू हुन आवश्यक मानिन्छ :

१. विषय विविधता, २. उद्देश्यपरकता, ३. उपयुक्तता, ४. रोचकता,

५ उपयोगी, ६. व्यावहारिक, ७. स्तरअनुकूल, ८. शुद्धता,

९. सरल, १० सार्थक, ११. भाषिक सीपबर्द्धक, १२. मौलिक,

१३. शैलीगत विविधता, १४. आकर्षक, १५ आदर्शोन्मुख, १६. क्रमबद्धता ।

### २.५.२.१८ कक्षा पुस्तकालय

कक्षा पुस्तकालयले पनि भाषा शिक्षणको क्षेत्रमा सहयोगी सामग्रीको रूपमा भूमिका निर्वाह गर्दछ । विद्यार्थीहरूलाई कक्षा समयको अतिरिक्त खाली पिरियडमा पुस्तकालयमा लगी उनीहरूको इच्छाअनुसारका पुस्तक तथा पत्रिका अध्ययन गर्ने अवसर प्रदान गर्न सकिन्छ । पाठ्यपुस्तकलाई सहयोग पुग्ने र अतिरिक्त ज्ञान प्राप्त

गर्ने भरपर्दो माध्यम पुस्तकालय बन्न सक्छ । विद्यार्थीको पठन क्षमता विकासमा महत्वपूर्ण भूमिका कक्षा पुस्तकालयले निर्वाह गर्दछ । कविताहरू, कथा, कहानी, उपन्यास आदि विषयका पुस्तकहरूको सङ्कलन गरी तिनीहरूलाई दर्ताक्रमअनुसार मिलाएर राख्नुपर्छ । कक्षा पुस्तकालयबाट विद्यार्थी एवम् शिक्षकहरूलाई लाभ पुग्दछ ।

**२.५.२.१९ नक्सा/ग्लोव**

नक्सा र ग्लोवको प्रयोग विशेषगरी भूगोल शिक्षणमा बढी उपयोगी हुन्छ । भाषा शिक्षणमा पनि ऐतिहासिक र भौगोलिक स्थलको वर्णन गर्न नक्सा र ग्लोवको उपयोग गर्न सकिन्छ ।

**२.५.२.२० स्थानीय वातावरण**

मन्दिर, बजार, खोलानाला, धाराकुवा, खेतीपाती, कक्षाकोठा, विद्यालय हाताभित्रका विषयवस्तुहरू, स्थानीय चाडपर्वहरू आदिलाई स्थानीय वातावरणको रूपमा प्रयोग गर्न सकिन्छ । यी सामग्रीहरूको उपयोगबाट बालबालिकामा शब्दभण्डार वृद्धि, मौखिक तथा लिखित अभिव्यक्तिको अभ्यास गराउन सकिन्छ ।

**२.५.२.२१ इमेल**

इमेल भनेको विद्युतीय हुलाक हो । यसको लागि कम्प्युटरको आवश्यकता पर्दछ । यसका आफ्नै वैज्ञानिक प्रविधि छन् । जसअनुसार मोडेम भन्ने एउटा संयन्त्र कम्प्युटरमा जडान गरिन्छ । इमेल केन्द्रबाट यसको सञ्चालन गरिन्छ । चिठीपत्र, सूचना, निवेदन अथवा कुनै लिखित सामग्री विश्वका कुन ठाउँमा पठाउनु छ, त्यसलाई सर्वप्रथम कम्प्युटरमा हालिन्छ । यसबाट मूल सामग्री नै प्रापकसँग पुग्ने होइन त्यसको नक्कल मात्र चमत्कारी ढङ्गबाट पुग्दछ । भाषा शिक्षणमा आवश्यक पर्ने अनेकौं लिखित सामग्रीहरू तुरून्तै एकठाउँबाट अर्को ठाउँमा लगी प्रयोग गर्न सकिने यो सामग्री आर्थिक दृष्टिले खर्चिलो देखिए पनि उपयोगको दृष्टिले महत्वपूर्ण मानिन्छ ।

**२.५.२.२२ इन्टरनेट**

विश्वभरिका कम्प्युटरहरूको सम्पर्कबाट जहाँसुकै पनि सूचना वा सन्देश पठाउन सकिने सञ्चार माध्यमलाई इन्टरनेट भनिन्छ । यसबाट विश्वका कुनैपनि ठाउँमा घटेका घटनाहरू घरमै बसीबसी कम्प्युटरको पर्दामा पढ्न सकिन्छ । यति मात्र नभएर आजकल यसबाट टेलिफोन सम्पर्क पनि गर्न सकिन्छ । शिक्षण सिकाइको क्रममा विश्वमा आएका अनेकौं विधिहरूको अनुकरण गर्न, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सूचनाहरू आदान-प्रदान गर्न इन्टरनेट महत्वपूर्ण सामग्री बन्ने देखिन्छ ।

### २.५.२.२३ शब्दकोश

शब्दकोश पनि एक दृश्य वा पाठ्य सामग्री हो । यसको प्रयोग विशेषगरी मा.वि., उ.मा.वि. र क्याम्पसमा गरिन्छ । शब्दकोशको प्रयोगले विद्यार्थीहरूलाई शब्दको अर्थ बुझ्न, शब्दनिर्माण प्रक्रिया थाहा पाउन, पदवर्ग ठम्याउन, पर्यायवाची शब्द थाहा पाउन सहयोग पुग्दछ ।

### २.५.२.२४ शिक्षक निर्देशिका, पाठ्यक्रम र पाठ्यक्रम विस्तृतीकरण पुस्तिका

शिक्षक निर्देशिका, पाठ्यक्रम र पाठ्यक्रम विस्तृतीकरण पुस्तिकाबाट शिक्षकलाई शैक्षणिक उद्देश्य, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप र विद्यार्थीको उपलब्धि मूल्याङ्कन गर्न सहयोग पुऱ्याई शिक्षण सिकाइलाई उपलब्धिमूलक बनाउन सहयोग पुऱ्याउँछ ।

### २.५.३ श्रव्य सामग्री

सुन्ने, सुनाउने र सुनाइको माध्यमबाट शिक्षण गर्ने सामग्रीहरू नै श्रव्य सामग्रीहरू हुन् । यस्ता सामग्रीहरू कुनै स्रोत वा साधनबाट रेकर्ड गरिएका वा कार्यक्रमको रूपमा विकसित गरिएका हुन्छन् । रेडियो, टेपरेकर्डर, ग्रामोफोन, टेलिफोनजस्ता सामग्री श्रव्य वर्गमा पर्दछन् । यस्ता सामग्रीहरूमार्फत् विद्यार्थीहरूले आवाज सुन्न सक्छन् तर दृश्य देख्न सक्दैनन् । यस्ता सामग्री आफैंले रेकर्ड गरेर वा तयार गरिएको कार्यक्रम खरिद गरेर वा प्रसारण संस्थाहरूको प्रसारण प्रत्यक्ष सुनाएर प्रयोग गर्न सकिन्छ । वर्तमान वैज्ञानिक एवम् प्राविधिक विश्वमा रेडियो,

टेपरेकर्डर, ग्रामोफोन आदिको प्रयोग गरी शिक्षक तालिम, विषयगत शिक्षण तथा भाषिक सीप विकास तालिम आदि प्रदान गरिन्छ ।

श्रव्य सामग्रीले श्रवण क्षमता र बुझाइ क्षमताको विकास गर्दछन् । सिकारू आफैं स्वाध्ययन गर्न सक्दछन् । नयाँनयाँ सामग्री र तरिकाको प्रयोगले विद्यार्थी उत्प्रेरित र सक्रिय हुन्छन् । भाषागत समस्या भएका विद्यार्थी र शिक्षकहरूका लागि श्रव्य सामग्री ज्यादै प्रभावकारी हुन्छन् । पूर्ण तयारीका साथ सामग्री वा विषयवस्तुको प्रस्तुति गरिने हुँदा त्रुटिको सम्भावना कम हुन्छ ।

### २.५.३.१ रेडियो

रेडियो श्रव्य सामग्रीको आधुनिक विद्युतीय उपकरण हो । भाषा शिक्षणका लागि रेडियो अत्यन्त महत्वपूर्ण सामग्रीका रूपमा रहेको हुन्छ । रेडियोमा प्रयोग गरिने भाषा शुद्ध हुने भएकाले बालबालिकामा रेडियोबाट सुनेका भाषाहरू शुद्ध मानी प्रयोग गर्ने सीपको विकास हुन्छ । अपाङ्ग तथा अन्य विविध कारणले विद्यालय जान नसक्नेहरूका लागि रेडियो उपयोगी साधन हो भने विद्यालयमा पनि भाषा शिक्षणको क्रममा यसको उपयोग गर्न सकिन्छ । रेडियोबाट विश्वमा भएका विज्ञान र प्रविधिको विकासले गरेका उपलब्धिहरू, आविष्कार भएका नयाँनयाँ कुराको प्रसारणले विद्यार्थीले आफ्नो बौद्धिक विकास एवम् शब्द भण्डारमा वृद्धि गर्न सक्छन् । भाषा शिक्षणका सन्दर्भमा सुनाइ र बोलाइ सीपको विकासका लागि रेडियो एक प्रभावकारी माध्यम बन्न सक्छ । रेडियोबाट सुगम तथा दुर्गम सबै ठाउँमा मानिसहरूको एकै किसिमको भाषिक ज्ञान हासिल गर्न सक्दछन् । यसबाट एकै समयमा धेरै विद्यार्थीलाई शिक्षा दिन सकिन्छ । रेडियोबाट कतिपय तालिम अप्राप्त शिक्षकहरूलाई तालिम दिने काम नेपालमा विगतदेखि हालसम्म भइरहेको देखिन्छ । रेडियोबाट कुन-कुन कुरा कतिबेला प्रसारण हुन्छ भनेर त्यही समयमा कक्षामा सुनाउन सकिन्छ । यसरी कक्षामा रेडियो प्रयोग गरेपछि लक्षित उद्देश्य पूरा भयो वा भएन भन्ने थाहापाउन प्राप्त उपलब्धिलाई दिगो बनाउन उचित छलफल र प्रश्नोत्तरका कार्यक्रमहरू गर्नुपर्छ ।

### २.५.३.२ टेपरेकर्डर

टेपरेकर्डर महत्वपूर्ण श्रव्य सामग्री हो । विभिन्न प्रकारका श्रव्य सामग्रीलाई रेकर्ड गरी आवश्यकतानुसार विद्यार्थी सामु हुबहु प्रस्तुत गर्न यसको प्रयोग गरिन्छ । यसको माध्यमबाट रोचक ढङ्गमा श्रुतिबोध, वक्तृता, सस्वरवाचन, उच्चारण, श्रुतिलेखनजस्ता पाठ्यवस्तुको शिक्षण गर्न सकिन्छ । यसलाई आवश्यक समयमा खोल्न र बन्द गर्न सकिने, दोहोऱ्याएर सुन्न, काम सकिएपछि मेटेर अन्य सामग्रीहरू रेकर्ड गर्न सकिने हुनाले यो निकै उपयोगी साधन मानिन्छ । साथै एकस्थानबाट अर्को स्थानमा लगेर प्रयोग गर्न सकिने, सहज रूपमा लैजान र ल्याउन सकिने, सबै स्थानमा उपयोगमा ल्याउन सकिने तथा कम खर्चिलो हुने यसका विशेषता हुन् । शिक्षकले आफूले पढाउने पाठको रेकर्ड गरी कक्षामा प्रस्तुत गर्न, महान व्यक्तिको आवाज लामो समयसम्म सुरक्षित राख्न र कविताको लयबोध शिक्षणका लागि उपयोग गर्न टेपरेकर्डर प्रयोग गरिन्छ ।

**२.५.३.३ ग्रामोफोन**

ग्रामोफोन पनि भाषा शिक्षणमा उपयोगी शैक्षिक सामग्रीका रूपमा प्रयोग गर्न सकिन्छ । ग्रामोफोनका सहायताले कविता, एकाङ्की, सम्वाद, उच्चारण सस्वरवाचन बोलाइका विभिन्न शैली आदिको अभ्यास गराउन सकिन्छ । यो स्थायी रेकर्ड हो र बनिबनाउ बजारबाट किनेर उपयोग गर्नुपर्दछ । यो भाषा शिक्षणका लागि उपयोगी शैक्षिक सामग्री भएपनि नेपाली भाषा शिक्षणका लागि भने यस्ता सामग्रीहरू बजारमा आइसकेका छैनन् ।

**२.५.३.४ टेलिफोन**

टेलिफोनलाई पनि शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ । अन्य सामग्रीजस्तो यसलाई कक्षामा लगेर शिक्षण गर्न त्यति प्रभावकारी नभएपनि आवश्यक परेको बेलामा खासखास कुराहरू सोधर बौद्धिक ज्ञान लिन सकिन्छ । 'नेपाली भाषा शिक्षणमा उच्चारण अभ्यास गराउन, श्रुतिबोध अभ्यास गराउन आदि विभिन्न उद्देश्यहरूका लागि टेलिफोन पनि उपयोग गर्न सकिन्छ, (शर्मा र पौडेल, २०६०:२०८) ।

**२.५.४ श्रव्यदृश्य सामग्री**

भाषा शिक्षणका सन्दर्भमा एकसाथ सुन्न र हेर्न सकिने सहायक सामग्रीहरू नै श्रव्यदृश्य सामग्री हुन् । यस्ता सामग्रीहरू चित्र र ध्वनियुक्त हुन्छन् । मानिसले सुनेर जुन मात्रामा सिक्छ, बुझ्छ र सम्झन्छ त्यो भन्दा धेरै गुणा बढी सुनेर र हेरेर सिक्ने गर्दछ । सिकारूका कान र आँखाजस्ता ज्ञानेन्द्रियहरूलाई सक्रिय बनाइ, सिकाइ अर्थपूर्ण र प्रभावकारी बनाउन श्रव्यदृश्य सामग्री महत्वपूर्ण हुन्छ । विषयवस्तुलाई सजीव रूपमा प्रस्तुत गर्न शब्द मात्र पर्याप्त हुँदैन । यसका लागि प्रत्यक्ष दृश्य पनि चाहिन्छ । श्रव्यदृश्य सामग्रीले सुन्ने र हेर्ने दुबै अवसर दिन्छन् । कुनैपनि शिक्षण सिकाइ क्रियाकलापमा सुन्ने र हेर्ने दुबै अवसर पाउँदा सिकारूले एउटै विषयवस्तुलाई दुई तरिकाबाट स्मरण गर्न सक्दछ । यस्ता सामग्रीको प्रयोग गर्न सकिएमा मनोरञ्जनपूर्ण वातावरणले विद्यार्थीको ध्यानाकर्षण गरी सिकाइलाई सरल र सहज बनाउन सहयोग मिल्दछ । यसमा दुई वा दुईभन्दा बढी इन्द्रियहरूले समन्वयात्मक काम गर्नुपर्ने भएकाले समन्वयात्मक सिकाइ प्राप्त हुन्छ । समय, साधन स्रोत र सुविधा अनुसार यसको छनोट र प्रयोग गरिनु पर्दछ ।

**श्रव्यदृश्य सामग्रीको महत्व**

श्रव्यदृश्य सामग्री आधुनिक शैक्षिक सामग्री हो, यसको महत्वलाई तलका बुँदाहरूबाट स्पष्ट पार्न सकिन्छ :

१. श्रव्यदृश्य सामग्रीले विद्यार्थीहरूलाई शिक्षण सिकाइमा उत्प्रेरित गर्दछ ।

२. यसले शाब्दिक सञ्चार कम गरी क्रियाकलापतर्फ केन्द्रित गर्दछ ।

३. यसले सिकाइलाई स्थायी र अर्थपूर्ण बनाउँछ ।

४. प्रत्यक्ष सिकाइको अवसर प्रदान गर्दछ ।

५. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित तुल्याउँछ ।

६. सिकाइको सकारात्मक स्थानान्तरणमा सहयोग पुऱ्याउँछ ।

७. शिक्षकको प्रस्तुति र आत्मविश्वास बढाउँछ ।

८. विद्यार्थीहरूको ज्ञानेन्द्रियहरूलाई सक्रिय पार्दछ ।

९. स्पष्ट धारणा बसाउँछ ।

**केही श्रव्यदृश्य सामग्रीहरू**

### २.५.४.१ चलचित्र

चलचित्र एक सशक्त मनोरञ्जनपूर्ण श्रव्यदृश्य सामग्री हो । यसलाई भाषा शिक्षण सिकाइमा पनि उपयोग गर्न सकिन्छ । चलचित्र विद्यार्थीको भाषिक सीप अभिवृद्धिका लागि सहयोगी हुने खालको हुनुपर्दछ । नेपालको वर्तमान परिप्रेक्ष्यमा विभिन्न विषयमा चलचित्रको निर्माण भएपनि शिक्षणीय प्रयोजनले हालसम्म नेपाली भाषामा चलचित्रको निर्माण भएको पाइँदैन । भाषा शिक्षणको क्षेत्रमा एक सफल शैक्षिक सामग्रीको रूपमा चलचित्र प्रदर्शन गर्नेबारे पाठ्यक्रममा पनि उल्लेख हुनुपर्दछ । विद्यार्थीको तह वा स्तरअनुसार उनीहरूको भाषिक सीपको अभिवृद्धि हुनेगरी चलचित्रको निर्माण गर्नुपर्दछ । पाठ्यक्रममा राखिएको कुनै खास कृति वा विषयवस्तुसँग मिल्ने चलचित्र प्रदर्शन भइरहेको भए चलचित्रमा विद्यार्थीलाई लैजानु अगाडि त्यसमा निहित विषयवस्तुको बारेमा पहिले नै प्रश्नहरू दिने र चलचित्र प्रदर्शनको क्रममा त्यसको उत्तर खोज्न लगाउनु राम्रो हुन्छ । चलचित्र देखाइसकेपछि पनि त्यसका बारेमा छलफल गराउनु पर्छ र आवश्यक परेमा एउटै चलचित्र पनि एक भन्दा बढी पटक पुनरावृत्ति गरी देखाउन सकिने हुँदा विषयवस्तुप्रतिको अस्पष्टता पूर्ण रूपले हटाउन सकिन्छ । चलचित्रबाट विद्यार्थीहरूमा सुनाइ, भाषिक र भाषिकेत्तर बोलाइ, लेखाइ सीपहरू र वाचनकला, अभिनयकला जस्ता कुराहरूको विकास गराउन सकिन्छ ।

### २.५.४.२ टेलिभिजन

भाषा शिक्षण गर्दा टेलिभिजनलाई पनि एक महत्वपूर्ण श्रव्यदृश्य शैक्षिक सामग्रीको रूपमा उपयोग गर्न सकिन्छ । टेलिभिजनको माध्यमबाट शिक्षण गर्दा एकसाथ देख्न र सुन्न सकिन्छ । एकसाथ देखे, सुनेका कुराहरू दीर्घकालीन हुने गर्दछन् । यसको प्रयोगले विद्यार्थीको ध्यानाकर्षण हुने सिकाइ रूचिपूर्ण एवम् प्रभावकारी हुन्छ । चलचित्रको तुलनामा मध्यम वर्गीय परिवारले पनि उपयोग गर्न सकिने साधन हो । प्रत्यक्ष रूपमा हेर्न तथा सुन्न सकिने हुनाले यसको सहायताबाट विद्यार्थीहरू उच्चारण, हाउभाउ, बोध तथा अभिव्यक्ति, वाक्यगठन आदि क्षमताको विकास गर्न सक्दछन् । टेलिभिजन एक महत्वपूर्ण मनोरञ्जनको सामग्री भएकाले विद्यार्थीहरूको थाहै नपाई रोचक ढङ्गले भाषिक सीप, बौद्धिक ज्ञान एवम् शब्दभण्डारमा वृद्धि भइरहेको हुन्छ । तर नेपालको सन्दर्भमा भन्नुपर्दा पाठ्यक्रमलाई मध्यनजर गरेर वा नेपाली भाषा शिक्षणलाई सहयोग पुऱ्याउने टेलिफिल्म बनेको छैन । भौगोलिक विकटताका कारण यहाँका प्रत्येक ठाउँमा टेलिभिजन प्रसारण पुगेको छैन । हरेक नेपालीको आर्थिक स्थिति कमजोर रहेकाले टेलिभिजन किनेर हेर्ने क्षमता पनि छैन ।

### २.५.४.३ भि.सि.डि, डि.भि.डि. र भिडियोडेक

केही वर्ष अघिसम्म पनि शिक्षकको नियन्त्रणमा रहने सबभन्दा महत्वपूर्ण श्रव्यदृश्य सामग्रीको रूपमा भिडियो डेकलाई लिइन्थ्यो । तर वर्तमान समयमा विज्ञान र प्रविधिको बढ्दो उन्नतिले ल्याएका परिवर्तनसँगै यसको ठाउँ भि.सि.डि र अझ डि.भि.डि.ले लिन थालेको देखिन्छ ।

कम्प्युटरमार्फत् सानो हल्का र स्थानान्तरणीय डिस्कका भरिएका सामग्रीलाई भि.सि.डि. र डि.भि.डि.मार्फत् प्रस्तुत गर्ने गरिन्छ । यी सामग्रीहरू सस्ता र भरपर्दो हुनाका साथै प्रयोग गर्न पनि सजिला हुन्छन् । कुनै सामान्य शिक्षकले विशेष तालिम विना नै यी सामग्रीहरूको प्रयोग कक्षामा गर्न सक्दछन् । प्रदर्शित सामग्रीमार्फत छलफल गराउन पनि सकिन्छ । यसरी यी सामग्रीहरू सुनाइ, बोलाइ, पढाइ लेखाइ जस्ता भाषिक सीपका निम्ति उपयोगी देखिन्छन् । यिनीहरू शब्दार्थ शिक्षण र व्याकरण शिक्षणमा पनि उपयोगी हुन्छन्, (डा. आचार्य र गौतम, २०६५:१९३) ।

### २.५.४.४ कम्प्युटर

शिक्षण कार्यमा प्रयोग गर्न सकिने सामग्रीहरूमा कम्प्युटर सबैभन्दा प्रभावकारी साधन हो । यसबाट भाषा, साहित्य, समाजशास्त्र, मनोविज्ञान, दर्शनशास्त्र, गणित, विज्ञान प्रविधि लगायत संसारमा सिकाइने जनुसुकै क्षेत्र वा ज्ञान सिकाउन सकिन्छ । भाषा कक्षामा कम्प्युटर महत्वपूर्ण सामग्री मानिनुका कारणहरू निम्नानुसार छन् :

१. यसमा कुनैपनि प्रकारको शिक्षण सामग्री निर्माण गर्न सकिन्छ ।

२. ती सामग्रीहरूलाई सुरक्षित रूपमा स्टोर गर्न सकिन्छ ।

३. ती सामग्रीहरूलाई चाहेको जनुसुकै बखत पनि प्रयोगमा ल्याउन सकिन्छ ।

४. ती सामग्रीहरूलाई आवश्यकतानुसार जत्रो आकारमा पनि प्रयोग सकिन्छ ।

५. यसबाट श्रव्यदृश्य र दुबै सामग्रीहरू प्रयोग गर्न सकिन्छ ।

६. कम्प्युटरबाट एनिमेटेड भिडियो, कार्टुन आदिको माध्यमबाट पनि शिक्षण गर्न सकिन्छ ।

७. इमेल, इन्टरनेटमार्फत् संसारमा पाइने झन्डै सम्पूर्ण कुराहरूलाई श्रव्य र दृश्य रूपमा प्रस्तुत गर्न सकिन्छ, (डा. आचार्य र गौतम, २०६५:९४) ।

यति धेरै फाइदाहरूका बाबजुद यसका केही बेफाइदाहरू पनि छन् । यसलाई प्रभावकारी रूपमा चलाउनका लागि महिनौंसम्म तालिम लिनुपर्ने, बिजुलीको आवश्यकता पर्ने, महङ्गो हुने र दिनदिनै थपिएका नयाँ प्रविधिलाई कम्प्युटरमा समावेश गर्न यसका सफ्टवयरलाई अप-टु-डेट गर्न निकै मेहनत गर्नु पर्ने र चनाखो हुनुपर्ने हुन्छ । जे होस् यसबाट केही दशकअघिसम्म कल्पना पनि गर्न नसिकएका कामहरू आजभोलि सामान्य भइसको छ । यो भाषा शिक्षणको सबभन्दा प्रभावकारी माध्यमको रूपमा रहेको छ ।

### २.५.४.५ भाषा प्रयोगशाला

भाषा प्रयोगशाला भनेको भाषाको कक्षाभन्दा भिन्नै विशेषता भएको विशेष कक्षा हो । यस कक्षामा प्रत्येक विद्यार्थीका निम्ति अलग अलग सिटको व्यवस्था

गरिएको हुन्छ । प्रत्येक सिटमा बस्ने विद्यार्थीलाई लेखपढमा अवरोध नहोस् भनेर प्रत्येक सिटको दुबैपट्टि काठले बारेको हुन्छ । लेखपढ गर्दा कुनै पनि विद्यार्थीले एक अर्कोलाई देख्न सक्दैन । भाषा प्रयोगशालाको प्रत्येक सिटमा अलग अलग विद्यार्थीको निम्ति अलग अलग टेपरेकर्डर र शीर्षध्वनि नियन्त्रण (हेडफोन) को व्यवस्था गरिएको हुन्छ । कक्षा सञ्चालन गर्ने शिक्षकको सिट अगाडि प्रयोगशाला कक्षामा रहेका प्रत्येक विद्यार्थीको सिटमा जडित माइक्रोफोन र टेपरेकर्डरको बोर्ड रहन्छ । यसैको सहयोगबाट शिक्षकले आवश्यक निर्देशन दिने र विद्यार्थीलाई प्रश्नहरू सोध्ने गर्दछन् । विद्यार्थी चाँहि आवश्यक जानकारी लिने वा सोध्ने गर्दछन् । यसरी भाषा प्रयोगशाला भाषा शिक्षणलाई बढी प्रभावकारी, रोचक र अर्थपूर्ण बनाउनका लागि विकास गरिएको अवधारणा हो, (आचार्य र गौतम, २०६५:२०८) ।

**भाषा प्रयोगशालाबाट हुने बेफाइदा**

भाषा प्रयोगशालामा भाषा विज्ञानको पनि आफ्नै सीमा छ । भाषा प्रयोगशालामा विद्यार्थीहरू आफ्ना साथीहरूसँग नियमित रूपमा सम्पर्क कायम गर्न सक्दैनन् । यसले गर्दा उनीहरू आ-आफूबीचको अभिव्यक्ति शैलीसँग अपरिचित रहन्छन् । शिक्षकसँग पनि उनीहरूको गहिरो सम्पर्क कायम हुन पाउँदैन । विद्यालयको अधिकांश समय उनीहरू प्रयोगशालामा नै बिताउँछन् । भाषा प्रयोगशालामा उनीहरूको हात, आँखा भाषिक यन्त्रहरूमा र कान शीर्षध्वनि यन्त्रमा केन्द्रित रहन्छ । शिक्षणको क्रममा शिक्षकबाट हुने हाउभाउलाई पनि उनीहरूले देख्न सक्दैनन् । यसले गर्दा भाषा प्रयोगशालाको प्रयोगले विद्यार्थीहरूले बढी मात्रामा मौखिक अभिव्यक्ति सुधार गर्ने सम्भावना देखिन्छ । भने लिखित रचनाको विकासमा यसको उपयोगिता एकदमै न्यून देखिन्छ । लिखित रचनाको प्रमुख उद्देश्य विद्यार्थीहरूको व्यक्तिगत विचारमा क्रमबद्धता कायम गरी उनीहरूलाई आफ्नै भाषाशैलीको माध्यमबाट प्रभावशाली विचार व्यक्त गर्ने सीपमा निपूण बनाउनु हो । भाषा प्रयोगशालमा शिक्षक-विद्यार्थीबीच र विद्यार्थी-विद्यार्थीबीच अन्तर्क्रिया नहुने हुँदा यसले विद्यार्थीहरूमा क्रमबद्ध तरिकाले उपयुक्त भाषाशैली प्रयोग गरी विचार व्यक्त गर्ने सीपको विकास गर्न अप्ठ्यारो पर्दछ ।

### २.५.४.६ शिक्षक

शिक्षक स्वयम् पनि एक महत्वपूर्ण श्रव्यदृश्य सामग्री हो । कक्षामा सदासर्वदा उपलब्ध सबैभन्दा प्रभावशाली सामग्री शिक्षक हो । शिक्षकले भाषा शिक्षणका क्रममा हाउभाउ, उच्चारण, लय, आघात आदिले भाषिक सीप सिकाइ प्रक्रियामा दृश्य श्रव्यात्मक उत्प्रेरकको भूमिका निर्वाह हुन सक्दछ । नेपाली भाषामा रहेका अनुकरणात्मक शब्द, उखान, क्रियापद आदि शब्दको उच्चारणका साथै हाउभाउसहित क्रियाकलापको माध्यमबाट विद्यार्थीहरूलाई बुझाउने, सिकाउने र अभिनयमार्फत् विद्यार्थीहरूलाई रोचक तरिकाले शिक्षण गर्ने भएकाले शिक्षकलाई जीवन्त श्रव्यदृश्य सामग्री मानिन्छ ।

### २.५.५ स्पर्श सामग्री

भाषा शिक्षणको क्रममा त्यस्तो अवस्था पनि आउन सक्दछ जहाँ मौखिक, श्रव्य, दृश्य कुनैपनि सामग्रीको प्रयोगले शिक्षण गर्न खोजिएका कुरा वा अनुभव गराउन खोजिएका धारणाहरूलाई स्पष्ट गर्न सकिँदैन । यस्तो अवस्थामा वास्तविक वस्तुको स्पर्श गरी धारणालाई स्पष्ट गर्न सकिन्छ । त्यस्ता सामग्री नै स्पर्श सामग्री हुन् । नरम, कडा, गिलो, साह्रो, तातो, चिसो, चिल्लो, खस्रो, अमिलो, नुनिलो, तितो, पिरो जस्ता धारणा स्पष्ट पार्न स्पर्श सामग्रीको प्रयोग गर्नु आवश्यक हुन्छ । खासगरी प्रारम्भिक तहका विद्यार्थीहरूका निम्ति यस्ता सामग्रीहरू उपयोगी हुन्छन् । उच्च कक्षामा भने यस्ता सामग्रीको खासै महत्व रहदैन ।

### २.५.६ शैक्षिक सामग्री निर्माणका लागि स्थानीय सामग्रीको प्रयोग

शैक्षिक सामग्री जुटाउन ठूलो धनराशी नै खर्च गर्नुपर्ने र बाहिरबाट झिकाउनु पर्छ भन्ने छैन । यसका लागि स्थानीय क्षेत्रमा उपलब्ध सामग्रीहरू सस्तो मूल्यमा वा निःशुल्क रुपमा प्राप्त गर्न सकिन्छ । नेपालका ग्रामीण विद्यालयहरूमा महङ्गा सामग्रीको पहुँचभन्दा बाहिर रहेको स्थितिमा स्थानीय सामग्रीबाट शिक्षण सिकाइ कार्य सञ्चालनलाई प्राथमिकता दिनु अनिवार्य छ । यस्ता स्थानीय रूपमा सङ्कलित र निर्मित सामग्रीको प्रयोगले वातावरण अनुकूलको सिकाइलाई प्रोत्साहन गर्दछ । त्यस्तैगरी सामग्री निर्माण र प्रयोगले शिक्षकलाई व्यावहारिक रूपमा शिक्षण गर्ने र शिक्षण सीपलाई बढी व्यावहारिक बनाउन सहयोग प्राप्त हुन्छ ।

स्थानीय रूपबाट शैक्षिक सामग्री सङ्कलन, निर्माण र प्रयोग गर्नाले हुने मुख्य फाइदाहरू निम्नानुसार छन् :

१. कम खर्च वा लागतमा सामग्री निर्माण गर्न सकिने,

२. विद्यार्थी र शिक्षक दुबैमा सिर्जनात्मकताको विकास हुने,

३. सिकाइ व्यावहारिक हुने,

४. सिकाइप्रति रूचि जागृत हुने,

५. शिक्षण सिकाइमा विद्यार्थी र शिक्षक दुबैको सहभागिता कायम गराउन सकिने ।

(पौडेल, २०६०:१२७) ।

### २.५.७ अन्य विषय र शैक्षिक सामग्रीको प्रयोग

शैक्षिक सामग्रीको प्रयोग नेपाली भाषा शिक्षणमा एवम् भाषिक सीपहरूको शिक्षणमा जति धेरै महत्व छ, त्यत्ति नै महत्व अन्य विषयहरू जस्तैः गणित, विज्ञान, सामाजिक, अङ्ग्रेजी, स्वास्थ्य जनसङ्ख्या तथा वातावरण, अर्थशास्त्र, शिक्षा, कार्यालय सञ्चालन र लेखा, गृह विज्ञान लगायत सम्पूर्ण विषयहरूमा रहेको छ । हिजोका दिनमा उपयोग गरिएको व्याख्यान विधि, शिक्षक केन्द्रित विधिलाई आज पनि निरन्तर दिइएमा वा शैक्षिक सामग्रीको कमभन्दा कम प्रयोग गरिएमा सबै विषयको शिक्षण सिकाइ रूचिकर एवम् प्रभावकारी बन्न सक्दैन । यस्तो सिकाइले विद्यार्थीको ध्यान शिक्षणतर्फ केन्द्रित नगर्ने एवम् सिकाइ अस्थायी हुने तथा सिकाइ उपलब्धिमूलक नभई शिक्षणका उद्देश्यहरू प्राप्त हुन सक्दैनन् । शैक्षिक सामग्रीको महत्व कुनै एक विषयमा बढी र कुनै अर्को विषयमा कम हुन्छ भन्ने भनाइ सत्य मान्न सकिदैन । प्रत्येक विषयमा शैक्षिक सामग्रीको अहम् भूमिका हुन्छ । शैक्षिक सामग्रीको उचित प्रयोगले सबै विषयहरूमा विद्यार्थीको ज्ञान, सीप एवम् अभिवृत्तिलाई विकसित गराउँछ । सिकाइलाई दिगो र प्रभावकारी बनाउँदै शिक्षणका निर्दिष्ट उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउँछ ।

### २.५.८ सारांश

शिक्षण सिकाइलाई रोचक, प्रभावकारी, दिगो र उद्देश्यमूलक बनाउने सामग्रीलाई नै शैक्षिक सामग्री भनिन्छ । मौखिक, दृश्य, श्रव्य, श्रव्यदृश्य र स्पर्श सामग्री गरी शैक्षिक सामग्रीलाई पाँच भागमा विभाजन गर्न सकिन्छ । यी शैक्षिक

सामग्रीहरूको भाषा शिक्षणमा र अन्य विषयको शिक्षणमा महत्वपूर्ण भूमिका रहन्छ। यी सामग्रीको प्रयोगबाट सिकाइ सरल, सहज, रूचिपूर्ण, प्रभावकारी र दिगो हुन्छ। वर्तमान समयमा विद्यार्थीहरूमा भाषिक सीप एवम् क्षमताको अभिवृद्धि गर्न र निर्दिष्ट उद्देश्य प्राप्तिमा यी सामग्रीहरूको विशेष भूमिका हुन्छ।

# अध्याय तीन

## तथ्याङ्कको व्याख्या तथा विश्लेषण

## विद्यालयमा शैक्षिक सामग्री प्रयोगको वर्तमान स्थिति

### ३.१ विषय प्रवेश

नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थिति विषयको शोध कार्यका लागि सिन्धुली जिल्लाका विभिन्न ५ ओटा गा.वि.स.का १० ओटा सामुदायिक विद्यालयहरूलाई छनोट गरिएको छ ।

शोध प्रयोजनका लागि छनोट गरिएका विद्यालय निम्नानुसार छन्:

१. श्री प्रकाशोदय मा.वि. खुरहरी

२. श्री मा.वि. महभीर

३. श्री हिराथुम्की मा.वि. तोश्रामखोला

४. श्री नि.मा.वि. जोगीडाँडा

५. श्री नि.मा.वि. तिल्पुङडाँडा

६. श्री बैङ्कटेश्वर उ.मा.वि. बाहुनतिल्पुङ

७. श्री जनप्रेमी उ.मा.वि. स्याङ्ती

८. श्री उ.मा.वि. लाम्पन बतासे

९. श्री मा.वि. बाङरिङफेदी

१०. श्री उ.मा.वि. मझुवादोभान

उपर्युक्त विद्यालयहरूमा गई त्यहाँका निम्न माध्यमिक तह (कक्षा ६, ७ र ८) मा अध्यापन गर्ने नेपाली भाषाका शिक्षकहरूसँग प्रश्नावलीमार्फत् भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगसम्बन्धी जानकारी लिनुका साथै सोधपुछ, छलफल विधागत रूपमा र कक्षा अवलोकन समेत गरियो । यस क्रममा उल्लेखित विद्यालयहरूमा अध्यापन गर्ने प्रधानाध्यापक तथा अन्य शिक्षकहरू दक्ष र तालिम प्राप्त रहेका साथै सहयोगी भावना रहेको हुनाले तथ्याङ्क सङ्कलन गर्न पनि कुनै कठिनाइ नभएको महसुस गरियो । शिक्षकहरूले भरेका प्रश्नावली र अवलोकन फारम प्रयोग गरी प्राप्त गरिएको तथ्याङ्कलाई तालिकीकरण गरी प्रस्तुत गरिएको छ । तथ्याङ्क संकलन गर्दा उपर्युक्त १० ओटा सामुदायिक विद्यालयका निम्न माध्यमिक तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूलाई भराइएको प्रश्नावली,

विधागत कक्षा अवलोकन एवम् शोधकर्ताले सम्बन्धित विद्यालयमा गएको समयमा अफिस कोठा तथा पुस्तकालय एवम् शैक्षिक सामग्री कक्ष, विद्यार्थी हाजिरी फारम, फर्निचर, कक्षाकोठा व्यवस्थापन आदि समेतको अवलोकन, प्र.अ.सँग गरिएको लिखित अन्तर्वार्ता तथा शिक्षकहरू र विद्यार्थीहरूसँग गरिएको सोधपुछ समेतलाई आधार मानी तथ्यांकको तालिकीकरण र विश्लेषण व्यख्या  गर्ने काम यस शोध पत्रमा गरिएको छ । शैक्षिक सामग्रीको उपयोग गरी पठनपाठनमा सुधार ल्याउन विद्यालय व्यवस्थापन समिति, विद्यालय प्रशासन पक्षले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । विद्यालयको व्यवस्थापन र प्रशासन सबल भएमा मात्र शिक्षण कार्यमा सुधार आउँछ । विद्यालयको आर्थिक तथा भौतिक अवस्था, तालिम प्राप्त शिक्षक, विद्यार्थी सङ्ख्याको आधारमा शिक्षकको व्यवस्था, उपयुक्त खालको कक्षाकोठा, विद्यार्थीका लागि पर्याप्त डेस्कबेन्चको व्यवस्था तथा अध्यापन कार्यमा खटिने शिक्षकको योग्यता, दक्षतामा भरपर्ने भएकाले ती पक्षको सामान्य चर्चा गर्ने प्रयास गरिएको छ ।

### ३.२ शोध विद्यालयहरूको वर्तमान अवस्था

विद्यालयको पठनपाठन वा विद्यार्थीको शिक्षण सिकाइमा विद्यालयको भौतिक अवस्थाले ठूलो प्रभाव पारेको हुन्छ । भौतिक अवस्था सुदृढ नभएसम्म शिक्षण सिकाइ क्रियाकलापले पूर्णता पाउन सक्दैन । यसका लागि कक्षाकोठाको आकार उपयुक्त हुनुपर्ने, कालोपाटी उपयुक्त स्थानमा राखिएको हुनुपर्ने, विद्यार्थीको उमेर र कक्षाअनुसारका डेस्कबेन्च पर्याप्त मात्रामा हुनुपर्ने, त्यस्तै शैक्षिक सामग्रीको प्रयोग गरिसकेपछि सुरक्षित स्थानमा राख्ने व्यवस्था पनि हुनुपर्ने जस्ता कुराहरूले महत्व राख्दछन् । यदि यी कुराहरूको उचित व्यवस्थापन हुन सकेन भने विद्यार्थीहरूले सरल तरिकाले सिक्ने वातावण पाउन सक्दैनन् । विद्यार्थीको सिकाइ नाजुक भई विद्यालयले राम्रो नतिजा प्राप्त गर्न सक्दैन । त्यसकारण सिकाइलाई सरल, सहज, प्रभावकारी र उद्देश्यमूलक बनाइ उत्कृष्ट नतिजा प्राप्त गर्न, विद्यार्थीको सिकाइ उपलब्धि बढाउन विद्यालयको भौतिक अवस्था सबल हुनपर्दछ । फेरि विद्यालयको आर्थिक अवस्था राम्रो भएमात्र भौतिक अवस्था सबल बन्न सक्छ । भौतिक अवस्था र आर्थिक अवस्थाको सङ्क्षेपमा तल वर्णन गरिएको छ ।

### ३.२.१ भौतिक अवस्था

प्रस्तुत अध्ययनमा शोधकार्यका लागि छनोट गरिएका १० ओटा सामुदायिक विद्यालयमा देखिएका भौतिक अवस्थाको विवरणलाई आधार बनाइ व्याख्या एवम् विश्लेषण गरिएको छ । शोधकार्यको लागि छनोट भएका सबै विद्यालय सामुदायिक विद्यालय भएका र ती विद्यालयहरूमध्ये नि.मा.वि. तहमा सबैभन्दा बढी विद्यार्थी सङ्ख्या २३३ भएको उ.मा.वि. लाम्पनबतासेमा विद्यालयको अत्याधुनिक भवन, ठूला, फराकिला कक्षाकोठा, पर्याप्त फर्निचर सबै कक्षाहरूमा मार्कर बोर्डको प्रयोग भएको पाइयो । त्यसैगरी नि.मा.वि. तहमा ९३ जना विद्यार्थी सङ्ख्या भएको बैङ्कटेश्वर उ.मा.वि. बाहुनतिल्पुङमा पनि विद्यालयको अत्याधुनिक तिनतले भवन, ठूला, फराकिला कक्षाकोठा, पर्याप्त फर्निचर, ३ ओटा कक्षाकोठामा मार्करबोर्डको प्रयोग भएको पाइयो । नि.मा.वि. तहमा २०४ विद्यार्थी भएको उ.मा.वि. मझुवा दोभानमा अत्याधुनिक ४ कोठे पक्का भवन भएको जसमध्ये २ कोठामा विद्यालयको अफिस र पुस्तकालय रहेको र विद्यार्थीहरूको लागि २ ओटा पक्की कोठा र अन्य टिनको छाना भएको अर्धपक्की कोठाको प्रयोग भएको २ ओटा कक्षाकोठामा मार्कर बोर्ड र अन्यमा चकबोर्डको प्रयोग भएको, विद्यार्थी सङ्ख्याका आधारमा फर्निचरको व्यवस्था भएको पाइयो ।

त्यसैगरी नि.मा.वि. तहमा १३४ विद्यार्थी भएको जनप्रेमी उ.मा.वि. स्याङ्तीमा ७, ८, ९ र १० कक्षालाई आधुनिक पक्की भवन र अन्य कक्षालाई टिनको छाना भएको अर्धपक्की भवन प्रयोग भएको, सबै कोठामा चक बोर्ड र पर्याप्त फर्निचरको व्यवस्था भएको पाइयो । नि.मा.वि. तहमा ११९ विद्यार्थी भएको हिराथुम्की मा.वि. तोश्रामखोलामा अध्यापनको लागि टिनको छाना भएको अर्धपक्की भवन प्रयोग भएको सबै कक्षाहरूमा चकबोर्डको प्रयोग भएको पर्याप्त मात्रामा विद्यालयमा फर्निचरको व्यवस्था भएको पाइयो ।

मा.वि. महभीरमा नि.मा.वि. तहमा ९१ विद्यार्थी भएको र अध्यापनको लागि अर्धपक्की र कच्ची भवनको प्रयोग गरिएको, विद्यार्थी सङख्याका आधारमा फर्निचरको पर्याप्त व्यवस्था भएको, सबैकक्षा कोठामा चकबोर्डको प्रयोग भएको पाइयो ।

नि.मा.वि. तहमा ७९ विद्यार्थी भएको वाङरिङ फेदीमा कक्षा ७, ८, ९, १० का लागि अत्याधुनिक पक्की भवन, ठूला र फराकिला कोठा, चकबोर्डको प्रयोग, पर्याप्त फर्निचरको व्यवस्था भएको पाइयो भने अन्य कक्षाहरूलाई टिनको छाना ढुङ्गा माटोको गारो भएको कच्ची भवन प्रयोग गरिएको चकबोर्ड प्रयोग र फर्निचर पर्याप्त नै रहेको पाइयो ।

नि.मा.वि. तहमा १२० जना विद्यार्थी भएको मा.वि. खुरहरीमा टिनको छाना भएको ढुङ्गा माटोले निर्मित अर्धपक्की तथा कच्ची भवनको प्रयोग भएको भएपनि विद्यार्थी संङ्ख्याको आधारमा पर्याप्त फर्निचर र सबैकोठामा चकबोर्ड प्रयोग गरिएको पाइयो ।

नि.मा.वि. तहमा ८६ विद्यार्थी भएको नि.मा.वि. तिल्पुङ्गडाँडामा कक्षा ७ र ८ का लागि पक्की कोठा र टिनको छाना भएको कच्ची भवन प्रयोग भएको र सबैकोठाहरूमा चकबोर्डको प्रयोग भएको,विद्यार्थी सङ्ख्याका आधारमा पर्याप्त फर्निचरको व्यवस्था मिलाइएको पाइयो।

त्यस्तै नि.मा.वि. तहमा २४ विद्यार्थी सङ्ख्या भएको नि.मा.वि. जोगीडाँडामा पक्की भवन १ र कोठा २ देखिन्छ । यसको साथै अध्यापनको लागि विद्यार्थीहरूलाई टिनको छाना भएको अर्धपक्की भवन प्रयोग गरिएको विद्यार्थी सङ्ख्याका आधारमा पर्याप्त फर्निचर र सबैकोठामा चकबोर्डको प्रयोग भएको पाइन्छ ।

माथिका १० वटा शोध विद्यालयहरूमध्ये उ.मा.वि. लाम्पन बतासेमा कम्प्युटर र टेपरेकर्डर भएको, उ.मा.वि. मझुवा दोभावमा पनि कम्प्युटर र टेपरेकर्डर भएको मा.वि. वाङरिङ फेदीमा टेपरेकर्डर भएको, जनप्रेमी उ.मा.वि. स्याङ्तीमा कम्प्युटर र अन्य ६ ओटा विद्यालयहरूमा विद्युतीय शैक्षिक सामग्री नभएको पाइयो । त्यस्तै उ.मा.वि. लाम्पन बतासे, बैङ्कटेश्वर उ.मा.वि. बाहुनतिल्पुङ, जनप्रेमी उ.मा.वि. स्याङ्ती र उ.मा.वि. मझुवादोभानमा पुस्तकालयको अवस्था सन्तोषजनक पाइए पनि अन्य शोध विद्यालयहरूमा पुस्तकालयको अवस्था अत्यन्त नाजुक रहेको पाइयो ।

### ३.२.२. आर्थिक अवस्था

विद्यालयको भौतिक व्यवस्थापन तथा शैक्षिक सामग्री व्यवस्थापनमा आर्थिक पक्षले प्रभाव पारेको हुन्छ । जुन विद्यालय आर्थिक रूपमा सवल छन् ती विद्यालयले भौतिक व्यवस्थापन र शैक्षिक सामग्रीको व्यवस्थापन सहज रूपमा गर्न सक्ने र आर्थिक पक्षमा कमजोर विद्यालयले भौतिक व्यवस्थापन लगायत शैक्षिक सामग्री व्यवस्थापनमा कठिनाई व्यहोर्नु पर्ने हुनाले उचित व्यवस्थापनका लागि विद्यालयको आर्थिक अवस्था सबल हुनु आबश्यक छ । शोध विद्यालय सबै सामुदायिक भएका जसमध्ये ४ वटा उ.मा.वि. स्तरका विद्यालयहरू उ.मा.वि. लाम्पान बतासे,बैङ्कटेश्वर उ.मा.वि. बाहुनतिल्पुङ्ग,उ.मा.वि. मभ्कुवा दोभान, जनप्रेमी उ.मा.वि. स्याङतीको आर्थिक अवस्था राम्रै देखिन्छ भने मा.वि. तोश्रामखोला, मा.वि. खुरहरी,मा.वि. महभीर, मा.वि. वाङरिङफेदी, नि.मा.वि.जोगिडाँडा, नि.मा.वि. तिल्पुङडाँडा विद्यालयहरूले अनुमतिमात्र लिएर नि.मा.वि. र मा.वि. तह सञ्चालन गरेको हुँदा निजीस्रोबाट शिक्षकहरूको तलवभत्ता व्यहोर्नु परेको हुँदा आर्थिक स्थिति कमजोर देखिन्छ । यसको प्रत्यक्ष प्रभाव शैक्षिक सामग्रीमा परेको हुँदा ती विद्यालयहरूमा शैक्षिक सामग्री न्यून मात्रामा रहेको पाइयो ।

### ३.३. विद्यालयहरुमा विद्यार्थी फर्निचर र शिक्षक विवरण

तालिका नं. २

विद्यालयको नामः प्रकाशोदय मा.वि. खुरहरी,

| वद्यार्थी | जम्मा विद्यार्थी सङ्ख्या | | | कक्षा अवलोकन समयमा उपस्थित विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|---|---|
| क्षा | ात्र | ात्रा | म्मा | ात्र | ात्रा | म्मा |
| | ३ | ० | ३ | ४ | ५ | ९ |
| | ८ | ० | ८ | ९ | | ७ |
| | ९ | ० | ९ | १ | २ | ३ |
| म्मा | ० | ० | २० | ४ | ५ | ९ |

स्रोतः स्थलगत सर्वेक्षण २०६९

माथि तालिकामा देखाइए अनुसार श्री प्रकाशोदय मा.वि. खुरहरीको कक्षा ६,७ र ८ मा जम्मा विद्यार्थीसंङ्ख्या क्रमशः ४३, ३८ र ३९ पाइयो भने कक्षा अवलोकनका समयमा क्रमश २९, २७ र २३ जना मात्र विद्यार्थी उपस्थित भएको पाइयो । कक्षा ६ र ७ मा छात्रको सङ्ख्या बढी पाइयो भने कक्षा ८ मा छात्राको सङ्ख्या बढी भएको पाइयो । डेस्क,बेन्च सबै कक्षामा पर्याप्त पाइयो । कक्षा ६ र ७ मा शिक्षिका विमला अधिकारी र कक्षा ८ मा पुण्डरीमाया परियारले शिक्षण गरेको पाइयो । छात्रछात्राहरू विद्यालयले तोकेको पोशाकमा उपस्थित भएको पाइयो । विद्यालयले छात्राहरूका लागि रातो रङको सर्ट र कालो स्कर्ट त्यस्तै छात्रहरूको लागि रातो रङको सर्ट र कालो पाइन्ट तोकेको पाइयो । कक्षामा विद्यार्थीको चाप कमै रहेको पाइयो ।

तालिका नं. ३

विद्यालयको नामः मा.वि. महभीर, खोलागाउँ

| व द्य ा थ ी | जम्मा विद्यार्थी सङख्या | | | कक्षा अवलोकन समयमा उपस्थित विद्यार्थी सङ्ख्या | | | पा ली पढा उने शिक्ष ाक को ना म |
|---|---|---|---|---|---|---|---|
| क्ष ा | ा त्र | ा त्र ा | म म ा | ा त्र | ा त्र ा | म म ा | |
| | 5 | 7 | 2 | 2 | 3 | 5 | मार लाी मछ ाने मगर |
| | 3 | 6 | 9 | | 3 | 2 | |
| | 7 | 3 | 0 | | 0 | 6 | |
| म म ा | 5 | 6 | 1 | 7 | 6 | 3 | |

स्रोतः स्थलगत सर्वेक्षण २०६९

श्री मा.वि. महभीर खोलागाउँको माथि तालिकामा देखाए अनुसार कक्षा ६, ७ र ८ मा जम्मा विद्यार्थी संङ्ख्या क्रमशः ३२, २९ र ३० जना भएकोमा कक्षा अवलोकनको समयमा क्रमश २५, २२ र १६ जना रहेको पाइयो । कक्षा ६ र ७ मा

छात्रभन्दा छात्राको सङख्या बढी रहेकोमा कक्षा अवलोकनको समयमा पनि सोही नतिजा पाइयो । कक्षा ८ मा हाजिरी रजिष्टरमा छात्रभन्दा छात्रा कम भएपनि कक्षा अवलोकनमा छात्राको सङ्ख्या बढी पाइयो । डेस्क बेन्च सबै कक्षामा पर्याप्त नै रहेको पाइयो । तीनओटै कक्षामा शिक्षक कुमार लामिछाने मगरले शिक्षण गरेको पाइयो । छात्र छात्राहरू विद्यालयले तोकेको पोशाकमा उपस्थित भएको पाइयो । विद्यालयले छात्र,छात्राका लागि हरियो रङको सर्ट र पाइन्ट र स्कर्टका लागि खरानी रङ तोकेको पाइयो । कक्षामा विद्यार्थीको चाप कम नै रहेको पाइयो । तीनओटै कक्षामा चकबोर्डको प्रयोग गरेको पाइयो ।

**तालिका नं.-४**

**विद्यालयको नामः श्री हिराथुम्की मा.वि. तोश्रामखोला**

| व द्य ा थ ी | जम्मा विद्यार्थी सङख्या | | | कक्षा अवलोकन समयमा उपस्थित विद्यार्थी सङ्ख्या | | | पाली पढा उने शिक्ष कको नाम |
|---|---|---|---|---|---|---|---|
| क्ष ा | ा त्र | ा त्र ा | ज म ा | ा त्र | ा त्र ा | ज म ा | |
| | 1 | 1 | 2 | 3 | 1 | 4 | ाधव |
| | 3 | 2 | 5 | | 1 | 6 | प्रसा द काप ले |
| | 8 | 4 | 2 | 5 | 2 | 7 | |
| ज म ा | 2 | 7 | 1 9 | 3 | 4 | 7 | ासुदे व मस्रा ङ्गी |

स्रोतः स्थलगत सर्वेक्षण २०६९

माथिको तालिका अनुसार हिराथुम्की मा.वि. तोश्रामखोलामा ६,७ र ८ कक्षामा जम्मा विद्यार्थी क्रमश ४२, ४५ र ३२ पाइयो । कक्षा अवलोकनको समयमा विद्यार्थी सङ्ख्या क्रमशः २४, १६ र २७ पाइयो । कक्षा ६ मा छात्र र छात्राको संङ्ख्या हाजिरी रजिष्टरमा बराबरी भएपनि कक्षा अवलोकनको समयमा छात्रभन्दा

छात्राको सङख्यामा कमी पाइयो । कक्षा ७ र ८ मा हाजिरी रजिष्टरमा छात्रको सङ्ख्या छात्राको सङ्ख्या भन्दा केही बढी भएपनि कक्षा अवलोकनको समयमा कक्षा ७ मा छात्राको सङ्ख्या छात्रको भन्दा बढी र कक्षा ८ मा छात्राको भन्दा छात्रको सङख्या केही बढी रहेको पाइयो । डेस्क बेन्च सबै कक्षामा पर्याप्त नै पाइयो । कक्षा ६ र ७ मा माधव काफ्ले र कक्षा ८ मा वासुदेव मस्राङ्गीले शिक्षण गरेको पाइयो । विद्यालयले छात्रको लागि खरानी रङको सर्ट र खैरो रङको पाइन्ट तोकेको थियो भने छात्राहरूको लागि खरानी रङको सर्ट र खैरो रङको स्कर्ट तोकेको पाइयो । कक्षामा विद्यार्थीको चाप कम नै रहेको पाइयो । तीनओटै कक्षामा चकबोर्डको प्रयोग गरेको पाइयो ।

**तालिका नं.-५**

**नि.मा.वि. जोगीडाँडा,**

| वद्याथी | जम्मा विद्यार्थी सङख्या | | | कक्षा अवलोकन समयमा उपस्थित विद्यार्थी सङ्ख्या | | | पाली पढाउने शिक्षकको नाम |
|---|---|---|---|---|---|---|---|
| क्षा | ात्र | ात्रा | ᠊मा | ात्र | ात्रा | ᠊मा | |
| | | | | | | | हरणयप्रसाद पहाडी<br>ीता कुमारी न्यौपाने |
| | | | | | | | |
| | | | 0 | | | | |
| ᠊मा | 1 | 3 | 4 | | 2 | 1 | |

स्रोतः स्थलगत सर्वेक्षण २०६९

माथिको तालिका अनुसार श्री नि.मा.वि. जोगीडाँडामा कक्षा ६, ७ र ८ मा जम्मा विद्यार्थी क्रमशः ७, ७ र १० जना रहेको पाइयो । कक्षा अवलोकनको समयमा क्रमशः ५, ७ र ९ जना रहेको पाइयो । कक्षा ६ र ७ मा छात्रभन्दा छात्राको सङ्ख्या बढी भएपनि कक्षा ८ मा छात्राभन्दा छात्रको सङ्ख्या बढी भएको पाइयो । कक्षा अवलोकनको समयमा पनि सोही नतिजा पाइयो । कक्षा ६ मा शिक्षिका गीता न्यौपानेले र कक्षा ७ र ८ मा प्र.अ. हिरण्यप्रसाद पहाडीले अध्यापन गरेको पाइयो । डेस्क बेन्च सबै कक्षाहरूमा विद्यार्थी सङ्ख्याको आधारमा पर्याप्त नै पाइयो । प्रायः सबै विद्यार्थी विद्यालय पोशाकमा नै उपस्थित भएको पाइयो । विद्यालयले छात्रको लागि आकासे निलो रङको सर्ट र खैरो पाइन्ट र छात्राको लागि सोही रङको सर्ट र खैरो स्कर्ट तोकेको पाइयो । कक्षामा विद्यार्थीको चाप निकै कम रहेको पाइयो । तीन ओटै कक्षामा चकबोर्डको प्रयोग गरेको पाइयो ।

**तालिका नं. ६**

**विद्यालयको नामः भीमसेन नि.मा.वि. तिल्पुङडाँडा**

| व द्य ा थ र्ी | जम्मा विद्यार्थी सङख्या | | | कक्षा अवलोकन समयमा | | | पाली पढाउने शिक्षकको नाम |
|---|---|---|---|---|---|---|---|
| क्ष ा | ा त्र | ा त्र ा | फ म ा | ा त्र | ा त्र ा | फ म ा | |
| | | 6 | 1 | | | 1 | गल ा का फ्ले |
| | 2 | 9 | 1 | | 0 | 4 | |
| | 9 | 5 | 4 | | | 1 | |
| फ म ा | 6 | 0 | 6 | 2 | 4 | 6 | |

स्रोतः स्थलगत सर्वेक्षण २०६९

माथिको तालिका अनुसार श्री भीमसेन नि.मा.वि तिल्पुङडाँडामा कक्षा ६, ७ र ८ मा जम्मा विद्यार्थी सङ्ख्या क्रमश : २१, ३१ र ३४ जना विद्यार्थी रहेकोमा कक्षा अवलोकनको समयमा पनि सोही कक्षाहरूमा क्रमश : ११, १४ र ११ जना विद्यार्थी रहेको पाइयो । सो दिन शुक्रबार र स्थानीय बजार चकमकेको प्रभावले

विद्यार्थीको उपस्थितिमा कमी देखियो । कक्षा ६ र ७ मा जम्मा भर्ना भएका विद्यार्थीहरूमा छात्र भन्दा छात्राको सङ्ख्या बढी थियो भने अवलोकनको समयमा पनि छात्राको सङ्ख्या बढी थियो । कक्षा ८ मा भने छात्रा भन्दा छात्रको सङ्ख्या बढी भए पनि कक्षा अवलोकनको समयमा छात्राको सङ्ख्या नै बढी भएको पाइयो । प्राय विद्यार्थीहरू विद्यालय पोशाकमा नै उपस्थित भएको पाइयो । विद्यालयले छात्र र छात्राको लागि गाढा निलो रङको पाइन्ट र स्कर्ट र आकासे रङको सर्ट तोकेको पाइयो । कक्षामा डेक्स, बेन्च पर्याप्त भएको पाइयो । तीनओटै कक्षामा नेपाली विषय महिला शिक्षक युगला काफ्लेले अध्यापन गरेको पाइयो । तीनओटै कक्षामा चकबोर्डको प्रयोग गरेको पाइयो ।

**तालिका नं :७**

**विद्यालयको नामः श्री बैंकटेश्वर उ.मा. वि. बाहुनतिल्पुङ**

| व द्य ा थ ी | जम्मा विद्यार्थी सङ्ख्या | | | कक्षा अवलोकन समयमा | | | पाल ी पढा उने शिक्ष ाक को नाम |
|---|---|---|---|---|---|---|---|
| क्ष ा | ा त्र | ा त्र ा | म म ा | ा त्र | ा त्र ा | म म ा | |
| | 3 | 0 | 3 | 0 | | 7 | र्गाप्र साद अधि कार ी |
| | 6 | 9 | 5 | | 1 | 7 | |
| | 8 | 7 | 5 | 3 | 6 | 9 | |
| म म ा | 7 | 6 | 3 | 9 | 4 | 3 | न्द्रप्र साद काप ले |

स्रोतः स्थलगत सर्वेक्षण २०६९

माथिको तालिका अनुसार श्री बैंकटेश्वर उ.मा.वि. बाहुनतिल्पुङमा कक्षा ६,७ र ८ मा जम्मा विद्यार्थी सङ्ख्या क्रमश : २३, ३५ र ३५ जना रहेकोमा कक्षा अवलोकनको समयमा क्रमश : १७,१७ र २९ जना रहेको पाइयो । कक्षा ६ मा अध्यापन शिक्षक चन्द्रप्रसादले काफ्लेले गरेको पाइयो भने कक्षा ७ र ८ मा शिक्षक

दुर्गाप्रसाद अधिकारीले अध्यापन गरेको पाइयो । तिनओटै कक्षाहरूमा विद्यार्थी सङ्ख्याको आधारमा डेस्क बेन्च पर्याप्त रहेको पाइयो । कक्षामा विद्यार्थीहरू विद्यालय पोशाकमा नै उपस्थित भएको पाइयो । विद्यालयले छात्र र छात्राको लागि खरानी रङको सर्ट र रातो रङको पाइन्ट र स्कर्ट तोकेको पाइयो । कक्षामा विद्यार्थीको चाप कम नै रहेको पाइयो । तीन ओटै कक्षामा चकबोर्डको प्रयोग गरेको पाइयो ।

**तालिका नं. ८**

**विद्यालयको नामः श्री जनप्रेमी उ.मा.वि. स्याङ्ती भवन संख्याः ४**

| व द्य ा थ ी | जम्मा विद्यार्थी सङख्या | | | कक्षा अवलोकन समयमा | | | पाल ि पढा उने शिक्ष ाक को नाम |
|---|---|---|---|---|---|---|---|
| क्ष ा | ा त्र | ा त्र ा | ज म ा | ा त्र | ा त्र ा | ज म ा | |
| | 7 | 5 | 2 | 2 | 1 | 3 | ष्णप्र साद काप ले |
| | 0 | 3 | 3 | | 7 | 5 | |
| | 3 | 6 | 9 | 7 | 2 | 9 | |
| ज म ा | 0 | 4 | 3 4 | 7 | 0 | 7 | |

स्रोतः स्थलगत सर्वेक्षण २०६९

माथिको तालिका अनुसार श्री जनप्रेमी उ.मा.वि. स्याङ्तीमा ६, ७ र ८ कक्षामा जम्मा विद्यार्थी क्रमश : ४२, ४३ र ४९ जना भएकोमा कक्षा अवलोकनको समयमा क्रमश : ३३, २५ र ३९ जना पाइयो । सवै कक्षाहरूमा हाजिरी रजिष्टर र कक्षा अवलोकनको समयमा छात्रको तुलनामा छात्रा अधिक पाइयो । तिनओटै

कक्षामा नेपाली विषय एउटै शिक्षक कृष्णप्रसाद काफ्लेले अध्यापन गरेको पाइयो । विद्यालयमा डेस्क, बेन्चहरू पर्याप्त नै पाइयो । तिनओटै कोठामा चकबोर्डको प्रयोग गरिएको पाइयो । विद्यार्थीको चाप खासै बढी पाइएन । अवलोकनको दिन सबै विद्यार्थी विद्यालय पोसाकमा नै उपस्थित भएको पाइयो । विद्यालय आकासे रङ्गको सर्ट र निलो (गाढा) रङ्गको पाइन्ट छात्रलाई र आकासे रङ्गको सर्ट र गाढा निलो रङ्गको स्कर्ट छात्राहरूलाई विद्यालय पोसाक तोकेको पाइयो ।

## तालिका नं. ९

**विद्यालयको नाम : श्री उ.मा.वि. लाम्पनबतासे,**

| व द्य ा थ ी | जम्मा विद्यार्थी सङख्या | | | कक्षा अवलोकन समयमा | | | पाल ी पढा उने शिक्ष ाक को नाम |
|---|---|---|---|---|---|---|---|
| क्ष ा | ा त्र | ा त्र ा | म्म म ा | ा त्र | ा त्र ा | म्म म ा | |
| | 6 | 0 | 6 | 3 | 1 | 4 | जत बहा दुर का र्की |
| | 4 | 5 | 9 | 0 | 0 | 0 | |
| | 6 | 2 | 8 | 0 | 6 | 6 | |
| म्म म ा | 0 6 | 2 7 | 3 3 | 3 | 0 7 | 8 0 | |

स्रोतः स्थलगत सर्वेक्षण २०६९

माथिको तालिका अनुसार श्री उ.मा.वि. लाम्पनबतासेमा कक्षा ६, ७ र ८ मा जम्मा विद्यार्थी सङ्ख्या क्रमशः ७६, ७९ र ७८ भएकोमा कक्षा अवलोकनको समयमा क्रमशः ५४, ६० र ६६ जना उपस्थित भएको पाइयो । तिनओटै कक्षामा भर्ना रजिष्टरमा छात्रभन्दा छात्राको सङ्ख्या बढी भएको र कक्षा अवलोकनकै

समयमा पनि सोही नतिजा देखा परेको पाइयो । तिनओटै कक्षाहरूमा डेस्क, बेन्च पर्याप्त रहेको पाइयो । कक्षा ७ र ८ मा विद्यार्थीको चाप बढी थियो भने कक्षा ६ मा सामान्य पाइयो । तिनओटै कक्षामा मार्कर बोर्डको प्रयोग भएको कोठाहरू फराकिला र ठूला पाइयो । तिनओटै कक्षामा शिक्षक जितबहादुर कार्कीले अध्यापन गर्नु भएको थियो । छात्रहरूलाई पोसाक आकासे निलो रङको सर्ट र गाढा निलो रङको पाइन्ट तोकेको पाइयो भने छात्राहरूको आकासे निलो रङको सर्ट र गाढा निलो रङको स्कर्ट पोसाकको रूपमा रहेको पाइयो ।

**तालिका नं. १०**

**विद्यालयको नामः मा.वि. बाङरिङफेदी**

| व द्य ा थ र्ी | जम्मा विद्यार्थी सङ्ख्या | | | कक्षा अवलोकन समयमा | | | पाल ी पढा उने शिक्ष ाक को नाम |
|---|---|---|---|---|---|---|---|
| क्ष ा | ा त्र | ा त्र ा | ज म ा | ा त्र | ा त्र ा | ज म ा | |
| | 1 | 4 | 5 | 0 | 0 | 0 | ानप्र साद तिम ल्सि ना |
| | | 7 | 5 | | 4 | 1 | |
| | 6 | 3 | 9 | 3 | | 1 | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| म<br>म<br>ा | 5 | 4 | 9 | 0 | 2 | 2 | तिरा<br>ज<br>तिम<br>ल्सि<br>ना<br><br>डाम<br>णि<br>बास्<br>तोल<br>ा |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका अनुसार श्री मा.वि. बाङरिङफेदीमा कक्षा ६, ७ र ८ कक्षामा जम्मा विद्यार्थी सङ्ख्या क्रमशः २५, २५ र २९ रहेकोमा कक्षा अवलोकन समयमा क्रमशः २०, २१, २१ जना विद्यार्थी पाइयो । कक्षा ६ र ७ मा छात्रको भन्दा छात्राको सङ्ख्या बढी रहेको हाजिरी रजिष्टरबाट थाहा पाइयो भने कक्षा ८ मा छात्रा भन्दा छात्रको सङ्ख्या बढी रहेको  पाइयो । कक्षा अवलोकनअनुसार कक्षा ६ मा छात्र र छात्रा सङ्ख्या बराबर कक्षा ७ मा छात्रा सङ्ख्या बढी र कक्षा ८ मा छात्र सङ्ख्या बढी पाइयो । विद्यार्थीको अनुपातमा कक्षामा डेस्क, बेन्च पर्याप्त पाइयो । कक्षा ६ मा प्र.अ. ज्ञानप्रसाद तिमिल्सिना कक्षा ७ मा चुडामणि वास्तोला र कक्षा ८ मा यतिराज तिमिल्सिनाले अध्यापन गरेको पाइयो । तिन ओटै कक्षामा चकबोर्डको प्रयोग भएको पाइयो । तिन ओटै कक्षामा विद्यार्थीको चाप कमी नै थियो । विद्यालयले छात्रको लागि प्याजी रङ्गको सर्ट र कालो रङ्गको पाइन्ट र छात्राको लागि प्याजी रङ्गकै सर्ट र कालो रङ्गको स्कर्ट पोसाकको रूपमा तोकेको पाइयो ।

**तालिका नं.११**

**विद्यालयको नामः श्री उ.मा.वि. मझुवा दोभान**

**भवन सङ्ख्याः ४**

| व द्य ा थ र्ी | जम्मा विद्यार्थी सङ्ख्या | | | कक्षा अवलोकन समयमा | | | ढाउ ने शिक्ष ाक को नाम |
|---|---|---|---|---|---|---|---|
| क्ष ा | ा त्र | ा त्र ा | म म ा | ा त्र | ा त्र ा | म म ा | |
| | 5 | 0 | 5 | 3 | 5 | 8 | |
| | 2 | 1 | 3 | 4 | 2 | 6 | र्णब हादु र आ ले |
| | 1 | 5 | 6 | 9 | 2 | 1 | |
| म म ा | 8 | 1 6 | 0 4 | 6 | 9 | 7 5 | |

स्रोतः स्थलगत सर्वेक्षण २०६९

माथिको तालिका अनुसार श्री उच्च माध्यमिक विद्यालय मझुवा दोभानमा कक्षा ६,७ र८ मा भर्ना भएका विद्यार्थी सङख्या क्रमशः ६५,७३ र ६६ रहेकोमा कक्षा अवलोकन गर्दा विद्यार्थी सङ्ख्या क्रमशः ५८, ५६ र ६१ रहेको पाइयो । तिनओटै कक्षामा हाजिरी रजिष्टरमा छात्र भन्दा छात्राकै सङ्ख्या बढी रहेको र कक्षा अवलोकनको समयमा पनि तिनओटै कक्षामा छात्राको सङख्या बढी र छात्रको सङख्या कम थियो । कक्षा ६,७ र ८ मा कर्णबहादुर आलेले अध्यापन गरेको पाइयो ।

२ ओटा कक्षामा मार्करवोर्ड र अन्य कक्षामा चकबोर्डको प्रयोग भएको पाइयो । तिनओटै कक्षामा फर्निचर पर्याप्त नै पाइयो । तिनओटै कक्षामा विद्यार्थीको चाप बढी नै पाइयो । उपस्थित विद्यार्थीहरू सत्प्रतिशत विद्यालय पोशाकमा हाजिर भएको पाइयो । छात्र र छात्रा दुबैका लागि सादा सेतो सर्ट र गाढा निलो पाइन्ट/स्कर्ट विद्यालयले तोकेको पाइयो ।

तालिका नं. १२

**३.४ नि.मा.वि. तहमा नेपाली शिक्षण गर्ने शिक्षकहरूको शैक्षिक स्थिति**

| | शिक्ष कको नाम | ि वद्यालयको नाम | | ा ि ल म | | शिक्षकको किसिम | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राप्त | अप्राप्त | स्थायी | अस्थायी | राहत | निजी | | दरबन्दी | अनुभव वर्ष |
| | वि मला अधिकारी | प्र काशोदय मा.वि. खु रहरी | | | | | | | | | ा. ि श . | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुण<br>डरीमाया<br>परियार | | १ | | | | | | | | न<br>.<br>म<br>ा.<br>ि<br>श<br>. | |
| | कुम<br>ारलामिछाने<br>मगर | म<br>ा.वि.<br>महभीर | | | | | | | | | न<br>.<br>म<br>ा.<br>ि<br>श<br>. | |
| | मा<br>धवप्रसाद<br>काफ्ले | ि<br>हराथुम्की<br>मा.वि.<br>त<br>ोश्रामखो<br>ला | १ | | | | | | | | ा.<br>ि<br>श<br>. | |
| | वा<br>सुदेव मस्राङ्गी | | | | | | | | | | न<br>.<br>म<br>ा.<br>ि<br>श | |
| | हिर<br>ण्यप्रसाद<br>पहाडी | ि<br>न.मा.वि.<br>जोगीडाँड | | | | | | | | | ा.<br>ि | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ा | | | | | | | | | श | |
| | गी<br>ता न्यौपाने | | | | | | | | | | ा<br>ल<br>ि<br>व<br>क<br>ा<br>स<br>स<br>ह<br>य<br>ो<br>ग<br>ी | |
| | युग<br>ला काफ्ले | ि<br>न.मा.वि.<br>तिल्पुङ्गडाँ<br>डा | १ | | | | | | | | न<br>.<br>म<br>ा.<br>ि<br>श<br>. | |
| | दुर्गा<br>प्र. अधिकारी | बैं<br>कटेश्वर<br>उ.मा.वि<br>तल्पुङ्ग | | | | | | | | | ा.<br>ि<br>श<br>. | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | चन्<br>द्रप्रसाद<br>काफ्ले | | | | | | | | | | न<br>.<br>म<br>ा.<br>ि<br>श | |
| | कृष्ण<br>ाप्रसाद<br>काफ्ले | ज<br>नप्रेमी<br>उ.मा.वि.<br>स्याङ्ती | | | | | | | | | न<br>.<br>म<br>ा.<br>ि<br>श | |
| | जि<br>तबहादुर<br>कार्की | उ<br>.मा.वि.ल<br>म्पन<br>बतासे | | | | | | | | | न<br>.<br>म | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | ा. ि श | |
| | ज्ञा न प्र.तिमल्सिना | म ा.वि. वाङरिङ फेदी | १ | | | | | | | | ा. ि श . द्वि त ी य | |
| | यि तराज तिमल्सिना | | १ | | | | | | | | ख ा प ा ल | |
| | चुड ामणि वास्तोला | | १ | | | | | | | | ा. ि श . | |
| | कर्ण बहादुर आले | म ा.वि. मझुवा दोभान | १ | | | | | | | | न . म ा. ि | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | श | |

स्रोतः स्थलगत सर्वेक्षण २०६९

माथिको तालिका अनुसार नेपाली भाषा शिक्षणमा प्रभावकारिता ल्याउन भाषा शिक्षकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । भाषा शिक्षण गर्ने शिक्षक योग्य, दक्ष, लगनशील तथा पेशाप्रति इमानदार हुनुपर्दछ । यदि छैनन् भने विद्यालयमा जतिसुकै उपयुक्त खालका शैक्षिक सामग्रीहरू भएपनि तिनको सदुपयोग हुन सक्दैन । शैक्षिक सामग्रीलाई विषयवस्तुको प्रसङ्ग अनुकुल र लक्षित उद्देश्य हासिल हुन सक्ने गरी कुशलतापूर्वक उपयोगमा ल्याउन तालिम प्राप्त,योग्य दक्ष र अनुभवी शिक्षकहरूको आवश्यकता पर्दछ ।

प्रस्तुत शोधकार्य क्षेत्रअन्तर्गत रहेका विद्यालयहरूमा अध्यापन गर्ने शिक्षकहरूको शैक्षिक स्थिति अध्ययन गर्दा सबै शिक्षकहरू दक्ष,अनुभवी तथा शतप्रतिशत तालिम प्राप्त रहेको देखिन्छ । १० वटा शोध विद्यालयहरूका नि.मा.वि. तहमा नेपाली शिक्षण गर्ने १६ जना शिक्षकहरूमा ५ जना आई.एड् ८ जना बी.एड् र एक जना एम.ए./बी एड्, एक जना एम.ए/एम.एड् र एक जना एम.एड. उतीर्ण गरेको देखिन्छन् ।

नि.मा.वि. तहमा शिक्षण गर्न कम्तिमा आई.एड् उत्तीर्ण हुनुपर्नेमा सबै शिक्षकहरू योग्य नै भएको देखिन्छ । शिक्षक शिक्षिकाहरूको शिक्षण अनुभव २ वर्ष देखि २३ वर्षसम्म देखिएकोले धेरै जसो शिक्षकहरूको शिक्षण अनुभव ५ वर्ष वा सो भन्दा वढी देखिएको हुँदा शिक्षक/शिक्षिकाको अनुभवमा शङ्का गर्ने ठाउँ देखिदैन । यसप्रकार नि.मा.वि. तहमा नेपाली शिक्षण गर्ने शिक्षकहरू शत प्रतिशत तालिम प्राप्त र दक्ष देखिए पनि शैक्षिक सामग्री प्रयोग गर्नुपर्छ भन्ने मनसाय भएपनि विद्यालयमा आवश्यक शैक्षिक सामग्री पर्याप्त नपाइएको अवस्था देखिन्छ । भएका शैक्षिक सामग्रीलाई पनि शिक्षक शिक्षिकाले उपयोग गरेको पाइएन । केही शिक्षकहरूले मात्र स्वनिर्मित शव्दपत्ती वाक्यपत्ती,चित्र,झन्डा आदि सामग्री प्रयोग गरेको पाइयो । कक्षा शिक्षणमा इमान्दार भई कार्य गर्ने र नगर्नेको उचित मूल्याङ्कन नभएकाले शैक्षिक सामग्रीको प्रयोगप्रति शिक्षकहरूको खासै चासो देखिएन । उचित अनुगमन र सुझावको अभावमा कतिपय शिक्षकहरू अन्योलमा रहेकाले शैक्षिक सामग्रीको उपयोगमा प्रभावकारिता आउन नसकेको देखिन्छ ।

यसप्रति सम्बन्धित निकायले बढी ध्यान दिन सकेमा मात्र शिक्षक शिक्षिकाहरू शैक्षिक सामग्रीको प्रयोग गर्न जागरूक हुन सक्छन् ।

### ३.५. शोध विद्यालयका प्रधानाध्यापकको अवस्था

शैक्षिक सामग्रीको उपयोगमा प्रधानाध्यापकको पनि महत्वपूर्ण भूमिका रहन्छ । यदि शैक्षिक सामग्री खरिद, निर्माण, सङ्कलन र प्रयोग सम्बन्धमा प्रधानाध्यापकको सकारात्मक धारणा नहुने हो भने विषय शिक्षकले मात्र चाहेर शैक्षिक सामग्रीको उपयोग हुन सक्दैन । प्रधानाध्यापकमा नेपाली भाषा शिक्षण गर्दा शैक्षिक सामग्रीको उपयोग महत्वपूर्ण हुन्छ भन्ने महसुस नभएसम्म शैक्षिक सामग्री निर्माण सङ्कलन र खरिदमा लगानी गर्न चाहदैनन् । यसका लागि प्रधानाध्यापक पनि योग्य अनुभवी तालिम प्राप्त उदार स्वभावको पनि हुनुपर्दछ ।

शोध अध्ययनको सिलसिलामा गरिएको प्रधानाध्यापकहरूसँगको अन्तवार्ता र छलफलका आधारमा सबै विद्यालयका प्रधानाध्यापकको सकारात्मक धारणा रहेको पाइयो । शैक्षिक सामग्रीको प्रयोगले सिकाइ सहज र प्रभावकारी हुने, सिकाइ दिगो हुने, विद्यार्थीमा उत्सुकता बढ्ने, कक्षा रोचक र मनोरञ्जनपूर्ण हुने जस्ता कुराहरू महसुस गरेको पाइन्छ । शोध क्षेत्रमा प्रधानाध्यापकको शैक्षिक अवस्था निम्नानुसार छः

**तालिका नं.१३**

**प्रधानाध्यापकहरूको विवरण**

| | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | क्षिक योग्यता | ा ि ल म | नु भ व व ष र्‍ |
|---|---|---|---|---|---|
| | प्रकाशोदय मा.वि. खुरहरी | गोपालबहादुर क्यापछाकी | इ.एड्. | ा ए त | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | मा.वि. महभीर | जितबहादुर तमाङ | इ.एड्. | ा ट त | २ |
| | हिरा थुम्की मा.वि. तोश्रामखोला | गोविन्दप्रसाद अधिकारी | इ.एड्. | ा ट त | ५ |
| | नि.मा.वि. जोगीडाँडा | हिरण्यप्रसाद पहाडी | इ.एड्. | ा ट त | ७ |
| | बैंकटेश्वर उ.मा.वि. तिल्पुङ | भीमप्रसाद अधिकारी | म.ए./ बी.एड् | ा ट त | २ |
| | जनप्रेमी उ.मा.वि. स्याङती | डिल्लीप्रसाद फुयाँल | ी.एड् | ा ट त | |
| | उ.मा.वि. लाम्पन बतासे | अनन्तराज श्रेष्ठ | म.ए./ एम.एड् | ा ट त | ४ |
| | भिमसेन नि.मा.वि. तिल्पुङडाँडा | नारायण प्रसाद भण्डारी | आइ.ए./ आइ.एड्. | ा ट त | ६ |
| | मा.वि. बाडरिङ फेदी | ज्ञानप्रसाद तिमिल्सिना | ी.एड् | ा ट त | ३ |
| | उ.मा.वि. मझुवादोभान | रघुनाथ वास्तोला | ी.ए./बी.एड् | ा ट त | ५ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९

शोध क्षेत्रका सबै प्रधानाध्यापकहरू तालिम प्राप्त, अनुभवी, योग्य, दक्ष रहेका छन् । केही माध्यमिक विद्यालयका प्रधानाध्यापकको शैक्षिक योग्यता कम पाइए तापनि उनीहरूले बीसौं वर्षअघिदेखि विद्यालय प्रशासनको जिम्मेवारी इमान्दारी एवम् दक्षतापूर्वक सम्हाल्दै आएको पाइयो । उल्लेखित विद्यालयका प्रधानाध्यापकहरूमा शैक्षिक सामग्रीको महत्वबोध भएको र तिनको प्रयोगप्रति सकारात्मक धारणा रहेको पाइए तापनि विद्यालयमा पर्याप्त मात्रामा शैक्षिक सामग्री उपलब्ध गराउन सकेका छैनन् । विद्यालयमा उपलब्ध भएका शैक्षिक सामग्रीको उचित व्यवस्थापन, संरक्षण एवम् प्रयोगतर्फ ध्यान पुगेको पाइएन । अतः यस विषयमा प्रधानाध्यापकहरूको उचित ध्यान पुग्नु आवश्यक देखिन्छ ।

## ३.६ शोध विद्यालयमा भएका शैक्षिक सामग्रीहरूको अवस्था

**तालिका नं. १४**

| | विद्यालयको नाम | दैनिक प्रयोगका सामग्री | विद्यालयमा भएका अन्य शैक्षिक सामग्री |
|---|---|---|---|
| | प्रकाशोदय मा.वि. खुरहरी | चक, डस्टर, कालोपाटी, पाठ्यपुस्तक, सन्दर्भ सामग्री | गोजीतालिका, एटलस, नक्साहरू, ग्लोव, शब्दकोश, पोष्टरहरू, चित्रहरू, साहित्यकारका तस्वीरहरू, फ्लासकार्ड, शिक्षक निर्देशिका, एबाकस, मानव कंकाल चित्र, झन्डा, संगीतकारहरूको तस्वीर, रङ र आकारहरू, चार्टहरू, नेपाली वर्णमाला, तालिका । |

| | | | |
|---|---|---|---|
| | मा.वि . महभीर | चक, डस्टर, कालोपाटी, पाठ्यपुस्तक, सन्दर्भ सामग्री | गोजीतालिका, नेपालको नक्सा, विश्वको नक्सा, राष्ट्रिय विभूतिहरूको तस्वीर, नेपाली साहित्यकारहरूको तस्वीर, तरकारी तथा फलफूलसँग सम्बन्धित चार्टहरू, नेपाली र अङ्ग्रेजी वृहत शब्दकोशहरू, शिक्षक निर्देशिका, पाठ्यक्रम, नेपाली वर्णमाला, तालिका, फलाटिन पाटी, बाह्रखरी चार्ट, राष्ट्रिय झन्डा । |
| | हिराथुम्की मा.वि. तोश्रामखोला | चक, डस्टर, कालोपाटी, पाठ्यपुस्तक, सन्दर्भ सामग्री | गोजी तालिका, फलाटिन पाटी, नेपालको नक्सा, एसियाली राष्ट्रका झन्डाहरू, नमुना घडी, गणना तालिका, ज्यामितीय बाकस, साहित्यकारका तस्वीर, विभिन्न जनावर फलफूलका चित्रहरू, नेपाली र अङ्ग्रेजी शब्दकोश, नेपाली-अङ्ग्रेजी वर्णमाला, शिक्षक निर्देशिकाहरू, पाठ्यक्रमहरू, विज्ञान प्रयोगका सामग्रीहरू, |

| | | | |
|---|---|---|---|
| | | | ग्लोब, फ्लास कार्ड, मानव कंकाल चित्र, सिन्धुली जिल्लाको नक्सा, मानव शरीरका अङ्गहरूको चार्ट । |
| | नि.मा .वि. जोगीडाँडा | चक, डस्टर, कालोपाटी, पाठ्यपुस्तक, सन्दर्भ सामग्री | अङ्ग्रेजी र नेपाली शब्दकोश, शिक्षक निर्देशिका, पाठ्यक्रमहरू, नेपालको नक्सा, नेपालका राष्ट्रिय विभूतिहरूको तस्वीर, चार अमरसहिदको तस्वीर, नेपाली साहित्यकारहरूको तस्वीर, नमुना घडी, नेपालका राष्ट्रिय चिह्नहरूको चार्ट, मानव शरीरका अङ्गसम्बन्धी चार्ट, गोजी तालिका, फलाटिन पाटी |
| | भीम सेन नि.मा.वि. तिल्पुङडाँडा | चक, डस्टर, कालोपाटी, पाठ्यपुस्तक, सन्दर्भ सामग्री | शब्दकोशहरू, गोजी तालिका, नेपालका राष्ट्रिय विभूतिको तस्वीर, नेपाली साहित्यकारको तस्वीर, नेपालका संरक्षित जनावरहरू, नेपाली र अङ्ग्रेजी व्याकरण, स्तनधारी जनावरहरू, नमुना घडी, ज्यामिती बक्स, एबाकस, मादल, |

| | | | |
|---|---|---|---|
| | | | पाठ्यक्रमहरू, शिक्षक निर्देशिकाहरू, नेपालको नक्सा, स्वास्थ्यसँग सम्बन्धित पोस्टरहरू । |
| | बैङ्क टेश्वर उ.मा.वि. बाहुनतिल्पुङ | चक, डस्टर, कालोपाटी, मार्कर, श्वेतपाटी, पाठ्यपुस्तक, सन्दर्भ सामग्री | चित्रहरू, गोजी तालिका, फलाटिन पाटी, जिओ बोर्ड, वृहत सामान्य ज्ञानका पुस्तकहरू, शब्दकोशहरू, शिक्षक निर्देशिकाहरू, विभिन्न तहका पाठ्यक्रमहरू, जनावर र चराचुरूङ्गी तथा फलफूलसम्बन्धी चित्रहरू, ग्लोव, एटलसहरू, पिरामिड, षड्मुखा, प्रिज्म, आदिको नमुना, नेपालको राष्ट्रिय झन्डा |
| | जनप्रेमी उ.मा.वि. स्याङ्ती | चक, डस्टर, कालोपाटी, पाठ्यपुस्तक, सन्दर्भ सामग्री | नेपाली वृहत शब्दकोश, फलाटिन पाटी, शिक्षक निर्देशिकाहरू, चित्रहरू, गोजी तालिका, जिओ बोर्ड, वृहत सामान्य ज्ञानका पुस्तकहरू, शब्दकोशहरू, विभिन्न तहका पाठ्यक्रमहरू, जनावर र चराचुरूङ्गी तथा फलफूलसम्बन्धी चित्रहरू, ग्लोव, |

| | | | |
|---|---|---|---|
| | | | एटलसहरू, नेपालको राष्ट्रिय झन्डा । |
| | उ.मा.वि. लाम्पनबतासे | श्वेतपाटी, मार्कर, पाठ्यपुस्तक, सन्दर्भ सामग्री | चित्रहरू, गोजी तालिका, फलाटिन पाटी, जिओ बोर्ड, वृहत सामान्य ज्ञानका पुस्तकहरू, शब्दकोशहरू, शिक्षक निर्देशिकाहरू, विभिन्न तहका पाठ्यक्रमहरू, जनावर र चराचुरूङ्गी तथा फलफूलसम्बन्धी चित्रहरू, ग्लोव, एटलसहरू, नेपालको राष्ट्रिय झन्डा, कम्प्युटर । |
| | मा.वि. बाडरिङफेदी | चक, डस्टर, कालोपाटी, पाठ्यपुस्तक, सन्दर्भ सामग्री | गोजी तालिका, नेपालको नक्सा, विश्वको नक्सा, राष्ट्रिय विभूतिहरूको तस्वीर, नेपाली साहित्यकारहरूको तस्वीर, तरकारी तथा फलफूलसँग सम्बन्धित चार्टहरू, नेपाली र अङ्ग्रेजी वृहत शब्दकोशहरू, शिक्षक निर्देशिका, पाठ्यक्रम, नेपाली नेपाली वर्णमाला, तालिका, फलाटिन पाटी, बाह्रखरी चार्ट, राष्ट्रिय |

| | | | |
|---|---|---|---|
| | | | झन्डा । |
| | उ.मा.वि. मझुवादोभान | चक, डस्टर, कालोपाटी, मार्कर, श्वेतपाटी पाठ्यपुस्तक, सन्दर्भ सामग्री | टेपरेकर्डर, शब्दकोश (अङ्ग्रेजी, नेपाली), कम्प्युटर, नक्साहरू, नेपाली र अङ्ग्रेजी व्याकरण, ग्लोव, विज्ञान र स्वास्थ्यसम्बन्धी तस्वीरहरू, पाठ्यक्रमहरू, शिक्षक निर्देशिका, साहित्यकारका तस्वीरहरू, गोजी तालिका, सामान्य ज्ञानका पुस्तकहरू, एटलसहरू, विभिन्न जनावर र चराचुरूङ्गी तथा फलफूलसम्बन्धी चित्रहरू भएका चार्टहरू |

शोध विद्यालयहरूका नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूले भरेका प्रश्नावली र अवलोकनकर्ताको प्रत्यक्ष अवलोकनबाट प्राप्त विवरणअनुसार सबै विद्यालयमा दैनिक प्रयोगका सामग्रीहरू सहज रूपमा उपलब्ध भएको पाइयो । सन्दर्भ सामग्रीहरूको मात्रा वा सङ्ख्यामा भने पर्याप्तता र अपर्याप्तता दुबैको अवस्था देखिए पनि सामग्रीविहीन विद्यालय भने पाइएन । अन्य सामग्रीहरूको अवस्था अपर्याप्तता नै देखियो । केही महत्वपूर्ण सामग्रीहरू जस्तै गोजीतालिका, शब्दकोश, साहित्यकारका तस्वीरहरू, विभिन्न फलफूल तथा चरा तथा जनावरका चित्र, शिक्षक निर्देशिका, पाठ्यक्रम, शब्दपत्ती आदि भने सबै विद्यालयमा पाइयो । विद्युतीय सामग्रीहरूमध्ये कम्प्युटर ४ ओटा विद्यालयमा र टेपरेकर्डर ४ ओटा विद्यालयमा रहेको पाइयो । अन्य केही सामग्रीहरू विद्यालयमा स्थायी रूपमा नरही प्रयोगको समयमा विद्यालय लिएर आउने र प्रयोग पछि आफैंले लाने गरेको कुरा

प्र.अ., शिक्षकहरूको भनाइ एवम् कक्षा अवलोकनबाट पुष्टि भयो । समग्रमा विद्यालयहरूमा शैक्षिक सामग्रीहरूको उपलब्धता, गुणस्तर, मात्रा त्यत्ति सन्तोषजनक पाइएन ।

### ३.७ दैनिक प्रयोगका सामग्रीको अवस्था

**तालिका नं. १५**

| | क्षिक सामग्रीको नाम | प्रश्नावलीबाट प्राप्त नतिजा | | | | कक्षा अवलोकनबाट प्राप्त नतिजा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | योगगर्ने | | | |
| | ालो पाटी/श्वेत पाटी | | | | | ० | | | |
| | क, डस्टर, | | | | | ० | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मार्कर | | | | | | | | |
| | ाठ्य पुस्तक | | | | | ० | | | |
| | न्दर्भ सामग्री | | | | | | | | |
| | ौसत | | | | | | | | |

स्रोतः प्रश्नावली फारम तथा स्थलगत अवलोकन, २०६९

शोध विद्यालयका नि.मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूले दैनिक प्रयोगका शैक्षिक सामग्रीहरू प्रयोगको अवस्थालाई विश्लेषण गर्दा कालोपाटी, चक, डस्टर, पाठ्यपुस्तक प्रयोग गर्ने शिक्षकहरूबाट प्राप्त जवाफमा १०० प्रतिशत देखिएकोमा कक्षा अवलोकनबाट सो कुरा सत्य पुष्टि भयो । सन्दर्भ सामग्री प्रयोग गर्छु भनी प्रश्नावलीमा जवाफ दिने र प्रयोग गर्दिन भनी जवाफ दिने शिक्षक क्रमशः ६ र ४ जना पाइयो भने कक्षा अवलोकन गर्दा सन्दर्भ सामग्री प्रयोग गर्ने शिक्षकहरू ३ र प्रयोग नगर्ने शिक्षकहरू ७ जना पाइयो । औसतमा दैनिक प्रयोगका समग्र सामग्री प्रयोग गर्ने शिक्षक प्रश्नावली अनुसार ९० प्रतिशत र १० प्रतिशत शिक्षकले दैनिक प्रयोगका समग्र सामग्री प्रयोग नगरेको पाइयो । कक्षा अवलोकनलाई आधार बनाउँदा दैनिक प्रयोगका समग्र सामग्री प्रयोग गर्ने शिक्षक ८२.५ प्रतिशत र दैनिक प्रयोगका समग्र सामग्री प्रयोग नगर्ने शिक्षक १७.५ प्रतिशत

पाइयो । यसरी शिक्षकहरूको भनाइ र गराइमा अर्थात् प्रश्नावली र कक्षा अवलोकनबीचको फरक ७.५ प्रतिशत पाइयो ।

## ३.८ कविता शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको स्थिति

**तालिका नं. १६**

| | क्षिक सामग्री को नाम | प्रश्नावलीबाट प्राप्त नतिजा | | | | कक्षा अवलोकनबाट प्राप्त नतिजा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तियति देखाउने विश्राम तालिका | | | | | | | | |
| | ोजीतालिका | | | | | | | | |
| | ्लाटिन पाटी | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब्दपत्ती | | | | | | | | | |
| | ाक्यपत्ती | | | | | | | | | |
| | ब्दकोश | | | | | | | | | |
| | परेकर्डर | | | | | | | | | |
| | याख्याप<br>ङ्ति | | | | | | | | | |
| | याख्यान<br>नमुना | | | | | | | | | |
| | विका<br>तस्वीर | | | | | | | | | |
| | ावबोध<br>सम्बन्धी<br>प्रश्न<br>सूची | | | | | | | | | |
| | ब्दार्थले<br>खन<br>नमुना | | | | | | | | | |
| | **ौसत** | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

स्रोत: प्रश्नावली फारम तथा स्थलगत अवलोकन, २०६९

नेपाली भाषा शिक्षणअन्तर्गत कविता, शिक्षण गर्दा के-के शैक्षिक सामग्री प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्नावलीमा शिक्षकले दिएको जवाफ र प्रत्यक्ष कक्षा अवलोकनबाट प्राप्त नतिजालाई तुलना गर्दा भनाइ र गराइमा प्रशस्त अन्तर पाइयो । शब्दकोश र व्याख्याको पङ्क्तिको नमुना कविता शिक्षणमा गर्छु भनी प्रश्नावलीमा कसैले जवाफ दिएको पाइएन । टेपरेकर्डर एकजनाले प्रश्नावलीमा प्रयोग गर्छु भनेपनि कक्षा अवलोकनमा प्रयोग गरिएको पाइएन । प्रश्नावलीमा गोजीतालिका कविता शिक्षणमा प्रयोग गर्छु भनी ३ जनाले जवाफ दिए तापनि कक्षा अवलोकन गर्दा कसैले प्रयोग गरेको पाइएन । फलाटिन पाटी, प्रश्नावलीमा ४ जनाले प्रयोग गर्छु भने पनि कक्षा अवलोकनबाट एकजनाले मात्र प्रयोग गरेको पाइयो । गतियति देखाउने विश्राम तालिका, शब्दपत्ती, वाक्यपत्ती, व्याख्याको नमुना, कविका तस्वीर, भावबोध सम्बन्धी प्रश्नको सूची र शब्दार्थलेखन नमुना प्रयोग गर्छु भन्ने शिक्षकहरूको सङ्ख्या १० जनामा क्रमशः ४, ६, ४, ४, ४, ३ र ३ जनाले कविता शिक्षणमा प्रयोग गर्छु भने पनि कक्षा अवलोकन गर्दा क्रमशः १, ४, २, १, १, १ र २ जनाले मात्र प्रयोग गरेको पुष्टि भयो ।

यसरी कविता शिक्षणमा शैक्षिक सामग्री प्रयोग गर्छु भन्ने शिक्षकको प्रतिशत ३० पाइयो भने कक्षा अवलोकनबाट १०.८३ प्रतिशत शिक्षकले मात्र प्रयोग गरेको पुष्टि भयो । कविता शिक्षणमा शिक्षकको भनाइ र गराइमा १९.१७ प्रतिशत अन्तर पाइयो ।

## ३.९ कथा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको स्थिति

तालिका नं. १७

| | शैक्षिक सामग्रीको नाम | प्रश्नावलीबाट प्राप्त नतिजा | | | | कक्षा अवलोकनबाट प्राप्त नतिजा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | कठिन शब्दको सूची | | | | | | | | |
| | शब्दपत्ती | | | | | | | | |
| | वाक्यपत्ती | | | | | | | | |
| | शब्दार्थपत्ती | | | | | | | | |
| | तस्वीर | | | | | | | | |
| | गोजीतालिका | | | | | | | | |
| | प्रश्नहरूको सूची | | | | | | | | |
| | सारांश नमुना | | | | | | | | |
| | भ | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ाविवस्ता को नमुना | | | | | | | | |
| | उ खान टुक्काको सूची | | | | | | | | |
| | प ऽलाटिन पाटी | | | | | | | | |
| | अ ौसत | | | | | | | | |

स्रोतः प्रश्नावली फारम तथा स्थलगत अवलोकन, २०६९

नेपाली भाषा शिक्षणअन्तर्गत कथा शिक्षण गर्दा के-के शैक्षिक सामग्री प्रयोग गर्नुहुन्छ? भन्ने प्रश्नावलीको जवाफमा कठिन शब्दको सूची, वाक्यपत्ती, शब्दपत्ती, शब्दार्थपत्ती, तस्वीर, गोजीतालिका प्रश्नसूची, सारांश नमुना, भावविस्ता नमुना, उखान टुक्काको सूची, फलाटिन पाटी भन्ने शिक्षकहरूको जवाफमा क्रमशः २, ४, ६, ३, ४, ५, ३, २, १, ३, ३ जनाले प्रयोग गर्ने बताए पनि कक्षा अवलोकन गर्दा क्रमशः १, ३, ३, २, १, ०, १, ०, ०, १, १ जनाले मात्र प्रयोग गरेको पाइयो । समग्रमा प्रश्नावलीको जवाफबाट कक्षा शिक्षणमा विभिन्न शैक्षिक सामग्री प्रयोग गर्छु भन्ने शिक्षक ३२.७२ प्रतिशत पाइए पनि कक्षा अवलोकनबाट ११.८ प्रतिशत शिक्षकले मात्र दैनिक प्रयोग बाहेकका सामग्री प्रयोग गरेको पाइयो । यहाँ शिक्षकको भनाइ र व्यवहारमा कथा शिक्षणमा २०.९२ प्रतिशत अन्तर रहेको पाइयो ।

## ३.१० प्रबन्ध शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको स्थिति

तालिका नं. १८

| | क्षिक | प्रश्नावलीबाट प्राप्त नतिजा | कक्षा अवलोकनबाट प्राप्त |
|---|---|---|---|

| | सामग्रीको नाम | | | | | नतिजा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | ब्दपत्ती | | | | | | | | |
| | ाक्यपत्ती | | | | | | | | |
| | ोजीतालिका | | | | | | | | |
| | ्लाटिन पाटी | | | | | | | | |
| | ठिन शब्द | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूची | | | | | | | | |
| | बन्ध लेखनमा ध्यान दिनुपर्ने कुराहरूको सूची | | | ० | [illegible] | | | | |
| | ीर्षक र बुँदाहरू | | | ० | [illegible] | | | | |
| | बन्ध लेखन नमुना | | | ० | [illegible] | | | | |
| | **ौसत** | | | [illegible] | [illegible] | | | | |

स्रोतः प्रश्नावली फारम तथा स्थलगत अवलोकन, २०६९

नेपाली भाषा शिक्षणअन्तर्गत प्रबन्ध शिक्षणका लागि कुन कुन शैक्षिक सामग्री प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्नावलीको जवाफमा माथि तालिकामा देखाइएअनुसार शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिन पाटी, कठिन

शब्दहरूको सूची, प्रबन्ध लेखनमा ध्यान दिनुपर्ने कुराहरूको सूची, शीर्षक र बुँदाहरू र प्रबन्ध लेखन नमुना भन्ने शिक्षकहरू १० जनालाई क्रमशः ८, ६, ५, १, ५, २, १ र १ जना पाइयो भने कक्षा अवलोकन गर्दा क्रमशः ३, २, ०, ०, १, १, १ र ० जना शिक्षकहरूले मात्र दैनिक प्रयोगका बाहेकका अन्य सामग्रीहरू प्रयोग गरेको देखिन्छ । समग्रमा प्रश्नावलीको जवाफबाट कक्षा शिक्षणमा विभिन्न शैक्षिक सामग्री प्रयोग गर्छु भन्ने शिक्षक ३६.२५ प्रतिशत पाइए पनि कक्षा अवलोकनबाट १० प्रतिशत शिक्षकले मात्र दैनिक प्रयोग बाहेकका सामग्री प्रयोग गरेको पाइयो । यहाँ शिक्षकको भनाइ र  व्यवहारमा कथा शिक्षणमा २६.२५ प्रतिशत अन्तर पाइयो ।

## ३.११ जीवनी शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको स्थिति

तालिका नं. १९

| | क्षिक साम ग्रीको नाम | प्रश्नावलीबाट प्राप्त नतिजा | | | | कक्षा अवलोकनबाट प्राप्त नतिजा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | य ो ग ग नै | | | | | | य ो ग ग नै % | |
| | ठिन शब्द हरूक ो सूची | | | | | | | ० | |
| | ब्दार्थ पत्ती | | | | | | | ० | |
| | ख्य- मुख्य घटन ा | ४ | | | | | | ० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूची | | | | | | | | | |
| | स्वीर | | | | | | | | ० | |
| | श्नह रूको सूची | | | | | | | | | |
| | त्तरक ो नमुन ा | | | | | | | | | |
| | ोजी तालि का | | | | | | | | | |
| | ्लाटि न पाटी | २ | | | | | | | ० | |
| | म्मा | | | | | | | | . ७ ५ | |

स्रोतः प्रश्नावली फारम तथा स्थलगत अवलोकन, २०६९

नेपाली भाषा शिक्षणअन्तर्गत जीवनी शिक्षणका लागि के-के शैक्षिक सामग्री प्रयोग गर्नुहुन्छ भन्ने प्रश्नावलीको जवाफमा माथि तालिकामा देखाइएअनुसार

कठिनशब्द सूची, शब्दार्थपत्ती, मुख्यमुख्य घटना सूची, तस्वीर, प्रश्नहरूको सूची, उत्तरको नमुना, गोजीतालिका र फलाटिन पाटी जस्ता शैक्षिक सामग्री प्रयोग गर्छु भन्ने जवाफ पाइयो । यी सामग्रीहरू प्रयोग गर्छु भन्ने शिक्षकको सङ्ख्या क्रमशः ३, ३, ४, ८, ०, ०, ३ र २ पाइयो । कक्षा अवलोकन गर्दा माथिका शैक्षिक सामग्री प्रयोग गर्ने शिक्षकहरूको सङ्ख्या क्रमशः १, २, २, १, ०, ०, ० र १ पाइयो । प्रश्नावलीको जवाफबाट शैक्षिक सामग्री प्रयोग गर्ने शिक्षकहरूको प्रतिशत २८.७५ प्रतिशत पाइयो भने कक्षा अवलोकनबाट ८.७५ प्रतिशत शिक्षकहरूले मात्र दैनिक प्रयोगबाहेकका शैक्षिक सामग्री प्रयोग गरेको पाइयो । यसरी प्रश्नावलीमार्फत् शिक्षकको जवाफ अनि कक्षा अवलोकनबीचको अन्तर २० प्रतिशत पाइयो ।

## ३.१२ एकाङ्की शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको स्थिति

तालिका नं. २०

| | शैक्षिक सामग्रीको नाम | प्रश्नावलीबाट प्राप्त नतिजा | | | | कक्षा अवलोकनबाट प्राप्त नतिजा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | य ो ग ग र्ने | | | |
| | शब्दपत्ती | | | | | | | | |
| | वाक्यपत्ती | | | | | | | | |
| | गोजी | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तालिका | | | | | | | | |
| | फलाटिन पाटी | | | | | | | | |
| | बोधप्रश्नका नमुनाहरू | | | | | | | | |
| | कठिन शब्दको सूची | | | | | | | | |
| | संवादका नमुनाहरू | | | | | | | | |
| | तस्वीर/फोटाहरू | | | | | | | | |
| | पात्रहरूको सूची | | | | | | | | |
| | औसत | | | | | | | | |

स्रोतः प्रश्नावली फारम तथा स्थलगत अवलोकन, २०६९

नेपाली भाषा शिक्षणअन्तर्गत नि.मा.वि. तहमा एकाङ्की शिक्षणका लागि के-के शैक्षिक सामग्री प्रयोग गर्नुहुन्छ? भन्ने प्रश्नावलीको जवाफमा तालिकामा देखाइएअनुसार शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिन पाटी, बोध प्रश्नका नमुना, कठिन शब्दका सूची, संवादका नमुनाहरू, तस्वीर र पात्रहरूको सूचीजस्ता शैक्षिक सामग्री प्रयोग गर्छु भन्ने शिक्षकहरूको सङ्ख्या १० जनामा क्रमशः ६, ४, ३, २, ३, २, ३, १ र ३ जना पाइयो । यसै तथ्याङ्कलाई आधार बनाइ

कक्षा अवलोकन गर्दा उल्लिखित शैक्षिक सामग्रीको प्रयोग गर्ने शिक्षक क्रमशः १, २, ०, १, १, ०, १, १ र १ पाइयो । प्रश्नावलीको जवाफ दिने क्रममा शैक्षिक सामग्री प्रयोग गर्छु भन्ने शिक्षकहरू ३० प्रतिशत पाइयो भने प्रत्यक्ष कक्षा अवलोकन गर्दा शैक्षिक सामग्री प्रयोग गर्ने शिक्षक ८.८८ प्रतिशत पाइयो । अर्थात् शिक्षकको भनाइ र गराइमा २१.१२ प्रतिशत अन्तर पाइयो ।

### ३.१३. वादविवाद शिक्षणमा शैक्षिक सामग्री प्रयोगको स्थिति

तालिका नं. २१

| | क्षिक सामग्री को नाम | प्रश्नावलीबाट प्राप्त नतिजा | | | | कक्षा अवलोकनबाट प्राप्त नतिजा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | यो ग ग ने | | | | यो ग ग ने | | | यो ग न ग ने % |
| | ब्दार्थपत्त ी | | | | | | | | [illegible] |
| | ाक्यपत्ती | | | | | | | | [illegible] |
| | ोजीतालि का | | | | | | | | [illegible] |
| | ़लाटिन | | | | | | | | [illegible] |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पाटी | | | | | | | | |
| | ठिन शब्दको सूची | | | | | | | | ० |
| | नयमहरूको सूची | | | | | | | | ० |
| | म्बोधन नमुना | | | | | | | | ० |
| | खान टुक्काको सूची | | | | | | | | ० ० |
| | | | | | | | | | १.२५ |

स्रोतः प्रश्नावली फारम तथा स्थलगत अवलोकन, २०६९

नेपाली भाषा शिक्षणअन्तर्गत नि.मा.वि. तहमा वादविवाद शिक्षणको लागि के-के शैक्षिक सामग्री प्रयोग गर्नुहुन्छ? भन्ने प्रश्नावलीको जवाफमा तालिकामा देखाइएअनुसार शब्दार्थपत्ती, वाक्यपत्ती, गोजीतालिका, फलाटिन पाटी, कठिनशब्दको सूची, नियमहरूको सूची, सम्बोधन नमुना र उखान टुक्काहरूको सूची जस्ता शैक्षिक सामग्री प्रयोग गर्छु भन्ने शिक्षकहरूको सङ्ख्या १० जनामा क्रमशः २, ४, २, २, २, ३, २ र १ जना पाइयो । यसै तथ्याङ्कलाई आधार बनाइ कक्षा अवलोकन गर्दा उल्लिखित शैक्षिक सामग्रीको प्रयोग गर्ने शिक्षक क्रमशः १, २, ०, १, १, १, १ र ० पाइयो । प्रश्नावलीको जवाफ दिने क्रममा शैक्षिक सामग्रीको प्रयोग गर्छु भन्ने शिक्षक २२.५ प्रतिशत पाइयो । प्रत्यक्ष कक्षा अवलोकन गर्दा शैक्षिक सामग्री प्रयोग

गर्ने शिक्षक ८.७५ प्रतिशत पाइयो । प्रश्नावलीको जवाफ र प्रत्यक्ष कक्षा अवलोकनमा अर्थात् शिक्षकहरूको भनाइ र गराइमा १३.७५ प्रतिशत फरक पाइयो ।

## ३.१४ निवेदन तथा चिठी शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको स्थिति

तालिका नं. २३

| | शैक्षिक सामग्रीको नाम | प्रश्नावलीबाट प्राप्त नतिजा | | | | कक्षा अवलोकनबाट प्राप्त नतिजा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | शब्दपत्ती | | | | | | | | |
| | अर्थपत्ती | | | | | | | | |
| | प्रश्नहरूको सूची | | | | | | | | |
| | निवेदन ढाँचाको नमुना | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ि<br>चठीको<br>ढाँचाको<br>नमुना | | | | | | | | ( |
| | प<br>फलाटिन<br>पाटी | | | | ( | | | | ( |
| | ग<br>ोजी<br>तालिका | | | | ( | | | | (<br>( |
| | ि<br>चठीका<br>नमुनाह<br>रू | | | | ( | | | | ( |
| | | | | | २<br>.<br>५ | | | | ( |

स्रोतः प्रश्नावली फारम तथा स्थलगत अवलोकन, २०६९

नेपाली भाषा शिक्षणअन्तर्गत निवेदन तथा चिठी शिक्षणका लागि के-के शैक्षिक सामग्री प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्नावलीको जवाफमा तालिकामा देखाए अनुसार शब्दपत्ती, अर्थपत्ती, प्रश्नहरूको सूची, निवेदनको ढाँचाको नमुना, चिठीको ढाँचाको नमुना फलाटिन पाटी, गोजी तालिका र चिठीका नमुनाहरू जस्ता शैक्षिक सामग्री प्रयोग गर्छु भन्ने शिक्षकहरूको सङ्ख्या दश जनामा क्रमशः १, १, ०, ९, १०, ३, १ र ५ पाइयो । यसै तथ्याङ्कलाई आधार बनाइ कक्षा अवलोकन गर्दा उल्लिखित शैक्षिक सामग्रीहरूको प्रयोग गर्ने शिक्षकहरूको सङ्ख्या क्रमशः १, १, ०, २, २, १, ० र १ पाइयो । प्रश्नावलीको जवाफ दिने क्रममा शैक्षिक सामग्री प्रयोग गर्छु भन्ने शिक्षकहरू ३७.५ प्रतिशत पाइयो भने प्रत्यक्ष कक्षा अवलोकन गर्दा शैक्षिक सामग्री प्रयोग गर्ने

शिक्षक १० प्रतिशत मात्र पाइयो । प्रश्नावलीको जवाफ र प्रत्यक्ष कक्षा अवलोकनमा अर्थात् शिक्षकहरूको भनाइ र गराइमा २७.५ प्रतिशत अन्तर पाइयो ।

### ३.१५ व्याकरण शिक्षणमा शैक्षिक सामग्री प्रयोगको स्थिति

तालिका नं. २३

| | | प्रश्नावलीबाट प्राप्त नतिजा | | | | कक्षा अवलोकनबाट प्राप्त नतिजा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षि ा क स ा म ग्र ी क ो न ा म | | | य ो ग ग र्ने % | य ो ग न ग र्ने % | | | य ो ग ग र्ने % | य ो ग न ग र्ने % |
| | ा ल ा ि ट न प ा ट ी | | | ( | ( | | | O | O |
| | ो | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जीतालिका | | | ( | ( | | | | O<br>O |
| | दाहरणनमुनाहरू | | | ( | ( | | | O | O |
| | रिभाषाचार्ट | | | ( | ( | | | O | O |
| | बदप | | | ( | ( | | | O | O |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | त ी | | | | | | | | |
| | ाक य प त ी | | | ( | ( | | | ० | ० |
| | ाि ल क ा ह रू | | | ( | ( | | | ० | ० |
| | न य म ह रू क ो सू च ी | | | ( | ( | | | ० | ० |
| | | | | [illegible] . | [illegible] . | | | १ . | ८ . |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ५ | ५ | | | २<br>५ | ७<br>५ |

स्रोत: प्रश्नावली फारम तथा स्थलगत अवलोकन, २०६९

माथिको तालिका अनुसार नेपाली भाषा शिक्षणअन्तर्गत नि.मा.वि. तहमा व्याकरण शिक्षणका लागि के-के शैक्षिक सामग्री प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्नावलीको जवाफमा तालिकामा देखाइएअनुसार फलाटिन पाटी, गोजीतालिका, उदाहरणका नमुनाहरू, परिभाषा चार्टहरू, शब्दपत्ती, वाक्यपत्ती, तालिकाहरू र नियमहरूको सूची जस्ता शैक्षिक सामग्री प्रयोग गर्छु भन्ने शिक्षकहरूको सङ्ख्या १० जनामा क्रमशः ४, ३, ३, १, ६, ७, २ र ४ जना पाइयो । यसै तथ्याङ्कका आधारमा प्रत्यक्ष कक्षा अवलोकन गर्दा उल्लिखित शैक्षिक सामग्रीहरू कक्षाकोठामा प्रयोग गर्ने सङ्ख्या क्रमशः १, ०, १, १, २, १, १ र २ जना पाइयो । यस तथ्याङ्कलाई विश्लेषण गर्दा प्रश्नावलीको जवाफ दिने क्रममा शैक्षिक सामग्री प्रयोग गर्छु भन्ने शिक्षकहरू ३७.५ प्रतिशत पाइयो भने प्रत्यक्ष कक्षा अवलोकन गर्दा शैक्षिक सामग्री प्रयोग गर्ने शिक्षक ११.२५ प्रतिशत पाइयो । प्रश्नावलीको जवाफ र प्रत्यक्ष कक्षा अवलोकनबाट प्राप्त नतिजा हेर्दा शिक्षकहरूको भनाइ र व्यवहारको अन्तर २६.२५ प्रतिशत रहेको पाइयो ।

### ३.१६ प्रश्नावली र कक्षा अवलोकनका आधारमा अध्ययन विश्लेषण

समग्रमा शैक्षिक सामग्री प्रयोगको वर्तमान अवस्थालाई प्रभावकारी र कक्षा अवलोकनको माध्यमबाट विश्लेषण गर्दा शैक्षिक सामग्रीको प्रयोग नेपाली भाषा शिक्षणमा अनिवार्य र अपरिहार्य रहेको कुरामा शिक्षकहरू सैद्धान्तिक रूपमा सहमत एवम् एकमत रहेको पाइयो । व्यावहारिक पक्ष भने सैद्धान्तिक पक्षजस्तो सन्तोषजनक रहेको पाइएन । नमुना छनोटमा परेका सबै शिक्षकहरू तालिम प्राप्त पाइए पनि कक्षामा नेपाली भाषा शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्छ भन्ने विषयमा सबैजना सचेत रहेको भने पाइएन । प्रश्नावली र कक्षा अवलोकनको समय अन्तराल ज्यादै कम हुनु अनि सबै विधा र पाठ मिलाएर कक्षा अवलोकन गर्दा पूर्व जानकारी दिएर गर्नुपर्ने र यसो गरिँदा तयारी गरिने वातावरण बन्ने हुँदा मात्र

प्रश्नावली र कक्षा अवलोकनको अन्तर प्रतिशत कम भएको हो । पूर्व जानकारी नदिई कक्षा अवलोकन गर्ने हो भने यो अन्तर वा शिक्षकको भनाइ र गराइबीचको अन्तर अभ्कै बढ्ने देखिन्छ ।

यो अध्ययनले दैनिक प्रयोगका सामग्री कालोपाटी/श्वेतपाटी, चक/मार्कर, डस्टर र पाठ्यपुस्तक प्रयोग गर्ने शिक्षकहरू १०० प्रतिशत देखिए पनि अन्य सामग्री प्रयोगमा ध्यान गएको अवस्था देखिएन । सबै शिक्षकहरू तालिम प्राप्त, अनुभवी र दक्ष देखिए तापनि कक्षामा शिक्षण गर्दा शैक्षिक सामग्रीहरूको प्रयोग न्यून रहेको देखिन्छ । यस अध्ययनले विद्यालयमा उपलब्ध रहेका सामग्रीसमेत शिक्षकहरूले प्रयोग गर्ने नगरेको वास्तविकता पत्ता लगाएको छ । विद्यालयमा रहेका समग्र सामग्रीहरूको संरक्षणमा विद्यालय प्रशासन, अन्य विषय शिक्षक तथा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरू सचेत रहेको पाइएन । केही शोध विद्यालयमा कम्प्युटर भएपनि बिग्रिएर बसेका, मर्मत, सम्भार गरेर प्रयोगमा नल्याइएको, नबिग्रिएर सुचारू भएका विद्यालयहरूमा पनि कम्प्युटरको प्रयोग नेपाली भाषा शिक्षणमा नभएर विद्यालयको प्रशासन एवम् लेखा राख्ने काममा उपयोग गरिएको पाइयो । केही विद्यालयहरूमा टेपरेकर्डर पाइए पनि यसको अङ्ग्रेजी विषयको सुनाइ र बोलाइमा, विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन भएको बेलामा मात्र प्रयोग भएको पाइयो । नेपाली भाषा शिक्षणअन्तर्गत क्यासेटको व्यवस्था विद्यालयले गरेको पाइएन । समग्रमा भन्नुपर्दा विद्युतीय शैक्षिक सामग्रीको प्रयोग नेपाली भाषा शिक्षणमा निराशाजनक पाइयो । साधन भएर पनि इच्छाशक्तिको अभावका कारण यसको प्रयोग सन्तोषजनक पाइएन ।

यसरी शैक्षिक सामग्रीको प्रयोग गर्ने ज्ञान, सीप भएका र तालिम प्राप्त र धेरै योग्य र अनुभवी शिक्षक विद्यालयमा भएपनि दायित्वबोधको कमी, पेसाप्रति उत्तरदायित्वको कमी, तथा शैक्षिक सामग्री प्रयोगमा कम चासो रहेको पाइयो । नेपाली भाषा शिक्षण गर्दा प्रयोग गर्नुपर्ने सामग्री निर्माण गर्नुपर्ने, उपयुक्त वातावरण तयार पारी सामग्री प्रयोग गर्नुपर्ने हो तर त्यसो गरिएको पाइएन । नेपाली विषयप्रतिको गलत दृष्टिकोण नेपाली भाषा शिक्षकहरूमा रहेको हीनताबोध, नेपाली विषयप्रतिको विद्यालय र समुदायको दृष्टिकोण अनि राज्यको

प्राथमिकताक्रम, शिक्षा ऐन, नियमावलीमा व्यापक सुधार गरी भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोगको मात्रा र गुणस्तर दुबै बढाउनु नितान्त आवश्यक देखिन्छ ।

## ३.१७ शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरू र समाधानका उपायहरू

नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगले सिकाइलाई सरल, सहज र प्रभावकारी बनाउँछ । शैक्षिक सामग्रीको प्रयोगले मात्र शिक्षण सिकाइलाई उपलब्धिमूलक र चिरस्थायी बनाउँछ भन्ने कुरामा कसैको दुइमत हुन सक्दैन । तर नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको न्यून प्रयोग भएको देखिन्छ । यसबाट थाहापाउन सकिन्छ कि शैक्षिक सामग्रीको प्रयोगमा थुप्रै समस्याहरू विद्यमान छन् । ती समस्याहरू नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग सम्बन्धमा प्रश्नावलीको जवाफ र प्रत्यक्ष अवलोकनबाट गरिएको अध्ययनको आधारमा केही समस्या पहिचान गरिएको छ । ती समस्याहरू र समस्या समाधानका उपायहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ३.१७.१ आर्थिक समस्या र समाधानका उपायहरू

सिन्धुली जिल्लाका १० ओटा सरकारी विद्यालय छनोट गरी अध्ययन गर्ने क्रममा नमुना छनोटमा परेका १० ओटा विद्यालयहरूमध्ये २ ओटा नि.मा.वि. विद्यालयले अनुमति प्राप्त गरी नि.मा.वि. तह निजीस्रोतबाट सञ्चालन भएका, एउटा माध्यमिक विद्यालयको अनुमति मात्र लिएर सञ्चालन भएको र यस विद्यालयले नि.मा.वि. र मा.वि. दुबै तह निजीस्रोतबाट सञ्चालन भएका, २ ओटा माध्यमिक विद्यालयहरूले अनुमति लिएर सञ्चालन भएका र यी विद्यालयहरूले नि.मा.वि. तहमा २/२ ओटा राहत दरबन्दी पाएका भएपनि नि.मा.वि. तहमा केही शिक्षकहरूको र मा.वि. तह पूरै निजीस्रोतबाट सञ्चालन भएका, एउटा मा.वि. ले नि.मा.वि. तहमा २ र मा.वि. तहमा एक राहत दरबन्दी प्राप्त गरेको भएपनि ४ ओटा शिक्षकको निजीस्रोतबाट तलब व्यहोर्नु परेको र बाँकी ४ ओटा उ.मा.वि. मा भने ४/४ ओटा दरबन्दी नि.मा.वि. तहमा रहेको पाइयो । निजीस्रोतबाट नि.मा.वि. र मा.वि. तह सञ्चालन गरिएका विद्यालयको आर्थिक स्रोतको ठूलो हिस्सा

शिक्षकको तलव भत्तामा जाने हुँदा शैक्षिक सामग्रीको व्यवस्थापनमा विद्यालयलाई आर्थिक स्रोतको अभाव हुने गरेको देखियो । दरबन्दी प्राप्त विद्यालयहरूमा पनि शिक्षकहरूको तलव भत्ता जिल्ला शिक्षा कार्यालयमार्फत प्राप्त भएपनि शुल्क लिन नपाउने सरकारी नीतिका कारण र शैक्षिक सामग्री शीर्षकमा छुट्टै रकम निकासा भइ नआउने हुँदा शैक्षिक सामग्रीको व्यवस्थापनमा विद्यालयलाई समस्या परेको पाइयो । यिनै कारणहरूले गर्दा शैक्षिक सामग्रीको पर्याप्त खरिद गर्न सबै विद्यालय प्रत्यक्ष र परोक्ष रूपमा प्रभावित भएको पाइयो । अन्य शीर्षकमा प्राप्त रकमलाई रकमान्तर गरी शैक्षिक सामग्रीको व्यवस्थापनमा लगाउने इच्छा शक्ति सरोकारवालाहरूमा नहुनु आर्थिक समस्याको मुख्य कारक तत्व भएको कुरा पनि यस अध्ययनले पत्ता लगाएको छ ।

आर्थिक समस्या समाधानका लागि विद्यालयको आर्थिक अवस्था राम्रो बनाई विद्यालयलाई आत्मनिर्भर तुल्याउन, सरकार,विद्यालय प्रशासन विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, स्थानीय अभिभावक, राजनैतिक दलका प्रतिनिधिजस्ता सरोकारवाला निकायहरूले विशेष पहल गर्नु जरूरी हुन्छ । सरकारले विद्यालयमा खासगरी शैक्षिक सामग्री शीर्षकमा छुट्टै निश्चित रकम उपलव्ध गराउनु पर्छ भने विद्यालय व्यवस्थापन समिति र अभिभावकहरूले स्थानीय स्तरबाट रकम सङ्कलन तथा व्यवस्थापन गर्नुपर्छ । सरकारबाट प्राप्त रकम र स्थानीय स्तरबाट जुटाइएको रकमबाट शैक्षिक सामग्री निर्माण, सङ्कलन र खरिद गर्नुपर्छ । भाषा शिक्षणमा आवश्यक पर्ने शैक्षिक सामग्रीको खरिद र व्यवस्थापन गर्ने गराउने कुरामा नेपाली भाषा शिक्षक विशेष चनाखो हुनु पर्दछ । विद्यालयले स्थानीय स्रोतबाट उपलब्ध हुने कम मूल्यका सामग्री सङ्कलन एवं निर्माण गर्नुपर्छ ।

### ३.१७.२ भौतिक समस्या र समाधानका उपायहरू

आर्थिक पक्ष र भौतिक पक्ष एक-अर्कामा अन्तरसम्बन्धित हुन्छन् । आर्थिक समस्याले भौतिक व्यवस्थापनमा प्रत्यक्ष प्रभाव पार्दछ । शोध अध्ययनको क्रममा कतिपय विद्यालयको निर्माणधीन भवनले समेत पूर्णता पाउन सकेको देखिदैन । कतिपय विद्यालयमा कक्षा कोठाहरू तयार भएपनि झ्यालढोकाको ब्यवस्था गर्न सकेको देखिदैन । कतिपय विद्यालयका कक्षाकोठा साँघुरो भएका, एउटै

कोठालाई बीचमा कच्चा बार लगाएर दुइवटा कक्षाका विद्यार्थी राखिएको, विद्यार्थीको उमेर र कक्षा अनुसार बालमैत्री फर्निचरको व्यवस्था गर्न नसकिएको, कालोपाटी गुणस्तरहीन भएको, पुस्तकालयको राम्रो व्यवस्था गर्न नसकिएको, कक्षाकोठामा क्षमताभन्दा बढी विद्यार्थी राखेर पढाउनु पर्ने बाध्यता, गोजी तालिका, फलाटिन पाटी, नक्सा तथा चार्टहरू प्रदर्शनका लागि कक्षा कोठाको भित्ताहरूमा काँटी, किलाको व्यवस्था नभएको, शैक्षिक सामग्री सुरक्षित राख्न वा व्यवस्थित गर्न आवश्यक दराज तथा सामग्री कक्षको व्यवस्था धेरैजसो विद्यालयमा नहुनु, शौचालयको नियमित सरसफाई र खानेपानीको उचित व्यवस्था धेरैजसो विद्यालया नहुनु आदि समस्याहरू विद्यालयका भौतिक समस्या हुन् । शोध अध्ययनका क्रममा प्रश्नावली मार्फत शिक्षकहरूले दिएको जवाफ  अनि प्रत्यक्ष कक्षा अवलोकनले विद्यालयको भौतिक समस्या पनि शैक्षिक सामग्रीको उचित व्यवस्थापन र प्रयोगमा बाधक रहेको कुरा देखाइएको छ ।

भौतिक समस्या समाधानका लागि स्थानीय अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, राजनैतिकदलका प्रतिनिधि, जि.शि.का., स्रोतकेन्द्रजस्ता सरोकारवाला निकायहरूले विशेष प्रयत्न गर्नुपर्ने देखिन्छ । आवश्यक आर्थिक र प्राविधिक पक्षको व्यवस्थापन गरी भौतिक पक्षलाई सम्बन्धित निकायले बलियो बनाउनु पर्दछ । भौतिक व्यवस्थापनमा सरकारी निकायको महत्वपूर्ण भूमिका रहने हुँदा भौतिक साधन र स्रोतले पछिपरेका विद्यालयहरूलाई सूचीकृत गरी विशेष सहयोगको व्यवस्था गर्नुपर्ने देखिन्छ । आवश्यक परेमा भौतिक व्यवस्थापनको लागि विदेशी दातृनिकायलाई सहयोगको लागि अनुरोध गर्नुपर्दछ । जबसम्म विद्यालयमा आवश्कता अनुसार भवन, कक्षाकोठा फर्निचर, समूहकार्यको लागि हल आदि व्यवस्था गरिन्न तवसम्म शैक्षिक सामग्री प्रयोगको अनुकूल वातावरण बन्न सक्दैन ।

### ३.१७.३ प्रशासनिक समस्या र समाधानका उपायहरू:

वर्तमान  राजनैतिक अस्थिरताले विद्यालयको व्यवस्थापन र सञ्चालनमा समस्या रहेको  छ । विद्यालयलाई व्यवस्थित रूपमा सञ्चालन गर्न मात्र नभई शिक्षणलाई सुव्यवस्थित प्रभावकारी, दिगो र उपलब्धिमूलक बनाउन

विद्यालय प्रशासन र व्यवस्थापन पक्षको भूमिका महत्वपूर्ण हुन्छ । यदि विद्यालय व्यवस्थापन पक्ष र विद्यालय प्रशासनले उचित वातावरण सिर्जना गरिदिएन भने शिक्षकले जतिसुकै मेहनत र लगनशील भएर काम गरे पनि उचित किसिमको शिक्षण हुन सक्दैन । विद्यालय व्यवस्थापन पक्ष र विद्यालय प्रशासनले शैक्षिक सामग्रीको बारेमा बेवास्ता गर्नु, पाठ्यपुस्तक, पाठ्यक्रम तथा शिक्षक निर्देशिका समयमा उपलब्ध नगराउनु, विद्यालयको नियमित अनुगमन गरी पृष्ठपोषण नदिनु जस्ता प्रशासनिक समस्याले शैक्षिक सामग्री उपयोग गर्न समस्या उत्पन्न भएको देखिन्छ । त्यस्तै शिक्षक भर्नामा गुणात्मक पक्ष भन्दा राजनैतिक भागवण्डा गरिनु विद्यालयका लागि शिक्षक दरबन्दी पर्याप्त नहुनु, लामो समयसम्म अस्थायी, करार वा राहत, सट्टा र निजी शिक्षकको रूपमा रहनुपर्ने बाध्यता, शिक्षक सेवा आयोगले नियमित रूपमा समय-समयमा विज्ञापन नगर्नु, सरकारी सेवासुविधामा स्थायी, अस्थायी राहत, सट्टा आदि वाहनामा पक्षपात गर्नाले शिक्षकहरूको मनोवल घट्दै जानु जस्ता प्रशासनिक कारणहरूले पनि शैक्षिक सामग्रीको प्रयोगमा समस्या रहेको कुरा सम्बन्धित विद्यालयका भाषा शिक्षकबाट जवाफ पाइयो ।

प्रशासनिक समस्या समाधानका लागि विद्यालयमा राजनैतिक अखडा बन्द गर्नुपर्छ । शिक्षा मन्त्रालय, शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालाय, जिल्ला शिक्षा कार्यालय, स्रोतकेन्द्र, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक जस्ता जिम्मेवार निकायहरूले विद्यालय शैक्षिक सामग्री निर्माण र प्रयोगका लागि उपयुक्त शैक्षिक वातावरण कायम गर्नुपर्छ । विद्यालय निरीक्षण कक्षा अवलोकन गरेर शैक्षिक सामग्रीको प्रयोगमा शिक्षकहरूलाई पृष्ठपोषण प्रदान गर्नुपर्दछ । शैक्षिक सामग्री निर्माण गर्नका लागि शिक्षकहरूलाई ३/४ पिरियड मात्र अध्यापन गराउने व्यवस्था मिलाउनु पर्दछ ।

शिक्षकलाई स्थायी सेवा सुविधाको वातावरण निश्चित गरिनु पर्दछ । भाषा शिक्षकलाई शैक्षिक सामग्र प्रयोगका आधारमा प्रोत्साहन, दण्डको नियम बनाइ कडाइका साथ लागू गर्नुपर्दछ । शैक्षिक सामग्री निर्माण गर्नका लागि सरकारी स्तरबाट तालिमको व्यवस्था अनिवार्य रूपमा गरिनुपर्दछ ।

### ३.१७.४ विद्यालय निरीक्षणको समस्या र समाधानका उपायहरू

शिक्षण कार्यको प्रभावकारिता र गुणस्तरीयतामा निरीक्षण कार्यले प्रभावकारी भूमिका निर्वाह गर्दछ । कुनै पनि संस्थालाई सुव्यवस्थित रूपमा सञ्चालन गर्नका लागि निरन्तर निरीक्षणको आवश्यकता पर्दछ । आधिकारिक निकायबाट दिइएको निर्देशन र सुझाव सवैले मान्नै पर्ने हुँदा शैक्षिक सामग्रीको उचित व्यवस्थापन र प्रयोगमा नियमित निरीक्षणको जरूरी पर्दछ । नियमित र प्रभावकारी अनुगमन निरीक्षण र सुझावको अभावमा शैक्षिक सामग्री उपयोगमा समस्या सिर्जना हुने देखिन्छ ।

विद्यालय निरीक्षणको समस्या समाधानका लागि नियमित निरीक्षण एवं अनुगमनको आवश्यकता पर्दछ । निरीक्षणमा प्रभावकारिता ल्याउन सम्बन्धित निकायले कडाइका साथ निरीक्षण एवम अनुगमनको व्यवस्था गर्नुपर्दछ । यसबाट शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्या कम गर्न सकिन्छ । विषयवस्तु अनुसारको शैक्षिक सामग्रीको छनोट, निर्माण र प्रयोगमा देखिएका समस्या समाधान गर्न शिक्षकहरूले र निरीक्षणमा खटिएका अधिकारी वर्गबाट प्राविधिक सहयोग र सुझाव प्राप्त गर्न सक्दछन् । विद्यालयमा उपलव्ध सामग्रीहरूको प्रयोगमा चासो नदेखाउने शिक्षक/शिक्षिकाहरूलाई पनि निरीक्षकले सक्रिय बनाउने र शैक्षिक सामग्रीको प्रयोग गर्ने आदतको विकास गर्दछन् ।

**३.१७.५ मूल्याङ्कनको समस्या र समाधानको उपाय**

कतिपय शिक्षकहरू मिहिनेती अध्ययनशील र कर्तव्यनिष्ठ हुन्छन् । परिश्रमी र लगनशील शिक्षकको उचित मूल्याङ्कनको व्यवस्था नहुनाले शैक्षिक सामग्रीको उपयोगमा निस्क्रिय एवम् उदासिन रहेको पाइन्छ । परिश्रम गर्ने शिक्षक र परिश्रम नगर्ने शिक्षकलाई एउटै दृष्टिकोणले हेर्दा परिश्रमी शिक्षकको मनोबल घट्दै गएको पाइन्छ । यसले गर्दा लगनशील शिक्षकहरू पनि शैक्षिक सामग्रीको प्रयोगमा अग्रसर नभएको पाइन्छ ।

मूल्याङ्कन सम्बन्धी समस्या समाधानका लागि मिहिनेती लगनशील,परिश्रमी शिक्षकहरूको उचित मूल्याङ्कन गरिनुपर्दछ । । शिक्षण सिकाइमा शैक्षिक सामग्री प्रयोग गर्ने शिक्षक/शिक्षिकाहरूलाई पुरस्कृत गरिनुपर्दछ । यसकार्यमा सम्बन्धित निकायको चासो हुनु पर्दछ ।

**३.१७.६ पेसाप्रति उत्तरदायित्वको कमी**

पेसा वा व्यवसाय सञ्चालन गर्न सफल र प्रभावकारी बनाउन पेशाप्रति निष्ठा हुनु आवश्यक पर्दछ । शिक्षा जस्तो संवेदनशील विषय क्षेत्रलाई डोहोऱ्याउने व्यक्ति शिक्षण पेशाप्रति थोरै मात्र उत्तरदायित्वबाट विचलित हुने हो भने शिक्षण कार्य नै अन्यौलपूर्ण बन्न पुग्दछ । शिक्षकले आफ्नो पेशाप्रति गर्व गर्नुपर्दछ । आफ्नो विषयको शिक्षण सिकाइमा दक्षता हासिल गराउनु प्राप्त गराउनु मेरो दायित्व हो र त्यसलाई सफल बनाउनुपर्छ भन्ने कर्तव्य बोधको भावना शिक्षकहरूमा अभाव रहेको देखिन्छ । सबै शिक्षकहरूमा आफ्नो पेशाप्रतिको निष्ठा उत्तरदायित्व पूरा गर्ने दृढ इच्छा र सङ्कल्प पाउन कठिन रहेको कुरा शोधबाट पत्ता लागेको छ । शिक्षकमा हुने उत्तरदायित्वको कमीले नै शैक्षिक सामग्रीको प्रयोगमा पनि नकारात्मक प्रभाव पारेको देखिन्छ ।

समस्या समाधानका लागि शिक्षकहरूमा आफ्नो पेशाप्रति उत्तरदायित्व हुनु आवश्यक देखिन्छ । आफ्नो पेशा वा कार्यलाई आदर्श ठानी त्यसमा निष्ठापूर्वक लाग्नु हरेक शिक्षकको नैतिक दायित्व पनि हो । प्रभावकारी शिक्षणकार्यसँग शिक्षकको प्रतिष्ठा अनि विद्यार्थीको भविष्य गाँसिएको हुन्छ । शैक्षिक सामग्रीले प्रभावकारी शिक्षणमा सहयोग पुऱ्याउने भएकाले शिक्षकमा उत्तरदायित्व बोध हुनु अनिवार्य हुन्छ ।

**३.१७.७ परम्परागत धारणा**

मानिस जुन संस्कार र प्रचलनमा हुर्कियो त्यसले वर्तमान कार्यलाई प्रभाव पार्दछ । हाम्रो शिक्षा प्रणालीमा पनि परम्परागत विधि,प्रक्रिया र पद्धतिले प्रत्यक्ष प्रभाव पार्दै आएको छ । परम्परागत धारणा अनुसार पाठ्यपुस्तकलाई वा सम्बन्धित पाठलाई व्याख्यान गरी अध्यापन गर्ने प्रचलन शिक्षण कार्यमा आजसम्म कायमै छ । शैक्षिक सामग्रीको आवश्यक प्रयोग गरी कक्षा शिक्षणलाई रोचक, उद्देश्यपूर्ण र प्रभावकारी बनाउने काम शिक्षकहरूबाट पूर्णरूपमा हुन सकेको देखिंदैन । अधिकांश शिक्षकहरूले पाठ्यपुस्तकलाई प्रयोग गरी शिक्षण गरेको पाइएको छ । परम्परागत प्रचलन र त्यसै प्रचलनलाई अनुशरण गर्ने शिक्षकहरूको मनोवृत्तिका कारण नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको सन्तोषजनक प्रयोग हुन नसकेको देखिन्छ ।

यो समस्या समाधानका लागि लामो समयदेखि जरागाडेर बसेको परम्परागत प्रचलन र मानसिकताको अन्त्य हुनु जरूरी छ । यसका लागि

शिक्षकहरूलाई आवश्यकता अनुसार सेवाकालीन तालिम र शिक्षण पेशामा आवद्ध हुन चाहने व्यक्तिलाई पूर्व सेवाकालीन तालिमको आवश्यक व्यवस्था मिलाउनु पर्छ । शैक्षिक सामग्री प्रयोग गरी कक्षा शिक्षणलाई रोचक, प्रभावकारी र उद्देश्यमूलक बनाउने शिक्षकलाई पुरस्कार र परम्परागत धारणा वा मनोवृत्ति भएका शिक्षकलाई परामर्श व्यवस्था गरिनुपर्दछ । यसो गर्न समयअनुसारका सामग्रीको प्रयोग गरी सञ्चालन गरिएका कक्षाहरूको अवलोकन गराएर पनि शिक्षकहरूको परम्परागत धारणामा परिवर्तन ल्याउन सकिन्छ । परम्परागत मनोवृत्तिमा जवसम्म परिवर्तन आउँदैन तबसम्म शैक्षिक सामग्रीको प्रभावकारी उपयोग सम्भव छैन ।

### ३.१८ विधागत रूपमा शैक्षिक सामग्रीको प्रयोगको तुलनात्मक अध्ययन

**तालिका नं. २४**

| क्र. सं. | विधा/क्षेत्र | प्रश्नावलीबाट प्राप्त नतिजा | | कक्षा अवलोकनबाट प्राप्त नतिजा | |
|---|---|---|---|---|---|
| | | योग गर्ने % | योग नगर्ने % | योग गर्ने % | योग नगर्ने % |
| | कविता | ० | ० | ०.८३ | ९.१७ |
| | कथा | २.७२ | ७.२८ | १.८ | ८.२ |
| | प्रबन्ध/निबन्ध | ६.२५ | ३.७५ | ० | ० |
| | ज | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ीवनी | ८.७<br>५ | १.२<br>५ | .७५ | १.२<br>५ |
| | ि<br>नवेदन/ि<br>चठी | ७.५ | २.५ | ० | ० |
| | ए<br>काङ्की | ० | ० | .८<br>८ | १.१<br>२ |
| | व<br>ादविवाद | २.५ | ७.५ | .७५ | १.२<br>५ |
| | ट<br>याकरण | ७.५ | २.५ | १.२<br>५ | ८.७<br>५ |
| | अ<br>ौसत | १.९ | ८.०<br>९ | ०.३ | ९.७ |

स्रोतः प्रश्नावली तथा कक्षा अवलोकन, २०६९

माथिको तालिकाबाट शोध विद्यालयहरूमा विधागत रूपमा दैनिक प्रयोगका सामग्री बाहेक अन्य शैक्षिक सामग्री प्रयोगको तुलनात्मक अध्ययन गरिएको छ । समष्टिगत रूपमा शैक्षिक सामग्री प्रयोगको स्थितिलाई विधागत रूपमा विश्लेषण गर्दा प्रश्नावलीको जवाफबाट कविता, कथा, प्रबन्ध/निबन्ध, जीवनी, निवेदन/चिठी, एकाङ्की, वादविवाद र व्याकरण विधामा क्रमशः ३० प्रतिशत, ३२.७२ प्रतिशत, ३६.२५ प्रतिशत, २८.७५ प्रतिशत र ३७.५ प्रतिशत, ३० प्रतिशत, २२.५ प्रतिशत र ३७.५ प्रतिशत  शिक्षकहरूले शैक्षिक सामग्रीको प्रयोग गर्छु भनिए पनि कक्षा अवलोकनबाट उक्त विधाहरूमा क्रमशः १०.८३ प्रतिशत, ११.८ प्रतिशत, १०

प्रतिशत, ८.७५ प्रतिशत, १० प्रतिशत, ८.८८ प्रतिशत, ८.७५ प्रतिशत र ११.२५ प्रतिशत शिक्षकहरूले मात्र दैनिक प्रयोगका सामग्रीबाहेक अन्य शैक्षिक सामग्री प्रयोग गरिएको पाइएको छ । औसतमा प्रश्नावलीको जवाफबाट ३१.९ प्रतिशत शिक्षकहरूले मात्र दैनिक प्रयोगबाहेकका अन्य शैक्षिक सामग्री प्रयोग गर्ने भनिएकोमा कक्षा अवलोकनबाट १०.३ प्रतिशत शिक्षकहरूले मात्र अन्य शैक्षिक सामग्री प्रयोग गरेको पाइयो । यसरी शिक्षकहरूको भनाइ र गराइमा २१.६ को अन्तर पाइयो ।

प्रश्नावलीको जवाफबाट सबभन्दा बढी शैक्षिक सामग्री (३७.५ प्रतिशत), व्याकरण र निवेदन/चिठीमा प्रयोग गर्ने भनिएकोमा कक्षा अवलोकनबाट सबभन्दा बढी शैक्षिक सामग्री व्याकरणमा (११.२५ %) शिक्षकले प्रयोग गरिएको पाइयो । सम्पूर्ण शिक्षकहरूमध्ये ३१.९ प्रतिशत शिक्षकहरूले शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गर्छु भनी प्रश्नावलीमा जवाफ दिएपनि कक्षा अवलोकनबाट शैक्षिक सामग्रीको प्रयोग १०.३ प्रतिशत शिक्षकहरूले मात्र गरेको पाइयो । यसरी प्रस्तुत अनुसन्धानले शिक्षण कार्यमा सङ्लग्न शिक्षकहरूमध्ये १०.३ प्रतिशत शिक्षकहरूले मात्र दैनिक प्रयोग बाहेकका शैक्षिक सामग्री प्रयोग गरेको र ८९.७ प्रतिशत शिक्षकहरूले दैनिक प्रयोग बाहेकका अन्य शैक्षिक सामग्री प्रयोग नगरेको निराशाजनक निष्कर्ष निकालिएको छ ।

यसरी शैक्षिक सामग्रीको वास्तविक प्रयोग न्यून शिक्षकहरूले मात्र गर्दा यसको प्रत्यक्ष प्रभाव शिक्षण सिकाइमा पर्ने र शिक्षण शिक्षक केन्द्रित भई विद्यार्थीको औसत सिकाइ उपलब्धि अत्यन्तै न्यून हुने भएको हुँदा कक्षा शिक्षण सिकाइमा शैक्षिक सामग्री प्रयोगको दर बढाउनतर्फ सम्बन्धित सबैको ध्यान जानु पर्ने देखिन्छ । शिक्षण सिकाइको मेरूदण्ड मानिने शैक्षिक सामग्रीको आवश्यक मात्रामा प्रयोग गरिए मात्र शिक्षण सिकाइ रूचिकर, प्रभावकारी, मनोरञ्जनपूर्ण, उद्देश्यमूलक बन्ने विश्वास गरिन्छ ।

## ३.१९ सारांश

सिन्धुली जिल्लाका १० ओटा नि.मा.वि., मा.वि. र उ.मा.वि. विद्यालयका निम्न माध्यमिक तहमा शिक्षण गर्ने शिक्षकहरूको शैक्षिक सामग्रीको प्रयोगको

अवस्थाको अध्ययन अवलोकन गर्दा शैक्षिक सामग्री प्रयोग गर्छु भन्ने शिक्षकहरूको सङ्ख्या बढी देखिए पनि प्रत्यक्ष कक्षा अवलोकनबाट सामग्री प्रयोग गर्ने शिक्षकहरूको वास्तविक सङ्ख्या ज्यादै न्यून पाइयो । धेरैजसो विद्यालयहरूमा शैक्षिक सामग्रीको उपलब्धता भएपनि शिक्षकहरूमा त्यसलाई प्रयोग गर्ने दृढ इच्छाशक्ति नभएको पाइयो । शैक्षिक सामग्री नै शिक्षणको मेरूदण्ड हो । शैक्षिक सामग्री निर्माण, सङ्कलन र खरिद गर्नुपर्छ र कक्षा शिक्षणमा त्यसको उपयोग गर्नुपर्छ भन्ने भावना शिक्षकहरूमा पाइएन । दैनिक प्रयोगका सामग्रीहरू चक/मार्कर, कालोपाटी/श्वेतपाटी, पुस्तक जस्ता सामग्रीहरूको प्रयोग सन्तोषजनक पाइए पनि अन्य अतिरिक्त शैक्षिक सामग्रीहरूको प्रयोगमा शिक्षकहरूले खासै ध्यान दिएको पाइएन । शैक्षिक सामग्रीको खरिद, संरक्षण, सङ्कलन र निर्माण र प्रयोगमा विद्यालय प्रशासनले विशेष ध्यान दिनुपर्ने जरूरी देखिन्छ । जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षक तथा स्रोतकेन्द्रका स्रोतव्यक्तिहरूलाई निरीक्षण र अनुगमन कार्यमा सक्रिय एवं सजक गराउन सम्बन्धित निकायले विशेष ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ । नेपाली भाषा शिक्षणमा व्याख्यान विधिको प्रयोग व्यापक भएको तर शैक्षिक सामग्रीको प्रयोग न्यून भएकाले यसमा सुधार ल्याउन सरोकारवालाहरूले विशेष ध्यान दिनुपर्ने देखिन्छ । प्रश्नावलीको जवाफ एवं प्रत्यक्ष भेटघाट र छलफलमा शैक्षिक सामग्री प्रयोग गरी गरिने नेपाली भाषा शिक्षण प्रभावकारी र उपलब्धिपूर्ण हुने कुरामा भने सवै शिक्षक/शिक्षिका एकमत रहेको पाइए पनि कक्षा अवलोकनबाट शिक्षकको भनाइ र गराइमा ठूलो अन्तर पाइयो ।

# अध्याय चार

## निष्कर्ष र सुझाव

### ४.१. निष्कर्षहरू

प्रस्तुत शोधकार्यको लागि जनकपुर अञ्चलका ६ वटा जिल्लाहरूमध्ये सिन्धुली जिल्लाका सामुदायिक विद्यालयहरूमा निम्नमाध्यमिक तहमा नेपाली भाषा शिक्षण गर्दा शैक्षिक सामग्री प्रयोगसम्वन्धी यथार्थ अध्ययन विश्लेषण गरिएको छ । यसका लागि नमूना छनौटमा परेका ४ वटा उ.मा.वि. विद्यालय, ४ वटा माध्यमिक विद्यालय र २ वटा निम्नमाध्यमिक विद्यालय गरी जम्मा १० वटा सामुदायिक विद्यालयहरूमा गई स्थलगत अध्ययन गरिएको छ । शोध विद्यालयहरूमा कक्षा निरीक्षण र अवलोकनबाट आजको विज्ञान र प्रविधिको युगमा पनि नेपाली भाषा शिक्षण पुरानै पद्धति र प्रक्रियाबाट अगाडि बढेको पाइएको छ । भाषा शिक्षणमा प्रशस्त शैक्षिक सामग्री खरिद,निर्माण र सङ्कलन गरी प्रयोग गर्नुपर्नेमा यी विद्यालयमा पुरानै व्याख्यान विधिको व्यापक प्रयोग भएको देखिएको छ । प्रस्तुत अध्ययनका क्रममा कतिपय विद्यालयहरूमा शैक्षिक सामग्रीको उपलब्धता एवं प्रयोग न्यून पाइएको छ भने कतिपय विद्यालयमा शैक्षिक सामग्रीको उपलब्धता भएपनि प्रयोग साह्रै न्यून पाइएको छ । त्यस्तै कतिपय विद्यालयमा शैक्षिक सामग्रीको उपलब्धता भएपनि ती विद्यालयले ती सामग्रीको प्रयोग नगरेको पाइयो ।

भाषा शिक्षणको प्रमुख उद्देश्य विद्यार्थीहरूमा भाषिक सीपको विकास गराउनु हो । विद्यार्थीहरूको भाषिक क्षमताका आधारमा भाषिक सीपका तहहरू वा क्षेत्रहरू फरक फरक हुन्छन् । प्रारम्भिक तह र कक्षाका भाषिक सीप अन्तर्गत सुनाइ र बोलाइ सीप विकासको उद्देश्य प्रमुख हुन्छ भने माथिल्ला कक्षामा पढाइ र लेखाइसीप विकासमा विशेष जोड दिइने उद्देश्य रहेको हुन्छ । नेपालका अधिकांश विद्यालयहरूमा नेपाली भाषा शिक्षण भाषिक सीपको विकास गराउने भन्दा भाषिक ज्ञान गराउने कुरामा केन्द्रित रहेको छ । भाषा शिक्षणमा परम्परागत व्याख्यान विधिको प्रयोग अत्यन्त धेरै छ । विद्यार्थीहरू कक्षामा निस्क्रिय रहने र शिक्षक सक्रिय बनी व्याख्या गरिरहने परम्परागत चलन विद्यालयहरूमा कायमैछ । भाषिक सीप विकासभन्दा पाठ्यक्रमले निर्धारण गरेको विषयवस्तु वा कोर्श सक्ने कुरामा

शिक्षकहरूको ध्यान केन्द्रित भएको पाइन्छ । शैक्षिक सामग्रीको उचित प्रयोग गरी कक्षा शिक्षणलाई प्रभावकारी बनाउँदै भाषिक सीप विकासमा कक्षा शिक्षण केन्द्रित गराउनु अहिलेको नेपाली भाषा शिक्षणको मुख्य चुनौती हो ।

सिन्धुली जिल्ला अन्तर्गतका विद्यालयहरूमा गरिएको यस शोध अध्ययनले के देखाएको छ भने बास्तविक रूपमा यहाँका विद्यालयहरूमा कालोपाटी नै शैक्षिक सामग्रीको रूपमा प्रयोग भएको र केही विद्यालयहरूले सीमित कक्षाहरूमा र केही विद्यालयले पूर्णरूपमा मार्करवोर्डको प्रयोग गरेको पाइयो । शिक्षकहरूले शिक्षणको मुख्य सामग्री पाठ्यपुस्तकलाई नै बनाएको पाइन्छ । शैक्षिक सामग्रीको खरिद सङ्कलन र निर्माण गरी शिक्षण गरिएको खासै पाइएन । विद्यालयमा उपलब्ध सामग्रीहरू पनि शिक्षकहरूले प्रयोग गरेको देखिएन । विद्यालयमा भएका नेपाली भाषा शिक्षणका महत्वपूर्ण शैक्षिक सामग्री गोजीतालिका र फलाटिन पाटीको उपयोग न्यून गरिएको पाइयो । स्थलगत अध्ययनको क्रममा केही विद्यालयमा शैक्षिक सामग्रीका रूपमा शब्दपत्ती, तस्वीर र वाक्यपत्ती प्रयोग गरिए पनि उक्त सामग्री बीचका र पछिल्ला बेन्चका विद्यार्थीहरूले पढ्न र बुझ्न सक्ने उपयुक्त आकारमा पाइएन ।

प्रश्नावलीमा प्राप्त भएका उत्तरबाट विविध समस्याका कारण नेपाली भाषा शिक्षणमा यी विद्यालयमा शैक्षिक सामग्रीको प्रचूरमात्रामा उपयोग हुन सकेको देखिदैन । तिनै समस्याहरूको विश्लेषणबाट प्राप्त निष्कर्ष तल प्रस्तुत गरिएको छ :

१. केही विद्यालयहरूमा आर्थिक समस्याको कारण शैक्षिक सामग्रीहरूको प्रबन्ध गर्न असमर्थ छन भने आर्थिक अवस्था राम्रो भएका विद्यालयहरू पनि इच्छा शक्तिको अभावको कारण शैक्षिक सामग्रीहरूको प्रबन्ध गर्न पछि परेको पाइयो ।

२. शैक्षिक सामग्रीले भाषा शिक्षणलाई प्रभावकारी र उद्देश्यमुखी बनाउँछ भन्ने कुरामा शिक्षकहरूमा विश्वासको कमी रहेको पाइयो ।

३. कार्यदक्षताको आवश्यक मूल्याङ्कन अनि मूल्याङ्कन पश्चात् पुरस्कार र दण्डको उचित व्यवस्था नहुँदा शैक्षिक सामग्री प्रयोगमा प्रभावकारिता आउन सकेको देखिएन ।

४. विद्यालयमा शिक्षक दरबन्दी कम भएका कारण शिक्षकहरूमा कार्यबोझ बढ्नाले शिक्षकहरू शैक्षिक सामग्रीको छनौट निर्माण र प्रयोगमा पछि परेको पाइयो ।

५. नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग नगर्ने शिक्षकहरूको सङ्ख्या वढी भएका कारण सामग्री प्रयोग गर्न इच्छुक शिक्षकहरूमा पनि क्रमशः सामग्री प्रयोग नगर्ने प्रवृति बढ्दै गएको पाइयो ।

६. स्थानीय स्तरमा स्थानीय स्रोतबाट प्राप्त हुने सामग्रीको प्रयोग शिक्षण कार्यमा उपयुक्त हुन्छ तर स्थानीय स्तरका सामग्रीप्रति शिक्षकहरूको ध्यान गएको पाइएन ।

७. समय-समयमा शैक्षिक सामग्रीको प्रदर्शन, निर्माण सम्बन्धी प्रतियोगिता तथा कार्यक्रम सञ्चालन गरिनु र त्यसमा नेपाली विषयलाई पनि प्राथमिकता क्रममा राखिनु जरुरी देखिन्छ तर यस्तो महत्वपूर्ण कार्यमा कसैको ध्यान पुगेको पाइएन ।

८. नेपाली भाषा शिक्षणमा व्याख्यान विधिको प्रयोग कम गरी सामग्री प्रयोगमा जोड दिएको पाइएन ।

९. शिक्षक निर्देशिका विद्यालयमा समयमै उपलब्ध गराइ त्यसको प्रयोगमा जोड दिन सम्बन्धित निकायले पहल गरेको पाइएन ।

१०. शिक्षकहरू तालिम प्राप्त स्थायी भएपनि तालिममा प्राप्त गरेको सैद्धान्तिक ज्ञान र व्यावहारिक सीपको प्रयोग कक्षा कोठामा गर्न उनीहरू पूर्ण रूपमा सफल नदेखिएको हुँदा अझै सामग्री सङ्कलन निर्माण र प्रयोग सम्बन्धमा उनीहरूलाई तालिमको व्यवस्था गरेको पाइएन ।

११. नेपाली भाषा शिक्षणप्रतिको दृष्टिकोण गलत रहेको र नेपाली भाषा शिक्षणलाई दोस्रो दर्जामा राख्ने प्रवृत्ति देखिएकाले शिक्षकहरूमा हीनताबोध उत्पन्न भएको पाइयो ।

१२. शिक्षणको शुरु, मध्य र अन्त्यमा शिक्षण सामग्री प्रयोग गरी शिक्षण गर्दा शिक्षण प्रभावकारी र रुचिपूर्ण हुन्छ तर त्यतातिर शिक्षकको ध्यान गएको पाइएन ।

१३. भाषा शिक्षणमा श्रव्यदृश्य सामग्री प्रयोग गरेर शिक्षण गर्दा उपयोगी हुन्छ तर यसतर्फ विद्यालयका प्रधानाध्यापक एवं भाषा शिक्षकहरूको ध्यान गएको पाइएन ।

१४. विद्यालयको भौतिक व्यवस्थापन पनि फितलो देखिन्छ, उपलब्ध शैक्षिक सामग्रीलाई व्यवस्थित राख्ने छुट्टै कक्षको व्यवस्था गरिएको पाइएन ।

१५. विद्यालयमा सम्बन्धित निकायका सुपरिवेक्षक वा निरीक्षकद्वारा निरन्तर रूपमा कक्षा अवलोकन गरी शिक्षण सामग्री प्रयोगमा आइपरेका समस्यामा छलफल गरी शिक्षकहरूलाई आवश्यक सल्लाह,सुझाव,ज्ञान,सीप प्रदान गरेको पाइएन ।

१६. भाषा शिक्षण निरस विषय भएकाले यसको शिक्षणमा प्रभावकारिता ल्याउन शैक्षिक सामग्रीको प्रयोग अपरिहार्य बन्न गएको छ यसतर्फ सम्बन्धित पक्षले ध्यान दिएको पाइएन ।

१७. विकट पहाडी क्षेत्रका विद्यालयमा शैक्षिक सामग्रीको नमूना पाउन समेत गाह्रो भएकाले प्रयोगमा अप्ठ्यारो परेको पाइयो ।

१८. धेरैजसो विद्यालयका शिक्षकहरूले पाठयोजना निर्माण गरी शिक्षण नगरिएकाले पाठयोजना विनाको शिक्षण दिशाविहीन बनेको पाइयो ।

१९. धेरैलामो समयसम्म शिक्षण कार्यमा संलग्न भएका शिक्षकहरू यत्तिका वर्ष यसरी नै पढाइयो अव पेन्सन हुने बेलामा किन दुःख गर्ने भन्ने सोचाइ भएका कारण शैक्षिक सामग्रीको प्रयोगमा कमी आएको पाइयो ।

२०. शैक्षिक सामग्रीको प्रदर्शनसँगै आफ्नो त्रुटिपनि प्रदर्शन हुने डरले कतिपय शिक्षकहरू शैक्षिक सामग्रीको प्रयोगमा अग्रसर भएको पाइएन ।

२१. आवश्यकता बाध्यता र शिक्षकको पहिचानको लागि भएपनि आधारभूत सामग्रीको प्रयोग शिक्षकहरूबाट भए पनि अन्य सामग्रीको सङ्कलन निर्माण र प्रयोगमा शिक्षकको खासै ध्यान जानसकेको पाइएन ।

२२. धेरैजसो विद्यालयका शिक्षकहरू माथिल्लो कक्षा वा तहको अध्ययनमा संलग्न भएको कारण शैक्षिक सामग्री निर्माण गरी शिक्षण गर्न समय अभावको कारण असमर्थ भएको पाइयो ।

२३. केही विद्यालयमा नि.मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरू १०+२ र क्याम्पसमा अध्यापन गर्ने भएकाले विद्यालयमा शैक्षिक सामग्री निर्माण गरी शिक्षण गर्न समय अभाव भएको पाइयो ।

## ४.२. सुझावहरू

शैक्षिक सामग्रीको प्रयोगले नेपाली भाषा शिक्षण रोचक, प्रभावकारी, मनोरञ्जनपूर्ण र उद्देश्यमूलक बन्दछ तर शैक्षिक सामग्रीको छनौट, निर्माण र प्रयोग आफैंमा चुनौतिपूर्ण पनि छ । शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरू निराकरण गर्दै भाषा शिक्षणलाई प्रभावकारी तुल्याउन केही महत्वपूर्ण सुझावहरू प्रस्तुत गरिएको छ :

१. शिक्षकहरूको कार्यबोझ घटाइ घटाएको बोझ शैक्षिक सामग्री सङ्कलन,निर्माण र प्रयोगमा लगाउन विद्यालयमा शिक्षक दरबन्दी सङ्ख्या वृद्धि गर्नु आवश्यक देखिन्छ ।

२. सरकारी निकाय, जि.शि.का., स्रोतकेन्द्र आदिले विद्यालयको निरीक्षण र अनुगमन कार्यलाई प्रभावकारी तुल्याउनुपर्छ यसको लागि मापदण्डको रूपमा शैक्षिक सामग्रीलाई अघि सार्नुपर्दछ ।

३. शिक्षक निर्देशिका विना शिक्षणको दिशा निर्देश नहुने भएकाले शैक्षिक सत्रको प्रारम्भमा नै शिक्षकहरूलाई निर्देशिका उपलब्ध गराउनु पर्दछ ।

४. परम्परागत ढङ्गबाट तयार भएका कक्षाकोठा तथा भौतिक व्यवस्थाको संरचनामा परिवर्तन ल्याई शैक्षिक सामग्री प्रयोगका लागि अनुकुल वातावरण तुल्याउनु पर्दछ ।

५. पाठ्यक्रम र पाठ्यपुस्तकलाई समयानुसार परिवर्तन गरी शैक्षिक सामग्री अधिक प्रयोग गर्न सकिने तुल्याउनुपर्दछ ।

६. शिक्षक/शिक्षिकाले भाषा शिक्षणमा भाषिक सीप विकासलाई ध्यान दिएको छ वा छैन त्यसको अनुगमन र मूल्याङ्कन हुन जरुरी छ ।

७. शिक्षण पेशामा प्रवेश गर्न चाहनेहरूलाई अध्ययन अनुमति पत्र वितरण गर्दा अनिवार्य रूपमा प्रयोगात्मक परीक्षा लिने र यसको मापदण्ड शैक्षिक सामग्रीको प्रयोगलाई बनाउने व्यवस्था शिक्षक सेवा आयोगले गर्नुपर्दछ ।

८. विद्यालयमा कार्यरत शिक्षकहरूलाई विषयगत रूपमा शैक्षिक सामग्रीको छनोट, निर्माण र प्रयोग सम्वन्धमा सेवाकालीन तालिमको व्यवस्था सम्बन्धित निकायबाट गरिनुपर्दछ ।

९. पैसा,चाकरी,नाताबाद,धम्कीका आधारमा शिक्षण पेशामा प्रवेश गर्ने प्रवृत्तिको तुरुन्त अन्त्य गरिनुपर्दछ ।

१०. उत्प्रेरक,सवलीकरण र पृष्ठपोषणको व्यवस्था शिक्षकहरूमा पनि गरिनु आवश्यक देखिन्छ ।

११. शैक्षिक सामग्रीको निर्माणमा बढी भन्दा बढी स्थानीय स्रोतलाई प्राथमिकता दिँदै सकेसम्म आफै आत्मनिर्भर बनी अरुको आशामा बाँच्नु हुँदैन ।

१२. भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोग गर्न शिक्षासँग सम्बन्धित माथिल्ला निकायबाट कडा निर्देशन दिइने व्यवस्था हुनुपर्दछ ।

१३. भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपभोग अनिवार्य हुने भएकाले सरकारले शैक्षिक सामग्री निर्माण र खरिद गर्न छुट्टै बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१४. शैक्षिक सामग्री पाठको शुरुमा उत्सुकता जगाउन, मध्यमा व्याख्या गर्न र अन्त्यमा पठित कुराको पुनरावृत्ति गराउन प्रयोग गर्नुपर्ने कुरा शिक्षकलाई जानकारी हुनुपर्दछ ।

१५. निजी विद्यालयहरूले पनि नेपाली विषयलाई अरु विषय जत्तिकै महत्व दिई शैक्षिक सामग्री निर्माण, खरिद र प्रयोगमा ध्यान दिनुपर्ने देखिन्छ ।

१६. शिक्षणलाई सिलसिलाबद्ध एवं उद्देश्यमूलक रूपबाट अघि बढाउन अनिवार्यरूपमा पाठयोजना निर्माण गरी शिक्षण गर्नुपर्ने देखिन्छ ।

१७. नेपाली विषयलाई हेलाको दृष्टिकोणले हेर्ने र अन्य विषय पढेको शिक्षकले पनि नेपाली त पढाउन सक्छ भन्ने परिपाटीको अन्त्य गर्दै नेपाली विषयमा विशिष्टिकरण गरेका विषय शिक्षकद्वारा पढाउनुपर्ने परिपाटीलाई कडाइका साथ लागू गरिनु पर्दछ ।

## ४.३. प्रस्तुत शोध पत्रको शैक्षिक प्रयोजन

यो शोध अध्ययन शैक्षिक सामग्री प्रयोग सम्बन्धी गरिएको अध्ययन विश्लेषण हो । शैक्षिक प्रयोजनका दृष्टिले हेर्ने हो भने विभिन्न संघसंस्था शिक्षासँग सरोकार राख्ने व्यक्तिहरूलाई शैक्षिक सामग्रीसम्बन्धी थप खोज अध्ययन अध्यापन अनुसन्धान गर्न यस शोध कार्यले केही हदसम्म सहयोग पुऱ्याउने देखिन्छ, शिक्षा शिक्षण सम्बन्धी विभिन्न संघसंस्थाद्वारा विभिन्न समयमा लिइएका तालिम गोष्ठी सेमिनारको प्रभावकारिताको मूल्याङ्कन गर्न पनि यस शोध कार्यले सहयोग पुऱ्याउने निश्चित छ । जिल्ला शिक्षा कार्यालयमा कार्यरत विद्यालय निरीक्षक, स्रोतव्यक्ति आदिले समय-समयमा निरीक्षणमा जाने नगरेको र त्यसले गर्दा विद्यालयको शिक्षण सिकाइ व्याख्यान विधिबाट र सीमित शैक्षिक सामग्रीको प्रयोग भएको वास्तविकता

जानकारी गराउन सहयोग पुग्ने देखिन्छ ।  शिक्षणका लागि शैक्षिक सामग्रीको आवश्यकता र यसको प्रयोगको वास्तविक समस्या पहिचान गरी विभिन्न तालिम आवश्यक ज्ञान, सीप, सल्लाह र सुझाव दिन यो शोध कार्यले ठूलो भूमिका खेल्ने देखिन्छ । यसका साथै सम्बन्धित विद्यालयका शिक्षकहरूलाई पनि यसले आफ्नो जिल्लाको शैक्षिक सामग्री प्रयोगको अवस्था कस्तो छ सो कुरा पत्ता लगाई स्वयं शिक्षकहरूको पहलमा स्थानीय स्तरमा विभिन्न शैक्षिक सामग्रीको सङ्कलन, निर्माण र प्रयोग गर्न यस शोध कार्यले हौसला प्रदान गर्दछ । यस जिल्लामा शिक्षाको विकासको लागि चासो राख्ने शिक्षासँग सम्वन्धित निकाय गैरसरकारी संस्था, बुद्धिजीवी, नागरिक समाजका लागि यो एउटा पृष्ठपोषणका रूपमा रहने देखिन्छ ।

त्यसैगरी आजको एक्काइसौं शताब्दी र ज्ञान विज्ञानको युगमा अल्पविकसित मुलुकमा विद्यालयको कक्षा शिक्षणको अवस्था के छ भन्ने कुरा सामान्य रूपमा भएपनि यसले यथार्थ चित्रण प्रस्तुत गर्दै हाम्रा विद्यालयहरूमा शिक्षणको मुख्य सामग्री पाठ्यपुस्तक चक, डस्टर भएको तीतो यथार्थ प्रस्तुत गर्दछ ।

१. नेपाली भाषा शिक्षण मात्र नभएर समग्र भाषा शिक्षण तथा शैक्षिक क्रियाकलाप सञ्चालनमा शैक्षिक सामग्रीको प्रभावकारिता, उपादेयता, सीमितताका बारेमा आवश्यक जानकारी हासिल गर्न सहयोग प्राप्त हुनेछ,

२. शैक्षिक सामग्री सङ्कलन, निर्माण र प्रयोगमा सम्भव भएसम्म स्थानीय स्तरमा प्राप्त हुने स्रोत र साधनको परिचालन गर्नुपर्छ भन्ने भावनाको विकास गराउन मद्दत मिल्नेछ ।

३. आगामी दिनमा शैक्षिक सामग्रीको अध्ययन, खोज, अनुसन्धान गर्न चाहने शोधार्थीहरूलाई थप अध्ययन अनुसन्धान गर्न यस अध्ययनले सहयोग पुऱ्याउने छ ।

४. भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोग बारे शिक्षकलाई विषय विशेषज्ञबाट तालिम एवम् प्रशिक्षण प्रदान गर्न सम्बन्धित निकायलाई समयमै आवश्यक व्यवस्था मिलाउने सुझाव प्राप्त हुनेछ ।

५. भाषा शिक्षक र विद्यालय प्रशासनलाई शैक्षिक सामग्रीको महत्व र यसको संरक्षण एवम् प्रयोग गर्नुपर्छ भन्ने भावनाको विकास हुनेछ ।

६. प्रस्तुत शोधको अध्ययनबाट नेपाली भाषा शिक्षण गर्ने शिक्षकलाई कुन विधा वा क्षेत्र शिक्षणमा कस्तो शैक्षिक सामग्री छनोट, सङ्कलन, निर्माण र प्रयोग गर्ने भन्ने विषयमा जानकारी प्राप्त हुनेछ ।

७. सम्बन्धित क्षेत्र वा जिल्लाका शिक्षकहरूलाई आफ्नो जिल्लाको शैक्षिक सामग्री प्रयोगको अवस्था पत्ता लगाउन सहयोग पुग्नेछ ।

८. शिक्षण सिकाइमा शैक्षिक सामग्रीको महत्व माथिल्लो निकायलाई बुझ्न सहयोग मिल्नेछ ।

९. पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका निर्माण गर्ने क्रममा शैक्षिक सामग्री निर्माण एवम् खरिद गर्न आवश्यक बजेटको व्यवस्था मिलाउन सहयोग पुग्नेछ ।

१०. प्रस्तुत शोधको अध्ययनबाट तालिम अप्राप्त शिक्षक र शिक्षण अध्यासमा संलग्न शिक्षकहरूलाई शैक्षिक सामग्री र यसको उपयोगको बारेमा आवश्यक ज्ञान र सीपको विकास हुनेछ ।

११. नेपालको पहाडी क्षेत्रमा विद्यालयहरूमा शैक्षिक सामग्री प्रयोगको स्थितिबारे जानकारी नेपाली नागरिक र विदेशी व्यक्ति तथा संस्थालाई सहयोग पुग्नेछ ।

**४.४ भावी अनुसन्धानका लागि सम्भाव्य शोध शीर्षकहरू**

(क) माध्यमिक तहमा नेपाली भाषा शिक्षणका लागि शैक्षिक सामग्रीको प्रयोग स्थिति एक अध्ययन,

(ख) निजी/संस्थागत विद्यालयमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोगको स्थितिः एक अध्ययन,

(ग) पूर्वप्राथमिक तहमा सामुदायिक र संस्थागत विद्यालयमा नेपाली शिक्षणमा शैक्षिक सामग्री प्रयोगको तुलनात्मक अध्ययन,

(घ) प्राथमिक तहमा नेपाली भाषा शिक्षण गर्न शैक्षिक सामग्री प्रयोग एक अध्ययन,

(ङ) नेपाली व्याकरण शिक्षणमा शैक्षिक सामग्री प्रयोगः एक अध्ययन ।

## सन्दर्भ सामग्री सूची

**(क) पुस्तकहरु**


अधिकारी, हेमाङ्गराज (२०६३), **नेपाली भाषा शिक्षण**, काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार ।

.......................... (२०५५), **नेपाली भाषा शिक्षण प्राथमिक शिक्षक तालिम, शिक्षक स्वाध्यायन सामग्री,** भक्तपुर: सानोठिमी ।

.......................... र केदारप्रसाद शर्मा (२०५५), **प्रारम्भिक नेपाली शिक्षण**, काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, माधवप्रसाद र रामप्रसाद गौतम (२०६५), **नेपाली भाषा र साहित्य शिक्षण**, कीर्तिपुर: दीक्षान्त प्रकाशन ।

ढकाल, शान्तिप्रसाद (२०६०), **नेपाली भाषा शिक्षण परिचय र प्रयोग**, काठमाडौँ: शुभकामना प्रकाशन ।

दहाल, दुर्गाप्रसाद तथा भोजराज ढुङ्गेल (२०६८), **नेपाली भाषा शिक्षण**, काठमाडौँ: एम्.के पब्लिसर्स एन्ड डिष्ट्रिब्युटर्स ।

पोखरेल, बालकृष्ण (२०४०), **वृहत नेपाली शब्दकोश,** काठमाडौँ: ने.रा.प्र.प्र. ।

पौडेल, नेत्रप्रसाद (२०६६), **नेपाली भाषा शिक्षण**, काठमाडौँ: पैरवी प्रकाशन ।

पौडेल, लेखनाथ (२०६०), **शिक्षण पद्धति (तृ.सं.)**, काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन, काठमाडौँ: रत्नपुस्तक भण्डार ।**

भट्टराई, रामप्रसाद (२०६८), **भाषिक अनुसन्धान विधि (द्वितीय संस्करण)**, कीर्तिपुर: न्यु हिराबुक्स इन्टरप्राइजेज ।

भण्डारी, पारसमणि (२०६३), **स्नातकोत्तर नेपाली शोध विवरण, कीर्तिपुर:** न्यु हिराबुक्स इन्टरप्राइजेज ।

लम्साल, रामचन्द्र, वासुदेव गौतम र गणेशराज अधिकारी (२०६६), **नेपाली भाषा शिक्षण**, काठमाडौँ: भुँडीपुराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०६७), **नेपाली भाषा शिक्षण परिचय,** काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारनाथ र माधवप्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण**, कीर्तिपुर: न्यु हिराबुक्स इन्टरप्राइजेज ।


(ख) शोधपत्रहरु :

कोइराला, नारायणदत्त (२०६८), **सिन्धुली जिल्लामा कक्षा आठमा व्याकरण शिक्षण गर्दा अपनाइने कार्यकलापको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) सिन्धुली: सिन्धुली बहुमुखी क्याम्पस ।

खतिवडा, राधारमण (२०६१), **नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोगसम्बन्धी एक अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुरः त्रि.वि.वि. ।

खनाल, तोयानाथ (२०५५), **कक्षा पाँचमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरेका विधिको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) ताहाचलः महेन्द्ररत्न क्याम्पस ।

खत्री, यज्ञबहादुर (२०६४), **दोलखा जिल्लामा कक्षा आठमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुरः त्रि.वि.वि. ।

भट्टराई, ज्ञानप्रसाद (२०५६), **कक्षा १ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग भएका शैक्षिक सामग्रीहरुः एक सर्वेक्षण,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुरः त्रि.वि.वि. ।

भुषल, निमानन्द (२०५९), **अर्घाखाँची जिल्लाका मा.वि. तहमा नेपाली शिक्षणमा शैक्षिक सामग्री प्रयोगको वर्तमान स्थिति,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुरः त्रि.वि.वि. ।

राई, दिलभक्त (२०६७), **खोटाङ जिल्लाका प्रा.वि. तहमा नेपाली शिक्षणका सन्दर्भमा शैक्षिक सामग्री उपयोगको वर्तमान स्थितिः एक अध्ययन, (अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुरः त्रि.वि.वि. ।**

घिमिरे, महेश्वर (२०६७), **गुल्मी जिल्लास्थित नि.मा.वि. तहको नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोग वर्तमान स्थिति,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) तानसेनः तानसेन बहुमुखी क्याम्पस ।

राना, मानबहादुर (२०६०), **जाजरकोटका विदालयहरुमा कक्षा १ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुरः त्रि.वि.वि. ।

रेग्मी, नरेन्द्रप्रसाद (२०५४), शैक्षिक सामग्रीको प्रयोग एक अध्ययन, (अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुरः त्रि.वि.वि. ।

घिमिरे, विष्णु (२०५४), **कक्षा १, २ र ३ का नेपाली भाषा पाठ्यपुस्तकमा राखिएका चित्रहरुको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुरः त्रि.वि.वि. ।

श्रेष्ठ, लक्ष्मीमाया (२०६४), **गोरखा जिल्ला प्रा.वि. तहमा नेपाली शिक्षणमा शैक्षिक सामग्री उपयोगको स्थितिः एक अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुरः त्रि.वि.वि. ।

पोखरेल, उर्मिला (२०६६), **सर्लाही जिल्लाका विद्यालयहरुमा कक्षा एकमा नेपाली भाषा शिक्षणमा प्रयुक्त शैक्षिक सामग्रीको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुरः त्रि.वि.वि. ।

चन्द, ललितप्रकाश (२०६७), **बाँके जिल्लाका विद्यालयहरुमा कक्षा नौमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको उपयोगिताको अध्ययन,** ( अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुरः त्रि.वि.वि. ।

सापकोटा, सूर्यप्रसाद (२०६७), **झापा जिल्लाका निम्न माध्यमिक तह (कक्षा ६-८) मा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुरः त्रि.वि.वि. ।

पौडेल, गोविन्दप्रसाद (२०६८), **माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीहरुको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुरः त्रि.वि.वि. ।

बराल, हिरण्यप्रसाद (२०६८), **सर्लाही जिल्लाका कक्षा छमा भाषा शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुरः त्रि.वि.वि.।

नेपाल, चतुर्भुज (२०६८), **तानसेन नगरपालिका भित्रका संस्थागत माध्यमिक विद्यालयमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगको वर्तमान अवस्था,** ( अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुरः त्रि.वि.वि.।

निरौला, कृष्णप्रसाद (२०६९), **शैक्षिक सामग्री प्रयोगमा वृद्धि, लघु अनुसन्धान प्रतिवेदन**, सिन्धुलीः जिल्ला शिक्षा कार्यालय ।

## परिशिष्ट क

शिक्षकका लागि तयार गरिएको प्रश्नावलीको नमुना

शिक्षकको नामः शैक्षिक योग्यताः

विद्यालयको नामः अनुभव वर्षः

तालिमः प्राप्त/अप्राप्त दरबन्दीको किसिमः

१. नि.मा.वि. तह (कक्षा ६-८) मा नेपाली भाषा शिक्षण गर्दा तपाई दैनिक कुन कुन शैक्षिक सामग्री प्रयोग गर्नुहुन्छ ?

उत्तरः

..........................................................................................................

२. तपाई दैनिक प्रयोगका सामग्रीका अतिरिक्त कुनकुन सामग्री प्रयोग गर्नुहुन्छ?

उत्तरः

..........................................................................................................

३. तपाई कविता शिक्षणका लागि कुनकुन सामग्री प्रयोग गर्नुहुन्छ?

उत्तरः

..........................................................................................................

..........................................................................................................

.....

४. कथा शिक्षणमा तपाई कुनकुन सामग्री प्रयोग गर्नुहुन्छ?

उत्तरः

..........................................................................................................

..........................................................................................................

.....

५. प्रबन्ध/निबन्ध शिक्षणका लागि तपाई कुनकुन सामग्री प्रयोग गर्नुहुन्छ?

उत्तरः

..........................................................................................................

.........................................................................................................

.....

६. जीवनी शिक्षणका लागि तपाई कुनकुन सामग्री प्रयोग गर्नुहुनछ?

उत्तरः

...............................................................................................................

.........................................................................................................

.....

७. निवेदन/चिठी शिक्षणका लागि कुनकुन सामग्री प्रयोग गर्नुहुन्छ?

उत्तरः

...............................................................................................................

.........................................................................................................

.....

८. वादविवाद शिक्षणका लागि तपाई कुनकुन सामग्री प्रयोग गर्नुहुन्छ?

उत्तरः

...............................................................................................................

.........................................................................................................

.....

९. एकाङ्की शिक्षणका लागि तपाई कुनकुन सामग्री प्रयोग गर्नुहुन्छ?

उत्तरः

...............................................................................................................

.........................................................................................................

.....

१०. व्याकरण शिक्षणका लागि तपाई कुनकुन सामग्रीहरुको प्रयोग गर्नुहुन्छ?

उत्तरः

..........................................................................................................

..........................................................................................................
.....

११. तपाईको विद्यालयमा के-कस्ता शैक्षिक सामग्रीहरु उपलब्ध छन्? के-के?

उत्तरः

..........................................................................................................

..........................................................................................................
.....

१२. शैक्षिक सामग्रीप्रति तपाईको धारणा के छ?

उत्तरः

..........................................................................................................

..........................................................................................................
.....

१३. शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्या समाधानका लागि के-कस्ता कार्य गर्नुपर्ला?

उत्तरः

..........................................................................................................

..........................................................................................................
.....

परिशिष्ट (ख)

शैक्षिक सामग्री उपयोग सम्बन्धमा छनोटमा परेका विद्यालयका प्रधानाध्यापकका लागि तयार पारिएका अन्तर्वार्ता फारम

विद्यालयको नामः मितिः

प्रधानाध्यापकको नामः तालिमः प्राप्त/अप्राप्त

शैक्षिक योग्यताः अनुभव वर्षः

(क) उपयुक्त जवाफमा ठीक ☑ चिह्न लगाउनुहोस् ।

१. नेपाली भाषा शिक्षण गर्ने शिक्षकले पाठयोजना बनाएर शिक्षण गर्नुहुन्छ?

(क) गर्नुहुन्छ (ख) गर्नुहुन्न (ग) कहिलेकाँही गर्नुहुन्छ

२. नेपाली भाषा शिक्षण गर्दा दैनिक प्रयोगबाहेकका अन्य शैक्षिक सामग्री उपयोग हुने गरेको छ?

(क) छ (ख) छैन (ग) कहिलेकाँही हुने गरेको छ

३. शैक्षिक सामग्रीको प्रयोग गर्दा कसरी गर्ने गरिएको छ?

(क) आफैं निर्माण गरेर (ख) विद्यार्थीलाई बनाउन लगाएर

(ग) बजारमा खरिद गरेर (घ) कालोपाटीमा लेखेर

४. विद्यालयमा नेपाली भाषा शिक्षण गर्दा उपयोगमा ल्याउन सकिने शैक्षिक सामग्रीको अवस्था कस्तो छ?

(क) सामान्य (ख) ठीकै (ग) राम्रो (घ) छँदैछैन

५. विद्यालयमा शैक्षिका सामग्रीको व्यवस्था गर्दा रकम कहाँबाट उपलबध गराउनु हुन्छ?

(क) विद्यालयको स्रोतबाट (ख) स्थानीय निकायबाट

(ग) चन्दाबाट (घ) जि.शि.का.बाट

६. विद्यालयमा डेस्कबेन्चको अवस्था कस्तो छ?

(क) पर्याप्त (ख) अपर्याप्त (ग) सन्तोषजक

आफ्नो अभिमत व्यक्त गर्नुहोस् ।

७. विद्यालयमा पक्की भवन, अर्धपक्की भवन र कच्ची भवन कतिकति ओटा छन्?

उत्तरः

..........................................................................................................

८. विद्यालयमा पक्की कोठा, अर्धपक्की कोठा र कच्ची कोठा कतिकति ओटा छन्?

उत्तरः

..........................................................................................................

९. नेपाली भाषा शिक्षण गर्दा उपयोगमा ल्याउन सकिने कुनकुन शैक्षिक सामग्री विद्यालयमा उपलब्ध छन्?

(क) .............................. (ख) ..............................

(ग) .............................. (घ) ..............................

(ङ) .............................. (च) ..............................

१०. शैक्षिक सामग्री उपयोग गर्दा केकस्ता फाइदा भएको पाउनु भएको छ?

(क) .............................. (ख) ..............................

(ग) .............................. (घ) ..............................

(ङ) .............................. (च) ..............................

११. विद्यालयमा आवश्यक पर्ने शैक्षिक सामग्री खरिद गर्नु हुन्छ कि शिक्षकलाई बनाउन लगाउनु हुन्छ?

उत्तरः

..........................................................................................................

१२. शैक्षिक सामग्री उपयोगमा के-कस्ता समस्या रहेको पाउनु भएको छ?

(क)

..........................................................................................................
...

(ख)

..........................................................................................................
...

(ग)

.....................................................................................................

...

१३. शैक्षिक सामग्री उपयोगमा देखिएका समस्याहरुको समाधानका उपायहरु के के हुन सक्छन्?

(क)

.....................................................................................................

...

(ख)

.....................................................................................................

...

(ग)

.....................................................................................................

...

१४. शैक्षिक सामग्री उपयोगका सम्बन्धमा तपाईको धारणा के छ?

उत्तर:

.....................................................................................................

१५. शैक्षिक सामग्री उपयोग सम्बन्धमा तपाई के सुझाव दिन चाहनु हुन्छ ?

(क) .........................................................................................

(ख) .........................................................................................

(ग) .........................................................................................

१६. विद्यालयमा विद्युतीय शैक्षिक सामग्री कुन कुन उपलब्ध छन् ?

(क) .............................. (ख) .............................. (ग) .........................

सहयोगको लागि धन्यवाद ।

## परिशिष्ट (ग)

## कक्षा अवलोकन फारमको नमुना

शिक्षकको नाम: मिति:

विद्यालयको नाम: शैक्षिक योग्यता:

दरबन्दीको किसिम: उपस्थित विद्यार्थी सङ्ख्या:

पाठ: कक्षा:

पाठ्यवस्तु:

| ृ.सं. | विवरण | ति उत्तम | त्तम | ध्यम | नम्न | |
|---|---|---|---|---|---|---|
| . | शिक्षकको व्यक्तित्व | | | | | |
| . | पाठ योजनाको तयारी | | | | | |
| . | पूर्वपाठसँग सम्बन्ध | | | | | |
| . | भाषिक शुद्धता | | | | | |
| . | पाठ प्रति रुचि जागरण | | | | | |
| . | विषयवस्तुको ज्ञान | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| . | विषयवस्तुको प्रस्तुति | | | | | |
| . | शैक्षिक सामग्रीको प्रयोग | | | | | |
| . | क्रमबद्धता | | | | | |
| ०. | उदाहरण | | | | | |
| १. | सामग्री निर्माण | | | | | |
| २. | कालोपाटीको प्रयोग | | | | | |
| ३. | सामग्रीको स्तर | | | | | |
| ४. | शिक्षण विधि | | | | | |
| ५. | मूल्याङ्कन | | | | | |
| ६. | शैक्षिक सामग्रीको नाम | | | | | |

अवलोकनकर्ताको हस्ताक्षरः प्रधानाध्यापकको हस्ताक्षर

परिशिष्ट (घ)

## कक्षा अवलोकन विवरण

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विद्यालयको नाम | | काशोदय मा.वि. खुरहरी | ा.वि. महभीर | म ा.वि. तोश्राम खोला | न.मा.िव. जोगीडाँडा | भ ीमसेन नि.मा.िव. तिल्पुङ डाँडा |
| शिक्षकको नाम | | वमला अधिकारी | मार लामिछाने मगर | म ाधवप्रसाद काफ्ले | ीता ान्यौपाने | यु गला काफ्ले |
| | वधा/ क्षेत्र | ाठ र कक्षा | ाठ र कक्षा | प ाठ र कक्षा | ाठ र कक्षा | प ाठ र कक्षा |
| | विता | कसान | न्डाको गीत | भ न्डाको गीत | न्डाको गीत | भ न्डाको गीत |
| | था | नु | ले र साने | डु हुरे मुसो र सेता बिरालो | प मन्युको परीक्षा | व ाल्मीकि |
| | बन्ध | र्यटनको | ामाजिक | प ीपल | न्तरि | अ न्तरिक्ष यान |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | महत्व | मेलमिलाप | | क्षयान | व |
| | ीवनी | लोरेन्स नाईटङ्गेल | ेपाल प्रसाद रिमाल | प लोरेन्स नाइटिङ्गेल व | ाि हत य कार भवानी भिक्षु | म हाकवि कालिदास व |
| | चठी/ निवेदन | पतासँग पुत्रको आग्रह | पतासँग पुत्रको आग्रह | ह ात्रवृत्तिका लागि निवेदन व | धानाध्यापकलाई निवेदन | ि पतासँग पुत्रको आग्रह ६ |
| | काङ्की | ामी एउटै हौं | ामी एउटै हौं | | ामी एउटै हौं | ह ामी एउटै हौं व |
| | ादविवाद | | | स हरीया जीवनभन्दा | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | गाउँले जीवन सुखी ६ | | |
| | याकरण | र्णविन्यास | दसङ्गति | स र्वनाम ५ | विष्यत्काल | भ विष्यत्कालका क्रियापद ६ |

कक्षा अवलोकन विवरण

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विद्या<br>लयको नाम | श्री<br>बैङ्कटेश्वर<br>उ.मा.वि.ब<br>ाहुनतिल्पुङ | नप्रेमी<br>उ.मा<br>.वि.<br>स्याङ्<br>ती | .मा.ि<br>व.<br>लाम्प<br>नबत<br>ासे | ा.वि.<br>बार्डि<br>रङफे<br>दी | .मा.ि<br>व.<br>मझु<br>वादो<br>भान |
| | शिक्ष<br>कको नाम | दुग<br>ाप्रसाद<br>अधिकारी | ष्णप्र<br>साद<br>काफ्ले | जतब<br>हादुर<br>कार्की | डार्मा<br>ण<br>बास्त<br>ोला | र्णबह<br>ादुर<br>आले |
| | वधा/<br>क्षेत्र | पा<br>ठ र कक्षा | ाठ र<br>कक्षा | ाठ र<br>कक्षा | ाठ र<br>कक्षा | ाठ र<br>कक्षा |
| | विता | राष<br>ट्रको<br>अखण्डता<br>६ | न्डा<br>को<br>गीत | श्नो<br>त्तर | पाल<br>आमा<br>प्रति | कसा<br>न |
| | था | ठू<br>ले र साने<br>७ | रानी<br>को<br>डोरी | सीको<br>तौल | ले र<br>साने | पमन<br>युको<br>परीक्ष<br>ा |
| | बन्ध | पी<br>पल<br>७ | न्तरिक्ष<br>ायान | नकपु<br>रधाम | षि<br>मल | र्यटन<br>को<br>महत<br>व |
| | ीवनी | म<br>हामानव<br>गौतमबुद्ध<br>६ | ाटक<br>कार<br>बाल<br>कृष्ण<br>सम | ोपाल<br>प्रसाद<br>रिमा<br>ल | याड<br>म<br>क्युरी | ाटक<br>कार<br>बाल<br>कृष्ण<br>सम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | चठी/ निवेदन | साथीको चिठी ७ | ात्रवृत्तका लागि निवेदन | पतासँग पुत्रको आग्रह | ात्रवृत्तका लागि निवेदन | पतासँग पुत्रको आग्रह |
| | काङ्की | हामी एउटै हौं ८ | ामी एउटै हौं | ामी एउटै हौं | ामी एउटै हौं | ामी एउटै हौं |
| | ादविवाद | | | | | |
| | याकरण | शब्दार्थ शिक्षण ८ | र्ण वर्तमानकाल | दसङ्गति | दसङ्गति | दसङ्गति |